सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ पुस २०८२, शनिबार (27 Dec 2025, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्नयाँ

राजनीतिमा कलाकार



निर्वाचन नजिकिँदै गर्दा कलाकारहरू राजनीतिमा सक्रिय हुनुलाई कतिले उचित ठानेका छन्, कतिले शक्तिप्रतिको मोह

● पवन बराइली

पर्यावरणीय चिन्तनका कविता थोरै लेखिएका छन्



पर्यावरण संवाद

● डा. गीता त्रिपाठी, लेखक

बंगलादेशमा बल्झिएको हिंसा र भारतको अपेक्षा



युरोपसम्म नेपाली कफीको सुगन्ध



कोशीका १४ मध्ये १२ जिल्लामा उत्पादन भएको कफी युरोपसम्म निर्यात हुँदा किसानको आम्दानीमा पनि उल्लेख्य सुधार

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

समानुपातिक बन्दसूची तयार गर्दै दलहरू

निर्वाचन आयोगमा बन्दसूची बुझाउन तीन दिन बाँकी रहँदा दलहरू उम्मेदवार छनोटको गृहकार्यमा, अहिले प्रारम्भिक सूची बुझाएर प्रक्रिया पूरा गर्ने र अन्तिम सूची प्रकाशनअघि क्रमसंख्या मिलाउने योजनामा अधिकांश दल

■ १३ र १४ पुसमा बुझाउनुपर्नेछ बन्दसूची

आयोगले २० पुससम्म छानबिन गरी आवश्यकताअनुसार दलहरूलाई सूचित गर्नेछ। २१-२७ पुससम्म बन्दसूची संशोधन गरी पेस गर्न सकिने व्यवस्था छ। ४ माघमा उम्मेदवारहरूको बन्दसूची नामावली प्रकाशन हुनेछ भने ५-१९ माघसम्म दाबी-विरोध र जाँचबुझ गरी निर्णय गरिने आयोगको कार्यतालिका छ। २० माघमा उम्मेदवारहरूको अन्तिम बन्दसूची प्रकाशन गरिनेछ।

शुरोजंग पाण्डे, प्रेम गौतम, कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगको कार्यतालिकाअनुसार प्रतिनिधिसभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फको बन्दसूची बुझाउने समयसीमा नजिकिएपछि दलहरू उम्मेदवार छनोट प्रक्रियामा सक्रिय भएका छन्। बन्दसूची पेस गर्न दुई दिन बाँकी रहँदा दलहरूले उम्मेदवार छनोट प्रक्रिया तीव्र बनाएका हुन्। आयोगको कार्यतालिकाअनुसार १३ र १४ पुसमा समानुपातिकतर्फको पहिलो चरणको बन्दसूची पेस गर्नुपर्नेछ। प्रतिनिधिसभामा समानुपातिकतर्फ कुल ११० सिट छन्।

प्रतिनिधिसभा पुनर्स्थापनाका लागि संस्थागत निर्णय गर्दै सर्वोच्च अदालत पुगेको एमाले तथा यही मुद्दामा पार्टीका बहुमत सांसदको हस्ताक्षरसहित अदालत पुगेको कांग्रेस पनि २१ फागुनको निर्वाचनका लागि समानुपातिक उम्मेदवार छनोटमा जुटेका छन्। अधिकांश दलहरूले अघिल्ला निर्वाचनका अभ्यास र मापदण्डलाई आधार

» पृष्ठ २ मा क्रमशः

कुन दलको कस्तो तयारी ?

उम्मेदवार बन्न चाहनेहरूको नाम क्षेत्र, जिल्ला र प्रदेश हुँदै केन्द्रीय कार्यालयमा आइसकेको छ। अब केन्द्रीय कार्यसम्पादन समिति वा संसदीय बोर्ड बनाएर बन्दसूची तयार गरिनेछ।

प्रत्येक निर्वाचन क्षेत्रबाट एक महिलासहित प्राथमिकता क्रम तोकेर तीनजनाको नाम प्रदेश हुँदै केन्द्रमा सिफारिस गर्न भनेको छ। अध्यक्ष र महासचिवले उम्मेदवारको प्रारम्भिक खाका बनाउँदै छन्।

तल्ला कमिटीबाट नाम आइसकेको छ। निर्वाचन क्षेत्रबाट कम्तीमा दुई महिलासहित चारजनाको नाम सिफारिस गरिएको छ। तलबाट साबिकका माओवादी र समाजवादीबाट छुट्टाछुट्टै सूची आएका छन्।

४ पुसदेखि आन्तरिक प्रतिस्पर्धाबाट समानुपातिकतर्फका उम्मेदवारहरू छनोट गरिरहेको छ। आवेदन दिएका ३२५ जनालाई प्रदेशमा आन्तरिक प्रतिस्पर्धाबाट छनोट गर्न लागिएको हो। अन्तिम सूची केन्द्रले तयार गर्दै छ।

प्रत्येक जिल्लाबाट कम्तीमा तीन महिला र तीन पुरुषको नाम सिफारिस गरिएको छ। अब केन्द्रीय संसदीय बोर्डले बन्दसूचीमा सुरुमा राख्ने नामबारे निर्णय गर्ने जसपा नेपाललले जनाएको छ।

वैकल्पिक शक्तिहरू मिल्ने छलफल भइरहेकाले बालेन शाहआबद्ध देश विकास पार्टी र कुलमान घिसिङको अग्रसरतामा खुलेको उज्यालो नेपाल पार्टीले उम्मेदवार छनोटलाई तत्काल प्राथमिकतामा राखेका छैनन्। यद्यपि, वैकल्पिक तयारीका रूपमा समाजका प्रतिष्ठित समाजसेवी, विज्ञ र अनुभवी व्यक्तिहरूको सूची भने तयार गरिरहेको छ। त्यस्तै, उज्यालोले पनि आन्तरिक गृहकार्य अघि बढाएको छ।

हर्क साम्पाङ अध्यक्ष रहेको श्रम संस्कृति पार्टीले सातै प्रदेशको प्रतिनिधित्व हुने गरी ११० उम्मेदवारको बन्दसूची तयार पारिसकेको छ। मापदण्ड बनाएर सूची पूर्ण रूपमा टुंग्याइएको सो पार्टीले जनाएको छ।

■ बन्दसूची बुझाउने समयावधि हेरफेर नहुने



निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तोकिएको समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउने समयावधि हेरफेर नहुने स्पष्ट पारेको छ। कांग्रेसलगायत दलहरूले बन्दसूची बुझाउने समय तीन-चार दिन सार्न सरकार र आयोगसँग आग्रह गरिरहेका बेला आयोगले समय सार्दा निर्वाचन नै प्रभावित हुन सक्ने बताएको छ।

आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले १३ र १४ पुसमा तोकिएको बन्दसूची बुझाउने कार्यतालिका यथावत् रहने बताए। 'बन्दसूचीको समय परिवर्तन वा संशोधन गर्ने भने फागुन २१ को निर्वाचन नै प्रभावित हुन सक्छ। त्यसैले आयोग कुनै पनि निर्वाचन कार्यक्रम संशोधन गर्ने पक्षमा छैन,' उनले भने।

प्रधानमन्त्री कार्की आज देउवा, ओली र प्रचण्डसँग छलफल गर्दै



नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले शनिबार प्रमुख तीन दलका शीर्ष नेताहरूसँग चुनावी तयारी, सरकारले गरिरहेका काम र दलहरूसँगको अपेक्षामाथि केन्द्रित रहेर छलफल गर्दै छिन्। यही सन्देशसहित मन्त्री जगदीश खरेल शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निवास पुगेका थिए।

'प्रधानमन्त्रीले राजनीतिक भेटवार्तालाई प्रत्यक्ष र तीव्र बनाइराख्नुभएको छ। वन-टु-वन भेट, शीर्ष तहको छलफल, युवा, जेन-जी प्रतिनिधि, सुरक्षा निकाय र निर्वाचन आयोगसँग निरन्तर संवाद भइरहेको छ। प्रधानमन्त्रीको स्पष्ट चाहना र दृढता २१ फागुनमै निर्वाचन सम्पन्न गर्ने हो,' प्रधानमन्त्रीले राखेको शीर्ष छलफलबारे मन्त्री खरेलले भने।

प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलका अनुसार चुनावी वातावरण बनाउने सरकारको प्राथमिकतालाई ध्यानमा राखेर प्रवक्ता खरेलले शीर्ष नेताहरूसँग भेटवार्ता गरेका हुन्।

» पृष्ठ २ मा क्रमशः

रवि-बालेन सहकार्यको छिनोफानो आज

दुवैतर्फका नेता सम्मिलित मस्यौदा समितिले सहमतिको खाका तयार गरे पनि शुक्रबार दिनभर रवि र बालेन दुवै व्यस्त भएकाले शनिबार मात्रै थप छलफल हुने

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)बिच शनिबार जिम्मेवारीको स्पष्ट बाँडफाँटसहित सहकार्य सहमति टुंगिने तयारी भएको छ। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा निरन्तर संवाद र रणनीतिक समन्वयले दुवै नेताको सहकार्यलाई अन्तिम चरणसम्म पुऱ्याएको हो।

सोमबार करिब ६ घण्टा र बिहीबार करिब अढाई घण्टा जारी वार्तापछि लामिछाने र शाहले सहकार्यको 'स्ट्राटेजिक' खाका तय गर्न दोस्रो तहका नेतालाई जिम्मेवारी दिएका थिए। शनिबार उक्त मस्यौदालाई अन्तिम रूप दिएर दुवै नेताबाट अनुमोदन गराउने तयारी छ, जसले वैकल्पिक शक्तिहरूको एकीकरणलाई निर्णायक रूप दिने उनीहरूको अपेक्षा छ।

रास्वपाबाट असीम शाह, शिशिर खनाल र आसिफ शाह तथा मेयर शाहका तर्फबाट सल्लाहकार कुमार बेन र अर्का एक सदस्य (सुदीप) रहेको मस्यौदा समितिले शुक्रबार प्रारम्भिक मस्यौदाको खाका तयार पारेको थियो। तर, लामिछाने र शाह दुवै व्यस्त भएकाले मस्यौदाले अन्तिम

» पृष्ठ २ मा क्रमशः







● मस्यौदा समितिका सदस्य असीम शाहले भने- छलफल जारी छ, सकारात्मक पनि छ। भोलि (शनिबार) टुंगो लाग्छ। दुवैजना बसेर अनुमोदन हुन सक्छ।

कांग्रेसमा फेरि महाधिवेशन विवाद

नियमित 'नहुने', महामन्त्रीद्वय विशेषतिर



● गगन थापा, महामन्त्री

पार्टीका ४० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले कुनै विशिष्ट कारण देखाएर विशेष महाधिवेशनको माग गरेमा त्यसलाई आह्वान गर्नुपर्छ। यो कुनै ऐच्छिक विषय होइन। विशेष महाधिवेशन पुस मसान्तभित्रै गर्नुपर्ने जिम्मेवारी अब पार्टीको केन्द्रीय कार्यसमितिकै काँधमा आएको छ। यो हाम्रा लागि पनि अब विकल्पको विषय रहेन किनभने पहिला नै महाधिवेशन गरिसक्नुपर्दथ्यो।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

काग्रेसमा केन्द्रीय महाधिवेशनको कार्यतालिका नजिकिँदै गर्दा फेरि महाधिवेशन विवाद चर्किएको छ। नियमित महाधिवेशन 'नहुने' निष्कर्षसहित विशेष महाधिवेशनको माग अघि बढेपछि पार्टीभित्रको आन्तरिक टकराव सतहमा आएको छ। लामो कसरतपछि पुस अन्तिम साताका लागि नियमित महाधिवेशन आह्वान गर्ने कांग्रेसको निर्णय थियो।

केन्द्रीय महाधिवेशन हुन १५ दिन मात्र बाँकी रहँदा विशेष महाधिवेशनका पक्षधर नेताहरूले हस्ताक्षर अभियानसहित दबाब बढाएका छन्। महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विधानअनुसार विशेष महाधिवेशन अपरिहार्य भएको र केन्द्रीय समितिले निर्णय नगरे आफैं आह्वान गर्ने संकेत दिएका छन्।

» पृष्ठ २ मा क्रमशः

जाँचबुझ आयोगविरुद्ध परेको रिट खारेज

काठमाडौं/ जेन-जी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिबारे छानबिन गर्न गठित जाँचबुझ आयोगलाई अदालतले वैधता दिएको छ। आयोगविरुद्ध परेको रिटलाई खारेज गर्दै सर्वोच्चले यससम्बन्धी विवादको निरूपण गरेको हो।

अधिवक्ता कपिल ढकालले आयोगका पदाधिकारी निष्पक्ष नभएकाले आयोगको औचित्य नरहेकाले विघटनको मागसहित रिट दायर गरेका थिए। जुन रिट सर्वोच्च अदालतका न्यायाधीशहरू मनोजकुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेलको इजलासले बदर गरेको हो।

'इजलासबाट आयोग गठनविरुद्ध परेको रिट खारेज गरी निर्देशनात्मक आदेश जारी गरेको छ,' सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले भने, 'निर्देशनात्मक आदेशमा के भनिएको छ भन्ने विषय आइतबार मात्र जानकारीमा आउनेछ।'



आयोग अध्यक्ष कार्की

जेन-जी आन्दोलनमा भएको दमन र क्षतिबारे छानबिन गर्न सरकारले असोज पहिलो साता पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीलाई बयानमा बोलाउने निर्णय गरिसकेको छ। लेखकले १४ पुसमा बयान दिने जाने बताएका छन्।

लेखकको बयान सकिएपछि ओलीलाई बोलाउने आयोगको तयारी छ। ओलीले आयोगको नेतृत्व निष्पक्ष नभएको आरोप लगाउँदै आएका छन्। यद्यपि, पछिल्लो समय बयानका लागि उनी लचक भएको स्रोत बताउँछ। खासगरी २३ भदौमा जेन-जी आन्दोलनमाथि भएको दमनमा तत्कालीन सरकारलाई जिम्मेवार बनाउनुपर्ने माग जेन-जी अगुवाको छ। ९ माघभित्र प्रतिवेदन बुझाउने गरी काम भइरहेको आयोगले जनाएको छ।

अन्तर्जातीय बिहे गरेका युवकको घरमा आगजनी

फुसको घर जलाएपछि बर्दिया गुलरियाका युवकको परिवार पालमुनि, युवती सेफ हाउसमा

बर्दियामा **प्रकाश पौडेल**
बाँकेमा **विश्वराज पछ्लडङ्गया**

अन्तर्जातीय विवाह गरेको आरोप लगाउँदै बर्दियामा एक युवकको घरमा आगजनी गरिएको छ। आगलागीमा घरसँगै रहेका चारवटा टहरा पूर्ण रूपमा जलेका छन्।

जिल्ला प्रहरी कार्यालय, बर्दियाका अनुसार गुलरिया नगरपालिका- १, पिस्कास्थित २४ वर्षीय सद्दाम बेहेनाको घरमा आगजनी गरिएको हो। बर्दियाका एसपी सरोज पौडेलले बिहीबार राति पौने ९ बजे उच्छृंखल समूहले आगजनी गरेको बताए।

प्रहरीका अनुसार बेहेनाले सोही ठाउँकी २५ वर्षीया अनुराधा लोधसँग शनिबार विवाह गरेका थिए। प्रेमसम्बन्धमा रहेका दुवैजना भागेर भारत गएको सूचना पाएपछि युवतीका परिवारले खोजतलासका लागि प्रहरीमा निवेदन दिएका थिए।

पछि युवतीलाई परिवारको जिम्मा लगाउने सहमति भएपछि युवक पक्षले बिहीबार युवतीलाई प्रहरीमा उपस्थित गराएको थियो। तर, दुवै पक्षबिच प्रहरीमा छलफल चलिरहेका वेला बिहीबार राति युवती पक्षकै समूहले युवकको घरमा आगजनी गरेको सूचना प्राप्त भएको प्रहरीको भनाइ छ।

'अनुराधाका परिवारले छोरी ल्याइदिएमा केही नगर्ने सर्त अघि सारेपछि युवक पक्षले बिहीबार युवतीलाई प्रहरीमा हाजिर गराएका थिए,' उनले भने, 'दुवै पक्षबिच प्रहरीमा छलफल चलिरहेका वेला बिहीबार राति पौने ९ बजे केटी

» पृष्ठ २ मा क्रमशः





आगलागी गरिएको गुलरिया नगरपालिका- १, पिस्कास्थित घरअगाडि सद्दाम बेहेनाको परिवार (बायाँ) र घरमा आगजनीपछि उनीहरू बस्दै आएको पाल

सद्दामको परिवारले ज्याला-मजदुरी गरेर जीविका चलाउँदै आएको छ। उनीहरू ईंटाभट्टामा काम गर्दै आएका छन्। बेहेना परिवार चार पुस्तादेखि सोही ठाउँमा बस्दै आएको सद्दामका ८० वर्षीय हजुरबुवा सौकतले बताए। 'चार पुस्तादेखि यही ठाउँमा बस्दै आएका छौं। अहिलेसम्म यस्तो भएको थिएन,' उनले भने, 'बिहीबार राति खाना खाएर परिवारका सबै बसेका थियौं। एक्कासि ठुलो समूह आएर सद्दामबारे सोधपुछ गर्दै घरमा आगजनी गऱ्यो। हामीले भागेर ज्यान जोगायौं।'



● सरोज पौडल, प्रमुख, बर्दिया प्रहरी कार्यालय

छोरी ल्याइदिएमा केही नगर्ने सर्त अघि सारेपछि युवक पक्षले बिहीबार युवतीलाई प्रहरीमा हाजिर गराएको थियो। दुवै पक्षबिच प्रहरीमा छलफल चलिरहेका वेला बिहीबार राति पौने ९ बजे केटी पक्षले केटाको घरमा आगजनी गरेछ। घरमा भएको अन्नपात, लत्ताकपडा जलेर नष्ट भएको छ।

चुनाव आउन ७० दिन बाँकी रहँदा परराष्ट्रमन्त्री नियुक्त

अन्तरिम सरकारको पाँचौँ विस्तारमा बालानन्द शर्मा बने परराष्ट्रमन्त्री

पर्शुराम काफ्ले/नयाँ पत्रिका

२१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्ने कार्यादेशसहित गठित अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन मिति आउन ७० दिन मात्रै बाँकी रहँदा मन्त्रिपरिषद् विस्तार गरेकी छिन् । पाँचौँपटक मन्त्रिपरिषद् विस्तार गर्दै प्रधानमन्त्री कार्कीले शुक्रबार परराष्ट्रमन्त्रीमा नेपाली सेनाका पूर्वरथी बालानन्द शर्मालाई ल्याएकी छिन् ।

शर्माले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलबाट परराष्ट्रमन्त्रीको शपथग्रहण गरी कार्यभार सम्हालेका छन् । कार्की नेतृत्वको सरकारले गठन भएको १०६ दिनपछि परराष्ट्रमन्त्री पाएको छ । परराष्ट्र मन्त्रालयका अनुसार शर्मा नेपालका ३३औँ परराष्ट्रमन्त्री हुन् ।



कार्कीले सरकार गठनको प्रारम्भमै शर्मालाई मन्त्रिपरिषद्मा सहभागी गराउने प्रयास गरेकी थिइन् । तर, व्यक्तिगत कारणका कारण तत्काल सहभागी हुन नसकेको र परिस्थिति सहज बनेपछि अहिले जिम्मेवारी लिएको शर्माले बताए ।

'सुरुवातमा व्यक्तिगत कारणले सरकारमा सहभागी हुन सकिनँ । पछि फेरि आग्रह गर्नुभयो, अहिले म सहभागी हुन सक्ने अवस्थामा पुगेँ र स्वीकार गरेर आएको हुँ,' परराष्ट्रमन्त्री शर्माले शुक्रबार साँझ नयाँ पत्रिकासँग भने । उनले छोटो कार्यकाल भए पनि आफूले सकेको योगदान दिने प्रतिबद्धता व्यक्त गरे ।

देश चुनावमय भइसकेको उल्लेख गर्दै परराष्ट्रमन्त्री शर्माले दुई छिमेकी मुलुकसँग मात्र नभई अन्य मित्रराष्ट्र र नवोदित राष्ट्रहरूसँग पनि अनुभव र ज्ञान आदानप्रदान गर्दै अघि बढ्ने बताए । 'चुनावी सन्दर्भमा परराष्ट्र मन्त्रालयले छिमेकी तथा अन्य देशहरूसँग सहकार्य गर्नुपर्ने विषय छन् भने तिनलाई व्यवस्थित ढंगले अघि बढाउनेछु,' उनले भने ।

राष्ट्रपति पौडेलबाट शपथ खाएर परराष्ट्र मन्त्रालयमा पुगेका शर्माले नेपालको सकारात्मक छवि प्रवर्द्धन गर्दै देशको राष्ट्रिय हित अघि बढाउन बेग्लै सामाजिक सञ्जाल खोल्ने पहिलो निर्णयमा हस्ताक्षर गरेका छन् । मन्त्रीस्तरीय निर्णय तत्काले कार्यान्वयनमा आएको परराष्ट्रका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए ।

क्षेत्रीका अनुसार परराष्ट्रले सामाजिक सञ्जाल एक्समा नेपाली डिप्लोमेसीनामक खाता खोलेको छ । 'यो डिजिटल खातामार्फत हामीले नेपालको सकारात्मक छवि प्रवर्द्धन गर्नेछौँ । विशेषगरी नेपालका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र सभ्यतासँग सम्बन्धित सम्पदाहरूको प्रवर्द्धन निरन्तर रूपमा गर्नेछौँ,' प्रवक्ता पौडेलले भने ।

परराष्ट्र मन्त्रालयका अधिकारीलाई सम्बोधन गर्दै शर्माले नेपालको परराष्ट्र नीति राष्ट्रिय हित, सार्वभौमिकता र पारस्परिक समानताबाट निरन्तर निर्देशित रहने बताए । उनले आइतबार मन्त्रालयका सबै महाशाखाहरूको ब्रिफिङ लिनेछन् ।

जेन-जी आन्दोलनपछि २६ भदौमा प्रधानमन्त्री नियुक्त भएकी सुशीला कार्कीले यसअघिसम्म परराष्ट्र मन्त्रालय आफैँ सम्हाल्दै आएकी थिइन् । यस अवधिमा उनले नेपालस्थित अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलाई देशको राजनीतिक अवस्था र निर्वाचनबारे ब्रिफिङ गरिसकेकी छिन् । सरकारले असोजमा विभिन्न ११ देशमा कार्यरत नेपाली राजदूतहरू फिर्ता बोलाए पनि नयाँ राजदूत नियुक्त नगरेको भन्दै आलोचना हुँदै आएको छ । परराष्ट्र मामिलामा प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनालको प्रभाव बढ्दै गएको टिप्पणी छन् ।

समानुपातिकको बन्दसूची बुझाउने समयावधि हेरफेर नहुने

नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तोकिएको समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउने समयावधि हेरफेर नहुने स्पष्ट पारेको छ । कांग्रेसलगायत दलहरूले बन्दसूची बुझाउने समय तीन-चार दिन सार्न सरकार र आयोगसँग आग्रह गरिरहेका वेला आयोगले समय सार्दा निर्वाचन नै प्रभावित हुन सक्ने बताएको छ ।

शुक्रबार आयोगले पहिलोपटक आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले १३ र १४ पुसमा तोकिएको बन्दसूची बुझाउने कार्यतालिका यथावत् रहने बताए । 'बन्दसूचीको समय परिवर्तन वा संशोधन गर्‍यौँ भने फागुन २१ को निर्वाचन नै प्रभावित हुन सक्छ । त्यसैले आयोग कुनै पनि निर्वाचन कार्यक्रम संशोधन गर्ने पक्षमा छैन,' उनले भने ।

आयोगका अनुसार दलहरूले १३ र १४ पुसमा बन्दसूची बुझाउने र आयोगले २० पुससम्म छानबिन गरी आवश्यकताअनुसार दलहरूलाई सूचित गर्नेछ । २१-२७ पुससम्म बन्दसूची संशोधन गरी पेस गर्न सकिने व्यवस्था छ । ४ माघमा उम्मेदवारहरूको बन्दसूची नामावली प्रकाशन हुनेछ भने ५-१९ माघसम्म दाबी-विरोध र जाँचबुझ गरी निर्णय गरिने आयोगको कार्यतालिका छ । २० माघमा उम्मेदवारहरूको अन्तिम बन्दसूची प्रकाशन गर्ने कार्यतालिका छ ।

कांग्रेस सहमहामन्त्री महेन्द्र यादवले प्रधानमन्त्रीको अध्यक्षतामा सिंहदरबारमा बसेको दल, जेन-जी र नागरिक समाजसहितको सर्वपक्षीय बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तकै उपस्थितिमा महाधिवेशनको चटारोका कारण तयारी अपुग भएको भन्दै समानुपातिक बन्दसूची बुझाउने समय चार-पाँच दिन थपिदिन अनुरोध गरेका थिए । नागरिक समाजका प्रतिनिधिले पनि दलहरूलाई सहजीकरण गर्न सरकारलाई सुझाव दिएका थिए ।

कांग्रेस सभापति शेरबहादुर देउवाले राष्ट्रपति कार्यालयमा प्रधानमन्त्रीसहित भएको छलफलमा पनि यही विषय उठाएका थिए । कांग्रेस महामन्त्री गगन थापाले केन्द्रीय समिति बैठकमा महाधिवेशन सम्पन्न गर्न आयोगलाई बन्दसूचीको समय तलमाथि गर्न राजी गराउन सकिने धारणा राखेका थिए । हालै बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा समेत समय थप्न आयोगलाई आग्रह गर्नुपर्ने आवाज उठेको थियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले अब चुनावबाट पछाडि फर्किने विकल्प नरहेको स्पष्ट पारेका छन् । 'निर्वाचन हुन्छ कि हुँदैन भन्ने बहस समाप्त भइसकेको छ । हामी निर्वाचनको बाटोमा धेरै अगाडि बढिसकेका छौँ । अब फर्किन सक्ने अवस्था छैन,' उनले भने, 'निर्वाचनको विकल्प निर्वाचन नै हो ।' दलहरूसँग चरणबद्ध छलफल गरिएको र सबै दल चुनावका लागि तयार रहेको उनको दाबी छ ।

भण्डारीले संविधान संरक्षण र सुशासनका लागि पनि निर्वाचन अपरिहार्य भएको बताए । 'प्रतिनिधिसभा विघटनका क्रममा केही संवैधानिक प्रश्न उठे पनि अब संविधानबमोजिम निर्वाचन हुन्छ । संविधानको रक्षा, सुशासन र स्थायित्वका लागि निर्वाचनबाहेक अर्को विकल्प छैन,' उनले भने, 'मुलुकले पटक-पटक आन्दोलन र विद्रोह धान्न सक्दैन । सबैलाई निर्वाचनमा सहभागी गराएर नयाँ जनमत सिर्जना गर्नु नै सुशासनको बाटो हो ।'

चुनावका लागि शान्ति-सुरक्षा महत्त्वपूर्ण विषय भएको उल्लेख गर्दै भण्डारीले सरकारले आवश्यक वातावरण बनाइरहेको बताए । 'दलका नेता, उम्मेदवार, सरोकारवाला सबैको सुरक्षाको विषय गम्भीर छ,' उनले भने । उनका अनुसार सरकारले निर्वाचन सुरक्षामा काम गरिरहेको सकारात्मक जवाफ दिएको छ ।

अन्तरजिल्ला र विदेशका लागि मतदान कानुन छैन

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले अन्तरजिल्ला तथा विदेशमा रहेका नेपालीको मतदान अधिकारसम्बन्धी कानुन आयोगसँग नभएको स्पष्ट पारे । 'आयोगलाई सरकारले कानुन दिनुपर्‍यो । कानुनअन्तर्गत आयोगले नियम, निर्देशिका, आचारसंहिता बनाउँछ । लागू गरेर निर्वाचन सम्पन्न गर्छ,' उनले भने, 'हामीले सरकारलाई के विधि र प्रविधिबाट के गर्ने हो तुरुन्त निर्णय गर्नुपर्छ, होइन भने हामीले भइरहेकै विधि-पद्धतिबाट २१ फागुनमा निर्वाचन गर्छौँ भनेका छौँ ।'

आचारसंहितामा कडाइ

भण्डारीले निर्वाचन आचारसंहिता एक-दुई दिनभित्र लागू गर्ने तयारी रहेको बताए । 'एक-दुई दिनभित्र आचारसंहिता लागू गर्ने सन्दर्भमा निर्णय हुन्छ । लागू गर्नुअघि चुनौतीहरू पहिचान गर्छौँ । यसपटक अझ कडाइका साथ लागू गर्छौँ । मिथ्या सूचनाको कडाइका साथ निगरानी गरिन्छ,' उनले भने ।

आचारसंहिता उल्लंघन गरे उम्मेदवारी खारेजसम्मको कारबाही हुन सक्ने चेतावनी दिँदै सबैलाई अक्षरशः पालना गर्न आग्रह गरे । आचारसंहिता लागू गरेपछि दरो अनुगमन र सजायमुखी प्रविधि राखेर जाने उनले बताए । 'यदि कुनै पनि दल, नेता, उम्मेदवार, कार्यकर्ताले आचारसंहिता उल्लंघन गरेमा उम्मेदवारी खारेज हुनेसम्मको निर्णय गर्न आयोग बाध्य हुन्छ, त्यसैले सबैले अक्षरशः पालना गर्नुपर्छ,' उनले भने । भण्डारीले अघिल्लोपटक ५० दिन हाराहारी अगाडि आचारसंहिता लागू गरिएको भन्दै यही सेरोफेरोमा निर्णय हुने बताए ।

रवि-बालेन...

पृष्ठ १ बाट क्रमशः

रूप पाउन नसकेको नेताहरूले बताएका छन् ।

मस्यौदामा नयाँ र वैकल्पिक शक्तिसम्मिलित पार्टीको सभापति लामिछाने नै रहने सहमति भएको छ । पार्टीमा त्यसपछिको वरीयतामा मेयर शाह रहने भनिएको छ । पार्टीका तर्फबाट आगामी प्रधानमन्त्रीको उम्मेदवार मेयर शाह हुने प्रस्ताव गरिएको छ । 'सभापति र प्रधानमन्त्रीको कुरामा सहमति भइसकेको छ,' मस्यौदा निर्माणका संलग्न एक सदस्यले भने, 'बाँकी कुराहरूको सन्दर्भमा विकल्पहरू समावेश गरेका छौँ, टुंगिन बाँकी छ ।'

ती सदस्यका अनुसार नयाँ र वैकल्पिक शक्तिहरू समेटिएको एकीकृत पार्टीभित्र शक्तिसन्तुलन कस्तो हुने भन्ने टुंगिन बाँकी छ । 'पार्टीको नाम, चुनाव चिह्न, झन्डासँगै पार्टीभित्रको शक्तिसन्तुलन कति प्रतिशत गर्ने, कसरी सबैलाई अटाउने भन्नेमा विभिन्न विकल्प राखेका छौँ,' ती सदस्यले भने, 'जस्तै : ५०-५० को कुरा छ । ६०-४० को कुरा छ । ७०-३० को कुरा पनि छ । यसलाई सबै अटाउने हिसाबमा बाँडफाँट गर्नुपर्छ भन्ने छ । तर, कसरी अटाउँछन् होला भन्नका लागि थप छलफलको आवश्यकता छ ।'

मस्यौदा निर्माणको चरणमा उठेको अर्को विषय हो जेन-जीहरूको व्यवस्थापन । २३ र २४ भदौमा सुशासनको आकांक्षासहित आन्दोलन गरेर जेन-जी समूहहरूको सम्मानजनक व्यवस्थापन कसरी गर्ने भन्ने पनि टुंग्याउन बाँकी छ । 'कोही जेन-जी अगुवाले चुनाव लड्ने भनेका छन् । कसैले पार्टीमा सक्रिय हुन्छु भनेका छन् । एकीकृत पार्टीमार्फत उहाँहरूको सम्मानजनक उपस्थिति राजनीतिमा कसरी गराउने भन्ने कुरा छ । मेयरसाप जेन-जीहरूलाई प्रायोरिटी दिनुपर्छ भन्नेमा हुनुहुन्छ । कसरी प्राथमिकतामा राख्ने भनेर विविध छलफल भएको छ । सबै समूहलाई समेट्ने गरी निष्कर्षमा पुग्नुपर्नेछ,' मेयर शाहनिकट स्रोतले भन्यो ।

मस्यौदा समिति छलफलमै रहेको अर्को विषय हो, एकीकृत पार्टीमा अन्य शक्तिहरूको व्यवस्थापन । 'अन्य क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू, अन्य पार्टीका पनि राम्रा अनुहार, बलियो शक्ति भएपछि आउन सक्नेहरूको स्पेस पनि कसरी सिर्जना गर्ने भन्ने छलफलमै छ । कहीँ न कही स्पेस राख्नुपर्छ भनेर यो दुवै पक्षले महसुस गरेको कुरा हो,' स्रोतले भन्यो । यसभित्र उज्यालो नेपाल पार्टी अगाडि बढाएका कुलमान घिसिङ, धरानका मेयर हर्क साम्पाङ, धनगढीका मेयर गोपाल हमालसम्म छन् ।

सहकार्यको मिलनविन्दु पहिल्याउन मस्यौदा समिति शुक्रबार दिनभर छलफलमा रहेको थियो । समितिका सदस्यहरूले आपसमा छलफल गर्ने, आ-आफ्नो नेतृत्वलाई सोध्ने, फेरि आपसमा छलफल गर्ने गरेका थिए । 'हामीले आपसमा पनि छलफल गर्‍यौँ । आफ्नो नेतृत्वलाई पनि बिचबिचमा जानकारी गरायौँ । नेतृत्वबाट निर्देशन पनि लियौँ । छलफल दिनभर नै चल्यो । शनिबार टुंग्याउने कोसिसमा छौँ,' स्रोतले भन्यो ।

दुवै नेताको सचिवालयका अनुसार मेयर शाह काठमाडौं महानगरपालिकाको नगरसभामा व्यस्त थिए भने सभापति लामिछाने पार्टीको आन्तरिक छलफल र आफूविरुद्धका मुद्दाको प्रक्रियाको व्यवस्थापनमा व्यस्त थिए । शनिबार कति बजे बस्ने भन्ने तय भइसकेको छैन ।

मस्यौदा समितिका सदस्य असीम शाहले दुवै पक्षबिच सकारात्मक कुराकानी भइरहेको बताए । 'छलफल जारी छ र सकारात्मक छ । भोलि टुंगो लाग्छ । तीनजना नै राखेर अनुमोदन हुन सक्छ,' उनले भने ।

रास्वपा उपसभापति स्वर्णिम वाग्लेले बृहत् वैकल्पिक एकताको छलफल सकारात्मक रहेको बताए । 'सकारात्मक छ, सुखद समाचार आउनेमा आशावादी छौँ । सबै कोणबाट असन्तुष्टि सकेसम्म निमिट्यान्नै पार्नुपर्‍यो । विनविन सबैले जित्ने नतिजा के हुन सक्छ भनेर समय लागेको मात्र हो,' उनले भने । नेता हरि ढकालले सभापति लामिछाने नै हुने र घण्टी चिह्नबाट चुनाव जितेको व्यक्ति प्रधानमन्त्री हुने बताए ।

नियमित 'नहुने'...

पृष्ठ १ बाट क्रमशः

जारी केन्द्रीय कार्यसम्पादन समिति बैठकमा थापाले समयको चापका कारण वडा, क्षेत्र र केन्द्र गरी तीन तहका अधिवेशन गर्ने तथा यसबाट नयाँ नेतृत्व चयन गरेर निर्वाचनमा जानुपर्ने प्रस्ताव राखेका थिए । तर, उनको प्रस्ताव संस्थापन पक्षका नेताले अस्वीकार गरेका छन् ।

यसपछि महामन्त्रीद्वय थापा र शर्मासहितले विधानअनुसार विशेष महाधिवेशनको माग उठाएका छन् । कांग्रेस विधानको धारा १७ (२) अनुसार ४० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष कारण देखाएर माग गरेमा पार्टीले विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यता छ । विशेष महाधिवेशनका लागि हस्ताक्षर बुझाइएको मितिअनुसार २८ पुसमा विशेष महाधिवेशन गरिसक्नुपर्नेछ ।

हस्ताक्षर अभियानका नेताहरूले कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई सम्बोधन गर्दै लेखेको पत्रमा महामन्त्रीद्वयलाई बोधार्थ दिएका छन् । महामन्त्री थापाले उनीहरूको स्मरणपत्र बुझेका छन् । स्मरणपत्रमा २८ पुसभित्रै विशेष महाधिवेशनका लागि मिति र स्थान तोक्ने निर्णय गर्न माग गरिएको छ ।

महामन्त्री थापाले जारी केन्द्रीय कार्यसम्पादन समिति बैठकमा स्मरणपत्रबारे जानकारी गराउने बताएका छन् । साथै उनले विधानअनुसार विशेष महाधिवेशनमा जानैपर्ने स्पष्ट गरे । 'पार्टीका ४० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले कुनै विशिष्ट कारण देखाएर विशेष महाधिवेशनको माग गरेमा त्यसलाई आह्वान गर्नुपर्छ । यो कुनै ऐच्छिक विषय होइन,' उनले भने, 'विशेष महाधिवेशन पुस मसान्तभित्रै गर्नुपर्ने जिम्मेवारी अब पार्टीको केन्द्रीय कार्यसमितिकै काँधमा आएको छ । यो हाम्रा लागि पनि अब विकल्पको विषय रहेन किनभने पहिला नै महाधिवेशन गरिसक्नुपर्दथ्यो ।'

महामन्त्रीहरूले विशेष महाधिवेशन बोलाउने दाबी

विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानको नेतृत्व गरेका नेता गुरुराज घिमिरेले संस्थापन पक्षले नियमित महाधिवेशनका लागि इमान्दार प्रयास र नियत दुवै नराखेको आरोप लगाए । उनले महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन आह्वान गर्ने दाबी गरे । साथै उनले २६-२८ पुसमा विशेष महाधिवेशन हुने, अहिलेकै महाधिवेशन प्रतिनिधि सहभागी हुने र उनीहरूले नयाँ नेतृत्व चुन्नेसमेत दाबी गरे । 'अब अहिलेकै कार्यतालिकाबाट नियमित महाधिवेशन सम्भव छैन,' घिमिरेले भने, 'केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनुपर्छ । यदि यो सम्भव हुँदैन भने महामन्त्रीद्वयले विशेष महाधिवेशन आह्वान गर्नुहुन्छ ।'

अन्तर्जातीय...

पृष्ठ १ बाट क्रमशः

पक्षले केटाको घरमा आगजनी गरेको खबर आयो । गुलरिया नगरपालिकाको दमकल लिएर घटनास्थल पुग्यौँ । दमलक र प्रहरीको टोली नपुग्दै फुसको घर जलेर नष्ट भइसकेको थियो । घरमा भएको अन्नपात, लत्ताकपडा जलेर नष्ट भएको छ ।'

युवतीलाई गुलरियास्थित सेफ हाउसमा राखिएको छ । युवक भने ज्यानको जोखिमका कारण हाल बर्दियाबाहिर रहेको प्रहरीले जनाएको छ । घटनामा संलग्नको पहिचान गरी कारबाही गर्न प्रहरी परिचालन गरिएको एसपी पौडेलले बताए ।

सद्दामको परिवारले ज्याला-मजदुरी गरेर जीविका चलाउँदै आएको छ । उनीहरूले इँटाभट्टामा काम गर्दै आएका छन् । बेहना परिवार चार पुस्तादेखि सोही ठाउँमा बस्दै आएको सद्दामका ८० वर्षीय हजुरबुवा सौकतले बताए । 'चार पुस्तादेखि यही ठाउँमा बस्दै आएका छौँ । अहिलेसम्म यस्तो भएको थिएन,' उनले भने, 'बिहीबार राति खाना खाएर परिवारका सबै बसेका थियौँ । एक्कासि ठुलो समूह आएर सद्दामबारे सोधपुछ गर्दै घरमा आगजनी गर्‍यो । हामीले भागेर ज्यान जोगायौँ ।'

बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले सद्दामको घरमा आगजनी गर्ने समूहको पहिचान गरी कारबाहीको दायरामा ल्याउन प्रहरीलाई निर्देशन दिएको बताए । उनले शंकास्पद व्यक्तिलाई प्रहरीले सोधपुछका लागि बोलाएको बताए । उनले आगलागीपीडितका लागि त्रिपाल, खाद्यान्न र लत्ताकपडा प्रदान गरिएको बताए ।

यसैबिच बेहनाको घरमा भएको आगजनी घटनामा छानबिन गर्न नेपाल मुस्लिम युवा संगठन बर्दियाले माग गरेको छ । संगठनले शुक्रबार विज्ञप्ति जारी गर्दै आगजनीको घटनालाई सामान्य रूपमा लिन नसकिने बताउँदै यस प्रकारको आपराधिक, अमानवीय र कायरतापूर्ण कार्य कानुनी शासनमाथि खुला चुनौती भएको उल्लेख गरेको छ । घटनाको उच्चस्तरीय छानबिन गरी दोषीलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गर्न संगठनले माग गरेको छ ।

समानुपातिक...

पृष्ठ १ बाट क्रमशः

मानी तल्लो तहबाट केन्द्रसम्म समानुपातिक उम्मेदवारहरूको सूची मागेका वा सिफारिस गराएका छन् ।

कुनै पनि प्रमुख दलले उम्मेदवार छनोटअघि केन्द्रीय समिति वा त्यसभन्दा माथिल्लो तहको कमिटीको बैठक राखेर छनोटसम्बन्धी संस्थागत निर्णय भने गरेका छैनन् । चुनाव हुने-नहुने संशय कायमै रहेका कारण पनि दलहरूले संस्थागत निर्णयविनै उम्मेदवार छनोटको औपचारिकता पूरा गर्दै छन् ।

सुरुमा बुझाएको नाममा अन्तिम सूची प्रकाशनअघिसम्म हेरफेर गर्न पाइने भएकाले अहिले सबैजसो दलले आयोगमा सुरुमा 'डमी' नाम मात्र बुझाउने गृहकार्य गरेका छन् । निर्वाचन सुनिश्चित भए उक्त सूचीमा हेरफेर गर्न सकिन्छ र त्यसका लागि दलहरूलाई पर्याप्त समय पनि हुन्छ । यहीकारण दलहरूले नामलाई लिएर औपचारिक निर्णय गर्न हतार गरेका छैनन् ।

कांग्रेसले समानुपातिकतर्फ उम्मेदवार बन्न चाहनेहरूको नाम क्षेत्र, जिल्ला र प्रदेश हुँदै केन्द्रीय कार्यालयमा आइसकेको जनाएको छ । प्रचार विभाग प्रमुख मीन विश्वकर्माले समानुपातिकतर्फ उम्मेदवार बन्न चाहनेहरूको नाम केन्द्रीय कार्यालयमा आइसकेको बताए ।

उनका अनुसार केन्द्रीय कार्यसम्पादन समिति वा संसदीय बोर्ड बनाएर बन्दसूची तयार पार्ने कांग्रेसको तयारी छ । 'क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रमा नाम आइपुगेको छ । तर, हामीले हेरिसकेका छैनौँ । संसदीय बोर्ड वा कार्यसम्पादन समितिले मापदण्ड बनाएर बन्दसूचीमा समावेश गर्ने नाम छनोट गर्छ,' उनले भने, 'मापदण्ड पुगेका र चाहना गरेकाहरूको नाम सिफारिस भएको छ । एउटै क्षेत्रबाट ४० जनासम्मको नाम सिफारिस भएको अवस्था छ ।'

कांग्रेसले अघिल्लो निर्वाचनमा समानुपातिक तर्फबाट सांसद बनेका व्यक्तिहरू आगामी निर्वाचनमा पुनः समानुपातिक उम्मेदवार बन्न नपाउने मापदण्ड तोकेको छ । यस्तै, ०७९ मा को स्थानीय निर्वाचनका जनप्रतिनिधिलाई उम्मेदवार सिफारिस गर्न नपाइने स्पष्ट पारेको छ ।

उम्मेदवार सिफारिस गर्दा व्यक्तिको सामाजिक छविमा पनि विशेष ध्यान दिन भनिएको थियो । कांग्रेसले तल्लो तहबाट केन्द्रसम्म नाम सिफारिस गर्दा समावेशी चरित्र अपनाउन निर्देशन दिएको थियो । तोकिएबमोजिमको लेबी तोकिएबमोजिम पार्टी निकायमा नबुझाउने व्यक्ति कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने कांग्रेसको मापदण्ड छ ।

जातीय विभेद, घरेलु हिंसा, बालश्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्ति कांग्रेसको उम्मेदवार बन्न अयोग्य हुने परिपत्र गरेको थियो ।

यसैबिच, कांग्रेसले समानुपातिकतर्फ उम्मेदवार बन्न चाहने १९ नेताको नाम प्रदेश सभाको समानुपातिकको सूचीबाट हटाउने निर्णय गरेको छ । बुधबार केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रदेश सभामा रहेका १९ जनाको नाम हटाउने प्रस्ताव पास गरेको प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'प्रदेश सभामा बन्दसूचीमा रहेका साथीहरू बन्दसूचीबाट आफ्नो नाम हटाएर संघीय समानुपातिकमा जान चाहने १९ जनाको सूची बैठकमा पढियो र पास गरियो । उक्त निर्णयको जानकारी निर्वाचन आयोगलाई गराउने निर्णय भएको छ,' डा. महतले भने ।

कांग्रेसले जस्तै केन्द्रमा संस्थागत निर्णय नगरेको एमालेले पनि धमाधम उम्मेदवार छनोट कार्य जारी राखेको छ । महाधिवेशन सकिएको चार दिनपछि मंगलबार एमालेले मातहत कमिटीहरूलाई समानुपातिक उम्मेदवारको सूची छनोट प्रक्रिया अगाडि बढाउन निर्देशित गरेको छ । त्यसलगत्तै धेरैजसो जिल्लाले प्रदेश कमिटीलाई बोधार्थ दिएर सिधै केन्द्रीय कार्यालयमा तीनदेखि चारजनासम्मको उम्मेदवारको नाम सिफारिस गरेका छन् । यसो महिला उम्मेदवार अनिवार्य राखेर समावेशिताको क्लस्टरमा ध्यान दिइएको छ ।

अरू दलको तुलनामा घोषित चुनावका पक्षमा तयार नभइसकेको देखिए पनि महाधिवेशनलाई माध्यम बनाएर एमालेले जुनसुकै परिस्थितिका लागि तयार रहेको जनाउ दिँदै आएको छ । सुशीला कार्की नेतृत्वको सरकार गठन प्रक्रिया नै असंवैधानिक भएको जिकिरसहित प्रतिनिधिसभा पुनर्स्थापनामा जोड गरिरहेको एमालेले नै उम्मेदवार छनोट सुरु गरेपछि चुनावी वातावरण बन्दै गएको पनि मानिएको छ ।

महासचिव शंकर पोखरेलले भर्चुअल माध्यमबाट प्रत्येक निर्वाचन क्षेत्रबाट एक महिलासहित प्राथमिकता क्रम तोकेर तीनजनाको नाम प्रदेश हुँदै केन्द्रमा सिफारिस गर्न निर्देशन दिएका थिए । त्यसअनुसार नामहरू धमाधम प्रदेश र केन्द्रीय कार्यालयमा आइसकेको एमालेका प्रदेश अध्यक्षहरूले बताएका छन् ।

'हाम्रो प्रदेशबाट ४५ जनाजति समानुपातिकतर्फका उम्मेदवारको नाम केन्द्रीय कार्यालयमा पुगिसकेको छ,' बागमती प्रदेशका अध्यक्ष कैलाश ढुंगेलले भने, 'अहिलेलाई महासचिवले मौखिक रूपमा निर्देशन दिएलगत्तै सबै नाम जम्मा भइसकेकाले अब केन्द्रले प्रक्रिया अगाडि बढाउला ।'

त्यस्तै, लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले पनि आफ्नो प्रदेशबाट क्लस्टरहरूको प्रतिनिधित्व हुने गरी सबै जिल्लाले नाम केन्द्रमा पठाइसकेको बताए । 'नाम सबै माथि गइसक्यो, अहिले कति भनेर यकिन गरिसकेका छैनौँ,' कँडेलले भने ।

निवर्तमान प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले उम्मेदवार छनोटको विगतकै अभ्यासअनुसार प्रक्रिया अगाडि बढेको बताए । 'प्रक्रियाअनुसार काम अगाडि बढाइरहेका छौँ, नामहरू आइरहेका छन्,' गौतमले नयाँ पत्रिकासँग भने ।

तर, बैठकविनै उम्मेदवार छनोट गर्न खोजिएकोमा ईश्वर पोखरेल पक्षधर नेताले असन्तुष्टि जनाएका छन् । गौतमले भने छलफल प्रारम्भ मात्र भएकाले पार्टीको बैठक बसेरै अन्तिम सूची बन्ने बताए । एमालेले आगामी २६-२८ पुसमा दोस्रो केन्द्रीय कमिटी बैठक बोलाएको छ । चुनाव हुने सुनिश्चित हुँदा त्यही बैठकमा चुनावी तयारी छलफल गर्ने एमालेको योजना छ ।

यस्तै, विभिन्न वाम दल र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ११ पुससम्म नाम पठाउन सर्कुलर गरेअनुसार तल्ला कमिटीले नाम पठाएका छन् । तलसम्म एकता नभइसकेका कारण एकीकृत पार्टीबाट भन्दा पनि जिल्ला तहका छुट्टाछुट्टै दलका साबिक नेतृत्व बसेर संयुक्त रूपमा नाम सिफारिस गरेका छन् ।

जिल्लामा एकता नभइसकेकाले साबिक दलका केन्द्रीय नेता र जिल्लाका पदाधिकारी बसेर नाम सिफारिस गर्ने नेपाली कम्युनिस्ट पार्टीका नेता प्रकाश ज्वालाले बताए । 'औपचारिक कमिटी बनिसकेका छैनन् । त्यसकारण पूर्वघटकका केन्द्रीय नेता र सम्बन्धित जिल्लाका पदाधिकारी बसेर सहमतिमा नाम पठाउन भनिएको छ,' ज्वालाले भने, 'सोहीअनुसार सहमतिमै नाम सिफारिस हुन्छ । तल्लो कमिटीबाट सिफारिस नाममा शीर्ष नेताले बन्दसूची तयार पानुहुन्छ ।'

नेकपाले समानुपातिकमा निर्वाचन क्षेत्रबाट कम्तीमा दुई महिलासहित चारजनाको नाम सिफारिस गर्न भनेको छ । 'एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाबाट कम्तीमा दुई महिलासहित चारजना सिफारिस गर्ने, एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाबाट प्रत्येक निर्वाचन क्षेत्रबाट थप दुईजना सिफारिस गर्ने,' नेकपाको परिपत्रमा छ ।

यस्तै, सम्पर्क समन्वय, उपत्यका विशेष, प्रवास प्रदेश समिति, जनसंगठन र मोर्चाको केन्द्रीय समितिले दुई महिला दुई पुरुष गरी चारजना सिफारिस गर्न परिपत्र गरिएको छ ।

संविधान तथा प्रचलित कानुनले तोकेबमोजिम महिला, दलित, जनजाति, मधेशी, थारू, मुस्लिम, अपांगता, पिछडिएको क्षेत्र, अल्पसंख्यक आदि क्लस्टरलाई ध्यान दिँदै सिफारिस गर्न पनि परिपत्रमा भनिएको छ । सहिद परिवार, बेपत्ता परिवार, द्वन्द्वपीडित, घाइते, अपांगता भएका तथा आर्थिक रूपले विपन्न वर्गलाई प्राथमिकतापूर्वक सिफारिस गर्न भनिएको छ । एकै परिवारका एकभन्दा बढी व्यक्तिलाई सिफारिस नगर्न निर्देशन दिइएको छ ।

नेकपाले उम्मेदवार बन्नका लागि २५ वर्ष उमेर पुगेको नेपाली नागरिक, मतदाता नामावलीमा नाम दर्ता भएको, संविधान र कानुनले अयोग्य नठहरिएको, राष्ट्रिय सभा, प्रदेश सभा, स्थानीय तहका पदमा बहालवाला नभएको, अदालतले भ्रष्टाचारमा दोषी ठहर गरी सजाय तोकेको हुन नहुने, कर, राजस्व र सम्पत्तिको स्रोत पारदर्शी हुनुपर्ने, कुनै पनि प्रकारको कालोसूचीमा नरहेको हुनुपर्ने, सम्पत्ति र आय स्रोतको घोषणा गर्न तयार हुनुपर्ने मापदण्ड तोकेको छ । यस्तै, कुनै कारोबारमा संलग्न भए कर-राजस्वमा अद्यावधिक भएको हुनुपर्ने, निर्वाचन आयोगले तोकेअनुसार स्वघोषणा गर्न तयार हुनुपर्ने, पार्टीको आर्थिक अनुशासन पालना गरेको हुनुपर्ने, सामाजिक आचरण र व्यवहार असल एवं स्वच्छ हुनुपर्ने, जातीय, लैंगिक, धार्मिक, भाषिक वा कुनै सामाजिक भेदभावसम्बन्धी अपराधमा दोषी ठहर भएको हुन नहुने मापदण्ड पनि नेकपाले तोकेको छ ।

यस्तै, घरेलु हिंसा, बालश्रम, मानव बेचबिखन, यौन उत्पीडनजस्ता नैतिक पतन देखिने मुद्दामा दोषी ठहर भएको हुन नहुने, राजनीतिक तथा वैचारिक रूपमा स्पष्ट र प्रतिबद्ध हुनुपर्ने, पार्टीको नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध हुनुपर्ने, आन्दोलनमा निरन्तरता र योगदान गरेको हुनुपर्ने, सामाजिक रूपमा प्रतिष्ठित हुनुपर्ने, जनतामा लोकप्रिय हुनुपर्ने मापदण्ड नेकपाको छ । नेकपाले उम्मेदवार सिफारिस गर्दा विषयगत अध्ययन, अनुभव र विज्ञता, नीति-निर्माण र कार्यान्वयन क्षमता, सार्वजनिक संवाद कला, राजनीतिक, सांगठनिक अनुभव, विभिन्न संघर्षमा योगदान तथा अनुभवलाई पनि ध्यान दिन निर्देशन दिएको छ ।

उता, राष्ट्रिय स्वतन्त्र पार्टीले ४ पुसबाट आन्तरिक प्रतिस्पर्धाबाट समानुपातिकतर्फका उम्मेदवारहरू छनोट गरिरहेको छ । मंसिर मसान्तसम्म प्राप्त ३२५ जना आवेदकलाई सबै प्रदेशमा आन्तरिक प्रतिस्पर्धाबाट छनोट गर्न लागिएको सहमहामन्त्री विपिन आचार्यले बताए । उनका अनुसार छलफलका लागि सातवटै प्रदेशमा केन्द्रीय प्रतिनिधि पनि खटिएका छन् ।

छनोट प्रक्रियाकै क्रममा पार्टीले निर्धारण गरेको मापदण्डअनुसार ६ र ७ पुसमा उम्मेदवारका आकांक्षीले घरदैलो गरेका थिए । त्यसक्रममा उम्मेदवारहरूको विभिन्न मानक मापन गरिएको जानकारी दिँदै आचार्यले केन्द्रीय प्रतिनिधिहरू बुधबार साँझसम्म काठमाडौं फर्किएको र कतिपय फर्किने क्रममा रहेको बताए ।

छनोटकै सिलसिलामा १० र ११ पुसमा रास्वपाले केन्द्रीय कार्यालयमा बैठक राखेको छ । त्यहीबिचमा आकांक्षीले उम्मेदवारी फिर्ता लिन सक्नेछन् र अन्तिम उम्मेदवारी नामावली प्रकाशन गरिनेछ । आचार्यका अनुसार १२ र १३ पुसमा मोबाइल एपमार्फत प्रारम्भिक निर्वाचन हुने र छनोट भएका उम्मेदवारहरूको सूची १४ पुसमा निर्वाचन आयोगमा बुझाइनेछ ।

मधेशकेन्द्रित दल जसपा नेपालले पनि समानुपातिक उम्मेदवार छान्ने प्रक्रिया अघि बढाएको छ । बिहीबारसम्म तल्लो कमिटीबाट उम्मेदवारको नाम सिफारिस हुने र केन्द्रीय संसदीय बोर्डले बन्दसूचीमा सुरुमा राख्ने नामबारे निर्णय गर्ने जसपा नेपालले जनाएको छ ।

प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतका अनुसार समानुपातिकतर्फ प्रत्येक जिल्लाबाट जिल्ला समितिले कम्तीमा तीनजना महिला र तीनजना पुरुषको नाम सिफारिस गर्न भनिएको छ । 'जातीय क्लस्टरलाई समेत ध्यान दिएर ६ जनाको नाम सिफारिस गर्न भनिएको छ । जिल्लाले प्रदेशमा सिफारिस गरेपछि प्रदेशले रायसहित केन्द्रमा सिफारिस गर्छ,' उनले भने, 'संघीय संसदीय बोर्डमा नाम पठाउँदा निर्वाचन क्षेत्र समन्वय समिति, जिल्ला समिति र प्रदेश समितिले गरेका निर्णयको प्रतिलिपिसमेत पठाउन भनिएको छ । केन्द्रमा नाम आइसकेपछि बन्दसूचीका उम्मेदवार छनोट गर्छौँ ।'

लोसपाले पनि समानुपातिक उम्मेदवार छनोट प्रक्रिया अघि बढाएको बताएको छ । 'सम्बन्धित जिल्ला कार्यसमिति र केन्द्रीय पदाधिकारीले सामूहिक छलफल गरेर पार्टी तथा राजनीतिक आन्दोलनमा योगदान पुर्‍याएकाको नाम सिफारिस गर्नुभएको छ । केन्द्रीय पदाधिकारी र यसअघि समानुपातिकबाट अवसर लिएकाहरू यसपटक समानुपातिकमा आउनुभएको छैन,' महासचिव सुरेन्द्र झाले भने, 'बिहीबार पहिलोचरणको छनोट हुन्छ । त्यसपछि शुक्रबार शीर्ष तहमा छलफल गरेर नामलाई अन्तिम रूप दिन्छौँ । र, बन्दसूची तयार पार्छौँ ।'

त्यस्तै, राप्रपाले पनि समानुपातिक उम्मेदवार छनोट सुरु भएको जनाएको छ । तर, राप्रपा नेपालसँगको एकता प्रक्रिया चलेकाले समानुपातिक उम्मेदवार छनोटबारे पछि मात्र जानकारी दिन सकिने प्रवक्ता मोहन श्रेष्ठले बताए ।

प्रधानमन्त्री कार्की...

पृष्ठ १ बाट क्रमशः

यसअघि मंगलबार राष्ट्रपति कार्यालयमा भएको भेटवार्तामा प्रधानमन्त्री र प्रमुख दलका शीर्ष नेताहरूबिच चुनावी वातावरण बनाउने समझदारी जुटेको थियो । त्यसका लागि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री कार्कीले विस्तृत छलफल राख्ने समझदारी बनेको थियो ।

'निर्वाचन दूत'को दौडधुप, ओलीको स्थानहद हट्न सक्ने

चुनावी संशय हटाउने उद्देश्यसहित सरकारका 'निर्वाचन दूत'का रूपमा सक्रिय सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शुक्रबार प्रमुख दलका शीर्ष नेताहरूसँग भेटवार्ता गरेका छन् । प्रधानमन्त्री सुशीला कार्कीको सन्देश बोकेर भेट गरेका मन्त्रीले एमाले अध्यक्ष केपी ओलीको स्थानहद हटाएर चुनावका लागि विश्वासिलो वातावरण बनाउन सकिने संकेत दिएका छन् । प्रधानमन्त्री कार्कीले चुनावी वातावरण बनाउनकै लागि छलफल गर्न लागेको सन्देश बोकेर खरेल शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष ओली र नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डको निवास पुगेका थिए । ओलीसँग गुनडुस्थित निवासमा भेट गरेपछि खरेलले सरकार सबै प्रकारका अल्झन, बल्झन, अप्ठ्यारा र चुनौती हटाउँदै निर्वाचनको गन्तव्य सुनिश्चित गर्ने तयारीमा रहेको बताए ।

ओलीसँगको भेटपछि सञ्चारकर्मीहरूले स्थानहद हटाउने मागबारे सरकारको धारणा के हो भन्ने प्रश्न गर्दा मन्त्री खरेलले सरकारले त्यसतर्फ सोचिरहेको स्पष्ट संकेत गरे । 'निर्वाचन महायज्ञ हो । यसको आसपास रहेका अल्झन, बल्झन, अप्ठ्यारा, चुनौती र समस्याहरू हटाएर निर्वाचनको गन्तव्यमा पुग्ने वातावरण बनाउने दायित्व सरकारको हो,' खरेलले भने ।

एमालेजस्तो प्रमुख दलका अध्यक्षले चुनावी वातावरण र सुरक्षा चुनौतीबारे सुझाव दिनु स्वाभाविक र सकारात्मक भएको भन्दै सरकार त्यस्ता सुझाव स्वीकार गर्दै वातावरण निर्माणमा केन्द्रित हुने स्पष्ट पारे । 'एमालेजस्तो महत्त्वपूर्ण दलको अध्यक्षले नै सुरक्षा चुनौती छ, चुनावी वातावरण बनाइनुपर्छ भन्नुभएको छ भने त्यो जायज कुरा हो,' उनले भने, 'निर्भय र निष्पक्ष चुनावका लागि सुरक्षाको वातावरण बनाउन सरकार प्रतिबद्ध छ ।'

मन्त्री खरेलले यसअघि कांग्रेस सभापति शेरबहादुर देउवालाई महाराजगन्जस्थित निवासमा भेटेका थिए । त्यसपछि उनले एमाले अध्यक्ष ओली र अन्त्यमा नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डसँग भेटवार्ता गरेका थिए । कांग्रेस सभापति देउवाले आफ्नो पार्टीको प्राथमिकता संसद् पुनर्स्थापना नभएर चुनाव भएको प्रस्ट्याएको र नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डले पनि २१ फागुनको चुनावको विकल्प नभएकाले सघाउने प्रतिबद्धता जनाएको खरेलको दाबी छ । 'शेरबहादुर देउवाले कांग्रेसको प्राथमिकता निर्वाचन नै हो, संसद् पुनर्स्थापना होइन भन्नुभएको छ,' खरेलले भने, 'कांग्रेसले निर्वाचन समयमै सम्पन्न गर्न आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । प्रचण्डले पनि निर्वाचनको विकल्प नभएकाले जसरी पनि २१ फागुनमै चुनाव हुनुपर्छ भन्ने दोहोर्‍याउनुभएको छ ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १२ पुस ०८२
nayapatrikaofficial @nayapatrika

राजनीतिमा कलाकार

निर्वाचन नजिकिँदै गर्दा कलाकारहरू राजनीतिमा सक्रिय हुनुलाई कतिले उचित ठानेका छन्, कतिले शक्तिप्रतिको मोह

राजनीति

● पवन बराइली



यस दशमा निर्वाचन नजिक आउँदा पार्टीहरू मात्रै सक्रिय हुँदैनन्, कलाकार पनि सक्रिय हुन्छन् । नयाँ राजनीतिक दलका कार्यालयमा अभिनेता, अभिनेत्रीदेखि, निर्देशक, निर्मातासम्म पुग्छन् । टेलिभिजनका पर्दामा चुनावी भाषण गर्दै गरेका नेता मात्रै देखिँदैनन्, सिनेमामा देखिने कलाकार पनि देखिन्छन् । निर्वाचन नजिकिँदै गर्दा कलाकारहरू राजनीतिमा सक्रिय हुनुलाई कतिले उचित ठानेका छन् भने कतिले शक्तिप्रतिको मोह ठानेका छन् ।

हालै अभिनेत्री रिमा विश्वकर्मा 'उज्यालो नेपाल पार्टी'मा प्रवेश गरेकी छन् । सो पार्टीको उनी केन्द्रीय सदस्य बनेकी छिन् । अभिनेत्री निशा अधिकारी 'गतिशील लोकतान्त्रिक पार्टी'मा केन्द्रीय सदस्य बनेकी छिन् । अर्की अभिनेत्री तथा मोडल एलिजा गौतम 'आम जनता पार्टी' (आजपा) प्रवेश गरेकी छिन् ।

चलचित्र निर्देशक मीन भाम नेपाली कांग्रेसबाट चुनाव लड्ने तयारीमा छन् । लोकगायिका रिता थापा मगर नेपाली कांग्रेस धादिङ क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार सिफारिस भएकी छिन् ।

केही कलाकार खुलेरै राजनीतिमा लागेका छन् भने केही पृष्ठभूमिमा बसेर सघाइरहेका छन् । निर्देशक निश्चल बस्नेत, रवीन्द्रसिंह बानियाँलगायतले नयाँ राजनीति पार्टीलाई सघाइरहेको देखिन्छ । रास्वपाले समानुपातिक उम्मेदवारको रूपमा खोटाङबाट गायिका सत्यकला राईलाई अघि सारेको छ ।

■ पार्टी प्रवेश गर्ने लहर

पञ्चायतकालमा पनि सत्तामा पुग्न चाकडी गर्ने परम्परा रहेको देखिन्छ । २०४६ को परिवर्तनपछि कलाकारहरू फाट्टफुट्ट राजनीतिमा लागे पनि लहरकै रूपमा प्रवेश गरेको देखिन्न । तर, गणतन्त्रपछि भने कलाकारहरू पार्टीमा प्रवेश गर्ने लहर ह्वात्तै बढेको देखिन्छ । यसको एउटा उदाहरण हो, तत्कालीन माओवादीमा सयभन्दा धेरै कलाकारको पार्टी प्रवेश । २०६५ मा राजेन्द्र खड्गी, युवराज लामा, मौसमी मल्ल, चेतन सापकोटा, उदय सुब्बा, विमला केसी, छविराज ओझा, राजु केसी, अञ्जु पन्त, रेखा थापालगायतका कलाकार माओवादी प्रवेश गरे । पछि रेखा थापा माओवादी परित्याग गरी राप्रपामा प्रवेशमा गरिन् । थापा राप्रपाको महाधिवेशनमा महामन्त्री पदमा उम्मेदवार बनिन् र पराजित भइन् ।

अखिल नेपाल चलचित्रकर्मी संघका पूर्वअध्यक्ष तथा चलचित्रकर्मी केपी पाठक २०६५ सालतिर एक सयभन्दा धेरै कलाकार तत्कालीन माओवादी पार्टीमा प्रवेश गरेको बताउँछन् । 'नयाँ शक्तिहरूमा कलाकारको आकर्षण हुनु स्वाभाविक हो । त्यसवेला धेरै कलाकार तत्कालीन माओवादी पार्टीमा प्रवेश गरेका थिए,' उनी भन्छन्, 'त्यसवेला अभिनेता निर शाहले तत्कालीन माओवादीलाई समर्थन गर्नुभएको थियो । मलाई अझै याद छ, उहाँले मञ्चबाट तत्कालीन माओवादीलाई समर्थन गर्दै लामो भाषण गर्नुभएको थियो ।'

माओवादी केन्द्रको महाधिवेशनमा चलचित्रकर्मी युवराज लामा प्रदेश २ बाट महाधिवेशन प्रतिनिधि बनेर सहभागी भएका थिए । निर्देशक छवि ओझा माओवादी केन्द्रनिकट चलचित्र संघको विशेष समितिको अध्यक्ष चयन भएका थिए ।

नेपाली कांग्रेसको १४औँ महाधिवेशनमा निर्माता तथा अभिनेता रोज राणा, कलाकार शिवशंकर रिजाल (जोगिन्दर), लोकगायक विमलराज क्षेत्री, कलाकार शिवहरि बैरागी, तीर्थ थापा, निर्देशक सम्झना रौनियारलगायत विभिन्न जिल्लाबाट महाधिवेशन प्रतिनिधि बनेका थिए ।

अभिनेत्री करिश्मा मानन्धर पनि केही समयअघिसम्म राजनीतिमा सक्रिय थिइन् । उनी सुरुमा डा. बाबुराम भट्टराईको 'नयाँ शक्ति पार्टी'मा आबद्ध थिइन् । पछि एमालेमा प्रवेश गरिन् र त्यो पार्टी पनि छाडिन् । गायिका कोमल ओली पनि रेडियो नेपालको जागिर छाडेर राप्रपामा प्रवेश गरेकी थिइन् । पछि उनी नेकपा एमालेमा आबद्ध भइन् र राष्ट्रिय सभा सदस्य तथा एमाले केन्द्रीय सदस्यसमेत बनिन् । नेकपा एमालेसँग आबद्ध रहेका दिनेश डिसी चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त भए । गायिका ज्योति मगर पार्टी प्रवेश गरेको घोषणा नगरे पनि एमाले महाधिवेशनमा केपी ओली प्यानललाई भोट माग्न पुगिन् ।

■ पटक-पटक पार्टी परिवर्तन

गणतन्त्र स्थापनापछि कलाकारमा राजनीतिक आकर्षण बढ्दै गएको देखिन्छ । पछिल्ला एक दशकयता सयौँ कलाकार विभिन्न राजनीतिक दलमा आवद्ध भए । कलाकारिताबाट नाम दाम कमाएका कलाकारको राजनीतिक दलमा प्रवेशले एक समय ठुलो चर्चा हुन्छ । तर, समय बित्दै जाँदा उनीहरूको राजनीतिक यात्रा असफलतामा पुगेर टुंगिन्छ । उचित भूमिका र अपेक्षित सफलता नपाउँदा नेता बनेका कलाकार निराश हुन्छन् । कतिपय फेरि कलाकारितामै फर्किन्छन्, कतिपयचाहिँ अर्को पार्टी चाहार्न पुग्छन् । हेरौँ केही उदाहरण :

मोडल तथा कलाकार एलिजा गौतम नागरिक उन्मुक्ति पार्टी छाडेर 'जनादेश पार्टी नेपाल'मा आबद्ध थिइन् । अधिवक्ता रमणकुमार कर्णको नेतृत्वमा स्थापना भएको पार्टीमा उनी संस्थापक उपाध्यक्ष थिइन् । तर, केही दिन नबित्दै उनी प्रभु साह नेतृत्वको आजपामा प्रवेश गरिन् ।

अभिनेता भुवन केसी एमालेमा प्रवेश गरेर एकाएक चर्चामा आए । केसीले दोस्रो संविधानसभा निर्वाचनमा काठमाडौं १ बाट टिकट पाउने चर्चा चल्यो । तर, केसीको नाम अन्तिममा काटियो । एमालेले टिकट नदिने भएपछि केसी तत्कालीन राप्रपा नेपालमा जाने हल्ला चल्यो । पार्टी परिवर्तन गर्ने थाहा पाएपछि उनलाई पार्टीमै रोकियो । तर, एमालेबाट उनले टिकट पाएनन् । राजनीतिमा आउने उनको रुचि सेलाएन । ०७९ को स्थानीय चुनावमा उनले उन्नत लोकतन्त्र पार्टीकातर्फबाट काठमाडौं महानगरपालिकाको मेयरमा उठ्ने घोषणा गरे । तर, केही दिनमै उनले फेसबुकमा स्टाटस लेख्दै मेयरमा उम्मेदवारी नदिने घोषणा गरे ।

केही समयपछि केसी नेपाली कांग्रेस प्रवेश गरे । उनीसँगै अभिनेत्री श्वेता खड्का र कलाकार संघका अध्यक्ष रवीन्द्र खड्का प्रवेश गरेका थिए । पार्टी प्रवेश गरेको केही समयपछि केसी चलत्रिच विकास बोर्डको अध्यक्षमा नियुक्त भए ।

रेखा थापा पनि तत्कालीन नेकपा माओवादीमा प्रतिनिधिसभा निर्वाचनमा टिकट नपाएपछि ०७३ मा माओवादी छाडेर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रवेश गरिन् । हाल पनि राप्रपामै सक्रिय छिन् ।

निर्देशक तथा कोरियोग्राफर रेनेशा बान्तवा राई इलामबाट महाधिवेशन प्रतिनिधिमा पराजित भएकी थिइन् । रोज राणा प्युठानबाट सर्वसम्मत रूपमा प्रतिनिधि चयन भएका थिए । त्यस्तै, गायक विमलराज क्षेत्री केन्द्रीय सदस्यमा उम्मेदवार बने, तर पराजित भए । हास्य कलाकार हिमेश पन्त रास्वपामा प्रवेश गरे । उनी धादिङबाट चुनाव उठे, तर जित्न सकेनन् । उनी कलाकारितामै फर्किएका छन् ।

> कलाकारिताबाट नाम दाम कमाएका कलाकारको राजनीतिक दलमा प्रवेशले एक समय ठुलो चर्चा हुन्छ । तर, समय बित्दै जाँदा उनीहरूको राजनीतिक यात्रा असफलतामा पुगेर टुंगिन्छ । उचित भूमिका र अपेक्षित सफलता नपाउँदा नेता बनेका कलाकार निराश हुन्छन् । कतिपय कलाकारितामै फर्किन्छन्, कतिपयचाहिँ अर्को पार्टी चहार्न पुग्छन् ।

कलाकारिता र पत्रकारिताबाट राजनीतिमा आएकी कोमल ओली पहिला राप्रपामा आबद्ध थिइन् । एमालेबाटै सांसदसमेत भइसकेकी उनी भर्खरै सम्पन्न एमाले महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएकी छिन् ।

चलचित्रकर्मी केपी पाठक कलाकारको राजनीतिक आकर्षणलाई 'पोलिटिकल ग्ल्यामर' का रूपमा विश्लेषण गर्छन् । उनको बुझाइमा राजनीतिमा धैर्यता चाहिन्छ । तर, कलाकारमा धैर्यता छैन । उनी भन्छन्, 'राजनीति आफैंमा लामो समयको यात्रा हो । राजनीतिमा लागेका अधिकांश कलाकारमा सांसद र मन्त्री हुने लोभ देखिन्छ ।'

चलचित्र समीक्षक डा. सचिन घिमिरेका अनुसार नेपाली राजनीतिमा कलाकारको प्रवेश प्रायः लोकप्रियताका रूपमा प्रयोग हुने गरेको छ । 'पार्टीहरूले कलाकारलाई जनसमर्थन तान्न अगाडि सारेको देखिन्छ । कलाकारहरूले राजनीतिलाई वैकल्पिक करियर र दीर्घकालीन सुरक्षा क्षेत्रका रूपमा हेरेको देखिन्छ । तर, समस्या त्यहाँ सुरु हुन्छ, जहाँ लोकप्रियता विचार, नीति र संगठन निर्माणमा रूपान्तरण हुन सक्दैन,' उनी भन्छन्, 'अधिकांश कलाकार पार्टीभित्र निर्णय प्रक्रियामा प्रभावशाली बन्न सकिरहेका छैनन् । कलाकारहरू केन्द्रीय सदस्य, प्रतिनिधि वा पदाधिकारी बने पनि नीति निर्माण, वैचारिक बहस र सांगठनिक नेतृत्वमा सीमित भूमिकामै अड्किएका छन् ।'

राजनीतिमा टिक्न देश र समाजको सेवाभाव लिएर आउनुपर्नेमा नेत्री ओलीका जोड छ । भन्छन्, 'पद, प्रतिष्ठा र चर्चाको लोभले राजनीतिमा प्रवेश गर्दा जनताले स्वीकार गर्दैनन् ।'

■ राजनीतिमा किन टिक्दैनन् कलाकार ?

नेत्री ओली पार्टीभित्र र बाहिर दुवै ठाउँमा राजनीति गर्नुपर्ने बाध्यता रहेको बताउँछिन् । विशेष गरी पार्टीभित्रको राजनीति झनै कठिन हुने उनको अनुभव छ । लामो समयदेखि राजनीतिमा सक्रिय नेताहरूसँग प्रतिस्पर्धा गर्नुपर्दा बाहिरबाट आएका व्यक्तिलाई थप चुनौती हुने उनले बताइन् । भन्छिन्, 'लामो समयदेखि राजनीति गरेकाहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । त्यहाँ राजनीतिमा काम गर्दै आएका मान्छेहरू हुन्छन् । हामी बाहिरबाट जानेहरूले राजनीति गर्नुपर्ने हुन्छ । यो प्रतिस्पर्धा निकै गाह्रो काम हो ।'

'उज्यालो नेपाल पार्टी'की केन्द्रीय सदस्य रिमा विश्वकर्मा भन्छिन् 'कलाकारले समाज रूपान्तरणको बीउ रोप्छ । राजनीतिको प्रभुत्व केवल शक्ति व्यवस्थापनद्वारा मात्र हुँदैन, सहमतिद्वारा पनि हुन्छ । त्यो सहमतिको विकास र वैकल्पिक चेतनाको निर्माणमा कलाले भूमिका खेल्छ । त्यसैले कलाकारलाई सतही रूपमा परिभाषित गर्दा अन्याय हुन्छ ।'

चलचित्रकर्मी पाठक थप्छन्, 'विगतमा शक्तिका रूपमा उदाएका पार्टीमा पनि कलाकार सहभागिता बढ्दो थियो । तत्कालीन माओवादी पार्टीमा कलाकार प्रवेशको लहर थियो । अहिले नयाँ पार्टीमा कलाकारको आकर्षण देखिन्छ ।' उनका अनुसार कलाकारको राजनीतिमा उपस्थिति बढ्नु लोकतन्त्रका लागि नकारात्मक होइन । तर, समस्या कलाकार आफैंले राजनीतिलाई कति गम्भीर रूपमा लिन्छन् भन्ने हो । धेरै कलाकार आन्दोलन, विचार र दीर्घकालीन राजनीतिक प्रशिक्षणविना नै राजनीतिमा प्रवेश गर्छन् । जसका कारण उनीहरू चुनाव, महाधिवेशन वा आन्तरिक शक्ति संघर्षमा टिक्न सक्दैनन् ।

लेखक तथा राजनीतिक विश्लेषक युग पाठकको बुझाइमा सत्ताको सबैभन्दा महत्त्वपूर्ण औजार राजनीति हो । 'मानिसको उपेक्षा र पीडालाई सम्बोधन गर्न सक्ने अभ्यास नै राजनीति हो, त्यही अभ्यासबाट नेता जन्मिन्छन् । कुन उद्देश्यले राजनीतिमा प्रवेश गरियो ? राजनीति गर्न ज्ञान लिन, व्यवहार सिक्न, जनताका मुद्दा बुझ्न र विचारधारा माझ्न समय र मिहिनेत चाहिन्छ,' उनी भन्छन्, 'राजनीति भनेको धेरै मानिसको नेतृत्व गर्ने अभ्यास हो भने राज्यसत्ता आममानिसको शक्तिको बलमा उभिएको सत्ता हो । त्यो शक्तिलाई आफ्नो विश्वासमा कसरी लिन सकिन्छ भन्ने नै राजनीतिको मूल प्रश्न हो ।'

राजनीतिमा लाग्न विचारधारा आवश्यक पर्ने विश्लेषक पाठकको भनाइ छ । 'राजनीति शक्तिको खेलसँग जोडिएको हुनाले शक्तिको रापताप सहन सक्ने क्षमता पनि राजनीतिमा सक्रिय व्यक्तिसँग हुनुपर्छ । कलाकारसँग क्षमता हुँदैन भन्ने होइन, हरेक मानिससँग आ-आफ्नो क्षमता हुन्छ । तर, यो क्षमता कलाकारिताको क्षेत्रमा काम गर्ने व्यक्तिसँग कति हुन्छ भन्ने प्रश्न हो,' उनी भन्छन् । राजनीतिक कला र ज्ञान व्यवहारमा उतार्न लामो साधना चाहिने उनको पनि भनाइ छ ।

'साँच्चै राजनीति गर्नु भनेको समय, ज्ञान र व्यवहारको निरन्तर अभ्यास हो । राजनीति पनि अन्य विधाजस्तै साधना गर्नुपर्ने क्षेत्र हो । राम्रो लेखक बन्न १० वर्ष लाग्न सक्छ, राम्रो कलाकार बन्न पनि लामो समय चाहिन्छ,' पाठक भन्छन्, 'त्यसैगरी, राम्रो नेता बन्न वा राजनीतिक पात्रका रूपमा स्थापित हुन पनि समय लाग्छ ।'

पाठकको बुझाइमा 'फ्यान फलोइङ'लाई नै राजनीतिक पुँजी ठान्नुहुँदैन । 'त्यो कलाकारिताको पुँजी हो । कलाकारिताको पुँजी सजिलै राजनीतिक पुँजीमा रूपान्तरण हुन्छ भन्ने हुँदैन । राजनीतिमा टिक्न राजनीतिक पुँजी नै आर्जन गर्नुपर्छ,' उनी भन्छन् । पाठकसँग सहमति छिन् एमाले नेत्री ओली । उनी कलाकारको जीवन र राजनीतिकर्मीको जीवनबिच ठुलो अन्तर रहेको बताउँछिन् । भन्छिन्, 'राजनीतिमा आएपछि निश्चित विचार र वाद बोकेर हिँड्नुपर्ने हुन्छ, जसले गर्दा पहिलेको फ्यान फलोइङलाई आफ्नो राजनीतिक विचारमा रूपान्तरण गर्न सकिँदैन । कलाकार हुँदाको फ्यान फलोइङलाई राजनीतिमा प्रयोग गर्न सकिन्छ भन्ने सोच गलत हो ।'

तर, नेतृ विश्वकर्मा कलाकारलाई कम आँक्न नमिल्ने मत राख्छिन् । उनी कलाकारसँग समाजको अनुभव, चेतना र यथार्थलाई अर्थपूर्ण र सिर्जनशील ढंगमा अभिव्यक्त गर्ने सीप हुने धारणा राख्छिन् । कलाले समाजको चेतना विकासमा अहं भूमिका खेल्ने र राजनीतिले त्यो चेतनालाई समाज रूपान्तरणमा लगाई नीति-निर्माण र शक्ति व्यवस्थापन गर्नुपर्ने उनको तर्क छ । भन्छिन्, 'कलाकारले समाजलाई मानविय संवेदनामा बाँधेर सहअस्तित्व र सहिष्णुता कायम गर्न सक्छ, जुन राजनीतिज्ञका निमित्त चुनौतीपूर्ण हुन सक्छ ।'

अध्येता जेवी विश्वकर्माका अनुसार पछिल्लो समय आफ्नो लोकप्रियतालाई राजनीतिक भोटमा रूपान्तरण गर्ने सोचले कलाकार राजनीतिमा आएको बताउँछिन् । कलाकारमा कलाकारिताको लोकप्रियतासँगै राजनीतिमा सजिलै शक्तिमा पुगिन्छ भन्ने भ्रम देखिन्छ । 'राजनीतिमा प्रवेश गर्दै गर्दा समाजको अर्थ-राजनीति बुझ्न जरुरी हुन्छ । हामी कुन राजनीतिक प्रणालीमा छौं ? समाजको राजनीतिक शक्ति सम्बन्ध कस्तो छ ? राजनीतिक रूपान्तरणका विचार, दृष्टिकोण र रणनीति के हुन् ? हाम्रो समाज किन जटिल अवस्थामा अड्किएको छ ? यस्ता विषयमा गहिरो अध्ययन आवश्यक हुन्छ । तर, समाज, राजनीतिक व्यवस्था, अर्थतन्त्र र वर्तमान संकटका ऐतिहासिक कारणलाई बुझेर यी समस्यालाई हल गर्ने आत्मविश्वाससहित राजनीतिमा आउने कलाकार अत्यन्तै कम देखिन्छन्', उनी भन्छन् ।

उनको बुझाइमा कलाकार चिन्तन, विचार, दृष्टिकोण र बहससहित राजनीतिमा आएको देखिँदैन । राजनीतिमा लामो समयदेखि चलेको सामाजिक, आर्थिक प्रणाली, शासकीय पद्धति र राजनीतिक संस्कृतिको परिणाम बुझ्नुपर्ने उनको तर्क छ । उनी भन्छन्, 'समाजको गम्भीरता र जटिलतालाई बुझेर राजनीतिमा आएमा नयाँ ढंगले समाज र राजनीतिलाई रूपान्तरण गर्ने सम्भावना रहन्छ । तर, अधिकांश कलाकार गहिरो चिन्तन, विचार, दृष्टिकोण र बहससहित राजनीतिमा आएको देखिन्न । यहीकारण राजनीतिमा आउने र हराउने क्रम दोहोरिइरहेको छ ।'

दीर्घकालीन रूपमा राजनीतिमा टिक्न तत्काल देखिएको समस्या मात्रै हेरेर लाग्दा समाधानसम्म पुग्न नसकिने उनको मत छ । ऐतिहासिक कारण खोज्नुपर्ने र नेपाली समाजको विविधताको अध्ययन गर्नुपर्ने उनी बताउँछिन् । उनी भन्छन्, 'राजनीति शक्ति अभ्यास गर्ने बृहत्तर क्षेत्र हो, त्यहाँ गएर आफ्ना समुदायका मुद्दालाई समग्र राष्ट्रिय राजनीतिसँग जोडेर उठाउन सके मात्र रूपान्तरण सम्भव हुन्छ ।'

संस्कृति जोगाउँदै 'भुवा'







परम्परा



● गगन अयडी

परम्परादेखि मनाउँदै आएको भुवा पर्व बाजुरामा आपसी सद्भाव, सामाजिक एकता कायम राख्ने उद्देश्यले मनाइँदै आएको मौलिक पर्व हो । यो पर्व वर्षमा एकपटक मनाउने प्रचलन रहेको छ । परम्पराअनुसार यो पर्व हरेक वर्ष पुस १ गतेदेखि सुरु भई कम्तीमा तीनदेखि पाँच दिनसम्म मनाइन्छ ।

बाजुरा जिल्लाका नौवटा स्थानीय तहमा यो पर्व भव्य रूपमा मनाइने गरिन्छ । भुवा पर्वले बाजुराको परम्परागत संस्कृति जोगाउँदै आएको स्थानीयवासी बताउँछन् । पौराणिक कथनअनुसार पाण्डवहरूले युद्धमा विजय प्राप्त गरेपछि खुसियालीस्वरूप मनाएको उत्सवसँग जोडेर भुवा पर्व मनाइने चलन रहेको छ ।

भुवा पर्वलाई भस्सी जात्रा, भस्सो वा भुवा पर्व पनि भनिन्छ । पश्चिम नेपालको पहाडी जिल्ला बाजुरा, बझाङ, दार्चुला तथा भारतको उत्तराखण्ड क्षेत्रमा समेत यो पर्व मनाइन्छ ।

यस वर्ष भुवा पर्व पुस ३ गतेदेखि ९ गतेसम्म मनाइयो । बाजुराको त्रिवेणी, बुढीनन्दा, बडिमालिका, बुढीगंगा, गौमुल, खप्तड छेडेदहलगायतका स्थानीय तहहरूमा विभिन्न सांस्कृतिक कार्यक्रमसहित पर्व मनाइयो ।

पर्व व्यवस्थापन समितिका संयोजक उमाकान्त उपाध्याय परम्परागत संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले भुवा पर्व भव्य रूपमा मनाइएको बताउँछन् । उनका अनुसार यो आपसी सद्भाव, भेटघाट र मित्रता सुदृढ गर्ने प्रमुख माध्यम पनि हो ।

बडिमालिका नगरपालिका- ७ का तुलादेवी उपाध्याय परम्परागत संस्कृतिको संरक्षण गर्न आवश्यक रहेको बताउँछन् । अर्का स्थानीय हिरालाल उपाध्यायका अनुसार रातभर मुढा सल्काएर भुवा खाडामा रमाइलो गरिन्छ । बिहान निगालाका झरो सल्काएर भोस्सो खेलिन्छ । जसलाई राँका सल्काउनु भनिन्छ । राँका खेलिसकेपछि खोलामा गई नुहाउनुपर्छ ।

'पुसको चिसो रातमा नुहाउँदा छालासम्बन्धी रोग निर्मूल हुनुका साथै मान्छेमा शक्ति पैदा हुने र राक्षस डराउने किंवदन्ती छ,' उनी भन्छन् ।

महाभारतको कथा र पाण्डव र कौरवको युद्ध गाथामा आधारित भुवा पर्वलाई स्थानीयले 'भोस्सो' पनि भन्छन् । भुवा पर्व पुसे औंसीको अघिल्लो मध्यरातबाट सुरु हुन्छ । जसको आफ्नै ऐतिहासिक पक्ष छ । यो पर्वमा ढाल र तरबारसहित चाली खेल्ने प्रचलन रहँदै आएको छ ।

पुसे औंसीको राति भुवा खाडोमा आगो बालेपछि यो पर्व सुरु हुन्छ । स्नान गरी बालिएको आगो तापेर घरमा मिठो-मसिनो खाना बनाई खाइन्छ । सोही रात र प्रतिपदाका दिन लत्ताकपडा धुने र आफ्ना ढाल तरबारलाई चम्किलो बनाउने गरिन्छ ।

मुढा बालेको रातभर देउडा खेली भोलिपल्ट बिहान भारी खेल खेल्ने प्रचलन रहेको छ । पहिलो दिन आफन्तहरू एक ठाउँमा जम्मा हुने, रमाइलो गर्ने र राति धुनी जगाउन काठका ठुल्ठुला मुढा बाल्ने प्रचलन छ । जसमा पाण्डव र कौरवको लडाइँ र वीरगाथा गाइन्छ । यस पर्वलाई असत्यमाथि सत्यको विजय भएको दिनको रूपमा लिने गरिन्छ ।

> भुवा पर्वको अवधिभर पुरुषहरू हातमा तरबार र खुकुरी लिएर युद्धकलाको प्रदर्शनी गरी आत्मीयता, भाइचारा र सद्भाव बाँड्ने परम्परा छ । लोक-संस्कृतिको जगेर्ना गर्ने लक्ष्यका साथ मनाइने भुवा पर्व शतकर्मको प्राप्ति, आदर-सत्कारको भावना र मनोरञ्जनको विषयका रूपमा बाजुरामा परापूर्वकालदेखि मनाइँदै आएको छ ।


भुवा पर्वको अवधिभर पुरुषहरू हातमा तरबार र खुकुरी लिएर युद्धकलाको प्रदर्शनी गरी आत्मीयता, भाइचारा र सद्भाव बाँड्ने परम्परा छ । लोक संस्कृतिको जगेर्ना गर्ने लक्ष्यका साथ मनाइने भुवा पर्व शतकर्मको प्राप्ति, आदर सत्कारको भावना र मनोरञ्जनको विषयका रूपमा परापूर्वकालदेखि मनाइँदै आएको छ ।

यसपर्वमा गाउँमा छैट खेल्ने चलन छ । घरको जेठो छोरा जन्मेको एक वर्ष पूरा गरेपछि उसको घरमा गएर 'छैट' माग्ने गरिन्छ । छैटमा घरको आँगनमा भगवान् श्रीकृष्णको गाथा गाउने, बच्चालाई गाउँका ठुलाबडा मान्यजनले आशीर्वाद दिने र घरको मान्छेले सबै गाउँले बोलाएर भोज गर्ने चलन यस पर्वको मुख्य विशेषता हो ।

यस पर्व अवधिभर विभिन्न देउडा, मागल गाएर एकआपसमा मित्रता साटासाट गर्नु अर्को विशेषता हो । भुवा पर्वको अन्तिम दिन दिउँसो सबै मान्छे भुवा खेल्न जम्मा भई आफूभन्दा ठुलाबाट टीका लगाई आशीर्वाद लिने र चाली खेलेर समापन गर्ने गर्दछन् । जसलाई पिठायो लगाउनु पनि भनिन्छ ।

भुवामा विभिन्न धार्मिक आस्था समेटिएका मागल, जीवनशैली, विभिन्न पेसा-व्यवसायसँग सम्बन्धित गीत गाउँदै भारी खेल खेल्ने गरिएका छन् । बाजुरा जिल्लाको त्रिवेणी, कालापानी ताँप्रा रजातोली, मार्तडी, जुगाडा, पाण्डुसेन, बह्ममतोला, छतारालगायतका विभिन्न क्षेत्रमा विशेष धुमधामका साथ भुवा पर्व मनाउने प्रचलन रहेको छ ।

बाजुराका विभिन्न गाउँबस्तीमा पाँचदेखि सात दिनसम्म भव्य रूपमा भुवो मनाई रमाइलो गर्ने गरिन्छ । पुस महिनाको अति नै जाडोमा युवायुवतीको लर्को लाग्छ । नौ दिनसम्म लगातर मनाउने भुवा पर्वको अन्तिम दिन वैदिक धर्मअनुसार एकआपसमा सद्भाव र मेलमिलाप तथा भाइचाराकोसम्बन्ध स्थापित गर्ने उद्देश्यका साथ मान्यजन तथा ठुलाबडाबाट पिठायो लगाउने गरिन्छ ।



पाहुनाको सेवासँगै गाउँ जोड्दै काउलेपानी

गाउँतिर



● हरिशरण खनाल

बारीका केही कान्ला र केही पाटाको अन्तरमा झुरुप्प मिलेर बसेका २६ घर । आँखैअगाडि लहरै मुस्कुराइरहने हिमलुङ, मनास्लु, लमजुङ हिमाल, अन्नपूर्ण २, अन्नपूर्ण ४, अन्नपूर्ण साउथ, मार्दी, माछापुच्छे, हिमालचुली, बुद्ध हिमाललगायत हिमचुचुराहरू । मोहनी लगाउने शान्त र मनोरम वातावरण । गाउँको शिरमा फैलिएको घना जंगल, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, अनेकौं जीवजन्तुको ओहोरदोहोर एवं चराचुरुंगीको चिरबिराहटले भरिएको ठाउँ । यो ठाउँ हो, लमजुङको काउलेपानी ।

कक्षाकोठामा विद्यार्थीलाई स्याङ्जाको सिरुबारी, छिमेकी घलेगाउँलगायत देशका विभिन्न गाउँघरमा सञ्चालित 'होम-स्टे'बारे अध्यापन गराउँदा लमजुङ मावि, काउलेपानी (लमजुङ जिल्लाकै पहिलो स्कुल, जसका पहिलो प्रधानाध्यापक राष्ट्रकवि माधव घिमिरे थिए) का सामाजिक विषय-शिक्षक देवबहादुर गुरुङलाई आफ्नो गाउँमा पनि होम-स्टे सञ्चालन गर्ने हुटहुटी बारम्बार जागिरहन्थ्यो । तर, उनले आफ्नो यो हुटहुटी घर-परिवारकै सदस्यमाझ पनि सार्वजनिक गर्न सकेका थिएनन् । सन् २००८ देखि भने उनले घलेगाउँ, सिरुबारीलगायत विभिन्न स्थानका होम-स्टेको भ्रमण गरेरै त्यसबारे आवश्यक ज्ञान बटुले । झन्डै अढाइ वर्षको अध्ययनपछि बल्ल उनले गाउँमा होम-स्टे सञ्चालन गर्ने निधो गरे र गाउँलेसित सरसल्लाह गरे । गाउँलेलाई पनि उनको प्रस्ताव ठिक त लाग्यो तर होम-स्टे सञ्चालन गर्ने पूर्वाधार आफूहरूसित नभएकाले धेरैले सुरुमै हुन्छ भन्न सकेनन् । थप छलफलसँगै 'कन्भिन्स' गर्दै जाँदा सुरुमा बल्लतल्ल पाँच घरले सहमति जनाएपछि सन् २०११ मा अस्तित्वमा आयो काउलेपानी सामुदायिक होम-स्टे । एउटा गाउँमा कम्तीमा १० घर होम-स्टे हुनैपर्ने सामुदायिक होम-स्टेको कार्यविधिले गर्दा बिस्तारै घरहरू थपिएर १५ घर पुगे । हाल जम्मा १४ घरमा ९० जना पाहुनालाई सेवा दिन सक्ने क्षमता छ काउलेपानीसित ।

■ समाज फुट्न नदिने सोच

२६ घर भएको काउलेपानीमा १२ घर होम-स्टेबाहिरै थिए । उनीहरूलाई पनि होम-स्टेबाट हुने आर्थिक उपार्जनमा जोड्न नसके गाउँ भाँडिने या फुट्ने डर काउलेपानी सामुदायिक होम-स्टेका स्थापनाकालदेखि हालसम्मका अध्यक्ष देवबहादुर गुरुङलाई थियो । उनले होम-स्टे सञ्चालनमा आएका अन्य नमुना गाउँमा यो समस्या देखिसकेका थिए । होम-स्टे चलाउने र नचलाउने गाउँलेबिच अप्रत्यक्ष विवाद र फुट उनले अनुभव गरेका थिए । 'गाउँमा होम-स्टे नचलाउने घरपरिवारलाई होम-स्टेबाट हुने आर्थिक लाभसित जोड्न नसक्दा धेरै ठाउँमा गाउँ विभाजित भएका देखिए,' अध्यक्ष गुरुङ भन्छन्, 'गाउँघरमा बाटोघाटो, पानीपँधेरो सफा, मर्मत

साप्ताहिक राशिफल

१२ पुस (शनिबार)
१८ पुस (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

पारिवारिक भेटघाटको समय छ । अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ । स्थानान्तरण र टाढाको सम्भावना छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । लामो समयदेखि साताको अन्त्यमा साझेदार वा सहयोगीको संगतले लाभ प्राप्त हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

घरायसी सुखको अनुभूति हुनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । आँटेको र ताकेको कार्य पूरा होला । प्रतिस्पर्धी परास्त होलान् । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ । दाजुभाइ र दिदीबहिनीले दिएको सुझाबलाई पालना गर्दा लाभ प्राप्त हुन सक्छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ । चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ । रमाइलो र खानपिनको सम्भावना छ र त्यसबाट दीर्घकालीन रूपमा फाइदा पुग्नेछ । सेयरबजार र पेसा-व्यवसायका क्षेत्रमा फाइदा पनि हुनेछ । स्वास्थ्यमा अलि कमजोरी अनुभूति हुन सक्छ । साताको अन्त्यमा खर्चको मात्रा ह्वात्तै बढ्न सक्छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

रोकिएको काम दोहोऱ्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । आत्मबल र हिम्मत पनि बढ्नेछ । धार्मिक सामाजिक कार्यमा विशेष रुचि हुने देखिन्छ । अरूको मन जित्न पनि सकिनेछ । आफन्त र साथीभाइको सहयोग तथा हौसला प्राप्त गर्न गाह्रो हुन्छ । साताको अन्त्यमा अप्रत्याशित काम बन्ने योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा एकल तथा साझेदारी व्यवसायमा लगानी बढाई आम्दानी गर्न सकिनेछ । व्यापारकै सिलसिलामा लामो दूरीको यात्रा हुनेछ । साथीसंगी तथा नजिकका आफन्तबाट उपहार प्राप्त हुनेछ । काममा देखिएका बिघ्नबाधा हटाउन सकिनेछ । साताको अन्त्यमा हातमा अचानक सोच्दै नसोचेको धन प्राप्त हुन सक्छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

पत्नीको सहयोगले उपलब्धिमूलक काम गर्न सकिनेछ सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन् । विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । अनाहकमा अरूले गरेका गल्तीको पनि सजाय भोग्नुपर्ने अवस्था आउला ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

परिवार तथा सन्तानले व्यापारमा सहयोग गर्ने हुनाले मनग्गे धनआर्जन गर्न सकिनेछ । सेवामूलक काम वा शिक्षा क्षेत्रको कामबाट मनग्गे धनआर्जन गर्न सकिनेछ । कुनै महत्त्वाकांक्षी योजना कार्यान्वयन गर्न गोपनीय बाटोमा हिँड्नु राम्रो हुनेछ । टाढिएका साथीभाइ नजिकिनेछन् । साताको अन्त्यमा बोलेको कुराले विपरीत अर्थ प्रदान गर्न सक्छ विशेष सावधानी अपनाउनुपर्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा राजनीति तथा समाजसेवामा समय दिनेहरूका लागि समय मध्यम रहेकाले जनतासँग सन्तुलित व्यवहार गर्नुपर्नेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीलाई पार लगाउन सकिनेछ । दाजुभाइ र बन्धुबान्धवको काममा सहयोग लिन र दिन सकिने दिन छ । साताको अन्त्यमा उद्योग तथा बन्दव्यापारबाट प्रशस्त फाइदा मिल्ने समय छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ । सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । हाँकेका काममा सफलता आर्जन गर्न सकिनेछ । आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ । चिन्तन र विचारका बलमा समुदायमा आफ्नो साख जोगाउन सकिनेछ । प्रशंसकहरूले साथ दिनेछन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पारिवारिक भेटघाटको समय छ । विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला । प्रतिष्ठित कामले आत्मविश्वास बढाउनेछ । पठनपाठनमा प्रगति हुनेछ । स्वादिष्ट भोजनको अवसर मिल्नेछ । सहयोगीहरूले सकेको सहयोग गर्नेछन् । शुभचिन्तकको दृष्टि पर्नाले ताकेको काममा सफलता आर्जन हुनेछ । विभिन्न अवसरले पछ्याउनेछन् । छोराछोरीको स्वास्थ्य एवं पढाइप्रति जिम्मेवारी बोध हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा प्रविधिको प्रयोग गरी रचनात्मक काम गरी मनग्गे धनआर्जन गर्न सकिनेछ । बिग्रन लागेको कामबाट पनि धेरथोर लाभ नै मिल्नेछ । अरूको विश्वास जिते पनि आफन्तबाट धोका हुन सक्छ । कडा मिहिनेत र उचित सुझबुझका आधारमा प्रतिष्ठित काम गर्ने मौका छ । साताको अन्त्यमा छरछिमेकमा कसैसँग व्यर्थमा वादविवाद हुन सक्छ धैर्य गरी मिहिनेत गर्नुपर्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समयले गलत मार्गमा डोऱ्याउनाले व्यवहार बिग्रनेछ भने गलत संगतबाट सजक रहनुहोला । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । उठ्नुपर्ने रकम हातलागी हुने समय छ । पितृधनलाई उपयोग गर्न सकिनेछ । पढाइमा पनि राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान प्राप्त हुने योग छ । पारिवारिक आवश्यकता पूर्तिका लागि खटनु पर्नेछ । प्रयाससाध्य समय छ धैर्य गरी मिहिनेत गर्नुपर्नेछ ।

यात्रा



● डा. सुमनराज ताम्राकार

पछिल्लो समय विश्व परिवेशमा एउटा अभियान चलेको छ, 'टेक केयर अफ योरसेल्फ' । तर, एकपछि अर्को चोटबाट तँग्रिएकी कविता चित्रकार परोपकारमा पनि संलग्न छिन् । सानैदेखि आफ्ना इच्छा, आकांक्षा र सपनालाई परिवार र अरूको हितभन्दा पछाडि राख्ने कविताले आफ्नै लागि समय निकाल्न पाइनन् ।

आफ्नी आमा र दिदी क्यान्सरबाट निधन हुँदा साक्षी बनेकी कविता आफैंलाई पछि माथिल्लो चरणको स्तन क्यान्सर डायग्नोसिस हुँदा नराम्ररी भयभीत बनायो । सुरुमा उनी निकै डराइन् । तर, हिम्मत हारिनन् । येनकेन उपचार प्रक्रियामा लागिन् । उपचारपछि पनि उनको मानसिक स्फुर्तिमा आशातीत सुधार आएन । यसैवेला उनकी हितैषीले एउटा उपाय निकालिन्, साइकल चलाउन सिकाएर त्यसमा मन भुलाउने र मानसिक रूपमा व्यस्त बनाउने ।

तर, बाह्य संसार कहाँ सजिलो छ र ? केमोथेरापी लिइरहेकी कवितालाई भवितव्य





या निर्माण गर्न पनि होम-स्टेबाहिरका गाउँले तयार नहुने अवस्था देखियो ।' त्यसैले, गुरुङले आफ्नो गाउँका बाँकी १२ घरलाई पनि कुनै न कुनै रूपमा होम-स्टेसित जोड्ने योजना बनाए ।

अध्यक्ष गुरुङले होम-स्टेबाहिरका १२ घरलाई उत्पादन क्षेत्र घोषणा गरेर होम-स्टेमा पाहुना छिरेपछि सबै २६ घरमै धेरथोर पैसा छिर्ने व्यवस्था मिलाए । हाल पाहुनालाई स्वागत गर्ने पुष्पगुच्छा, सेलरोटीसहितको स्थानीय खाजा, बिदाइमा लगाइदिने माला र मायाको चिनो उत्पादन क्षेत्रमा रहेका परिवारले आआफ्नो समूहको पालोअनुसार तयार गर्छन् । खाजा तयार गर्ने भाँडाकुँडा र स्थान सामुदायिक भवनले नै उपलब्ध गराउँछ । उनीहरूले आवश्यक सामग्री ल्याएर सामुदायिक भवनमै खाजालगायत वस्तु तयार गर्छन् । यसका लागि पाहुनाबाट लिइने प्रतिव्यक्ति १२ सय रुपैयाँबाट नौ सय रुपैयाँ होम-स्टे सञ्चालकले पाउँछन् । दुई सय रुपैयाँ उत्पादन क्षेत्रको समूहले पाउँछ भने एक सय रुपैयाँ सामुदायिक कोषमा जम्मा हुन्छ र सामुदायिक काममै खर्च हुन्छ । उत्पादन क्षेत्रले उत्पादन गरेका कृषि उपज आवश्यक परेको अवस्थामा होम-स्टेवालाले खरिद गर्छन् । यस्तो व्यवस्थाले गर्दा प्रत्येक गाउँलेले काउलेपानी पुग्ने पाहुनालाई आफ्नै ठान्छन् । आआफ्नो लगानी र मिहिनेतअनुसार आर्थिक उपार्जन हुने भएकाले गाउँलेबिच कुनै मनमुटाव पनि छैन । यस्तो देख्दा आफ्नो योजना सफल भएको ठान्छन् अध्यक्ष गुरुङ ।

■ उत्पादनमा लगभग आत्मनिर्भर

आफूकहाँ आइपुग्ने पाहुनालाई स्थानीय अर्ग्यानिक उत्पादनको स्वाद चखाउँछन् । यहाँ धान, मकै, गहुँ, कोदो, फापर, साग, आलु, काउली, मुला, बन्दा, सिमी, इस्कुस, गोलभेँडा, डल्ले खुर्सानी आदि बालीनालीको उत्पादन हुन्छ । सुन्तला, एभोकाडो, ड्रागन फ्रुट, किवी, केरालगायत फलफूल पनि गाउँमै पाइन्छन् । सबैले आआफ्नो करेसाबारीमा च्याउ र अन्य कृषि उत्पादनका लागि टनेल बनाएका छन् । प्रायः सबैले भैँसी पालेका छन् । उनीहरूले मासुका लागि गिरिराज जातका कुखुरा पालेका छन् । कहिलेकाहीँ उनीहरूलाई अन्डा र मासु अपुग हुँदा छिमेकी गाउँबाट पनि ल्याउँछन् । ब्रोइलरको मासु र अन्डा भने उनीहरूको भान्छामा पुग्दैन ।

■ कोदोको सेलको 'ब्रेकफास्ट'

पाहुनालाई स्थानीय उत्पादनको स्वाद दिलाउनु नै काउलेपानीको विशेषता हो । दाल, भात, तरकारी, अचार, मासु, अन्डा, दुध, दही, घिउ आदि त यहाँका नियमित परिकारभित्रै पर्ने वस्तु भए । यससँगै अन्यत्र खासै नपाइने, नदेखिने या नसुनिने कोदाको सेल यहाँको विशेष आकर्षक परिकारमा पर्छ । हरेक होम-स्टे सञ्चालकले हरेक बिहान पाहुनालाई कोदाको सेलको ब्रेकफास्ट खुवाउँछन् । यहाँ पुग्ने पाहुनाले पछिसम्म सम्झिरहने परिकारमा पनि कोदोको सेल नै पर्छ । काउलेपानीमै भेटिएकी मोक्षदा स्कुल, काठमाडौंकी छात्रा मुस्कान भण्डारीले भनिन्, 'यहाँको कोदोको सेलको स्वाद बिर्सन नसकिने खालको छ ।'

■ नयाँ पुस्तालाई जोड्ने प्रयास

अहिले काउलेपानीका होम-स्टेलाई प्रायः ५० कटेको पुस्ताले धानिरहेको छ । नयाँ पुस्ताले भाषा, संस्कृति र परम्परा बिर्सेला कि भनेर यो पुस्ता चिन्तित छ । त्यसैले, उनीहरूले सामुदायिक भवनमा पाहुनालाई स्वागत गर्दा देखाइने घाटु नृत्य कलेजमा पढ्ने युवा र हाई स्कुल या आधारभूत तहमा अध्ययन गर्ने बालबालिका पुस्तालाई पनि सिकाइरहेको छ । उनीहरूमा भाषा, संस्कृति र परम्पराप्रति मोह जगाउन यो पुस्ताले विभिन्न चाडपर्व, पूजाआजा र संस्कारसम्बद्ध क्रियाकलापमा नयाँ पुस्तालाई पनि सरिक गराउँदै आएको छ । पुरानो पुस्ताले नयाँ पुस्तालाई आफ्नो भाषा पनि सिकाइरहेको छ । हाल दुई सय ७६ जनसंख्या रहेको काउलेपानीमा अध्ययनका लागि गाउँ छाडेर टाढा गएका बालबालिका तथा युवाले आफ्नो गाउँ, समाज भुल्लान् कि भनेर यहाँका अगुवा विशेष चिन्तित देखिन्छन् ।

यसका साथै, आफूपछिको पुस्ताले होम-स्टेलाई निरन्तरता दिनेमा पनि उनीहरू त्यति विश्वस्त देखिन्नन् । होम-स्टे सञ्चालिका मीनाकुमारी गुरुङलाई पनि वेलावेलामा यही चिन्ताले सताउँछ । 'खै, हामी बुढाबुढीले त जसोतसो अहिलेसम्म धानिरहेका छौँ,' गुरुङले भनिन्, 'तर, हामीपछिको पुस्ताले भने के गर्छ, यसै भन्न सक्ने अवस्था छैन ।' उनलाई आफूहरूको शेषपछि होम-स्टेका लागि बनाइएका संरचना खण्डहर बन्लान् कि भन्ने चिन्ता लाग्छ । 'होम-स्टेको आम्दानी ठिकै भए पनि अहिलेको पुस्ता 'ठिकै' आम्दानीबाट मात्र सन्तुष्ट हुन सक्दैन,' गुरुङ भन्छिन्, 'बढी खोज्ने दौडमा उनीहरू यहाँबाट पलायन होलान् र बनिसकेका संरचना खण्डहर बन्लान् कि भन्ने चिन्ता लागिरहन्छ ।'

तर, सामुदायिक होम-स्टेका अध्यक्ष देव गुरुङ भने आशावादी देखिन्छन् । 'हामीले विदेश गएर वर्षौंदेखि काम गरिरहेका कैयौँ दाजुभाइलाई यहीं सम्भावना देखाएर फर्काइसकेका छौँ,' अध्यक्ष गुरुङ भन्छन्, 'विदेशबाट फर्केर उहाँहरू विदेशमा भन्दा यहीं राम्रो कमाइ गरिरहनुभएको छ ।' विदेशबाट फर्केर यहीं रमाइरहेका अग्रज पुस्तालाई देखेर पनि काउलेपानीका युवाले बिदेसिने रहर नगर्लान् भन्नेमा गुरुङ आशावादी छन् । 'भविष्यमा अध्ययनका लागि अमेरिका या अस्ट्रेलिया कोही पुगे र पुगेका एकाध युवा उतै पलायन भए भने बेग्लै कुरा हो,' गुरुङ भन्छन्, 'नत्र, अन्य देशमा श्रम बेच्नकै लागि जान चाहने युवाचाहिँ हाम्रो गाउँमा त्यति देखिएका छैनन् ।'

■ काउलेपानी पुग्नेले के पाउँछ ?

काउलेपानी पुग्ने पाहुनाले प्रत्येक होम-स्टेका आँगनबाटै हिमचुलीहरूको दृश्यावलोकन गर्न सक्छन् । गाउँको सिरानमा बनेको 'भ्यु टावर'बाट एउटै 'पोजिसन'मा उभिएर आँखा मात्र घुमाएर एकसाथ १४ हिमाल देख्न सकिन्छ । काउलेपानीको सामुदायिक भवनदेखि होम-स्टेका प्रत्येक घरमा पुग्न ढुंगा छापिएका सफा गोरेटो बाटो निर्माण गरिएको छ । सामुदायिक भवनमा पुग्ने पाहुनालाई दहीमा मुछिएको सेतो टीका, नौवटा धागोबाट तयार गरिएको 'रिपु', पुष्पगुच्छा र दहीबाट स्वागत गरिन्छ । सामुदायिक भवनको हलमा होम-स्टेबारे जानकारी दिनुका साथै गुरुङ समुदायको घाटु नाचबाट पाहुनाको स्वागत गरिन्छ । अर्को दिन बिदा गर्दा स्थानीय सामग्रीबाट तयार गरिएको मायाको चिनोसँगै फूलको माला लगाएर बाटामा खान सेलको खाजासहित नाचगानसाथ बिदा गरिन्छ ।

समग्रमा काउलेपानी घुम्न चाहनेले दुई दिनको समय छुट्याउँदा ठिक हुने अध्यक्ष गुरुङ बताउँछन् । यहाँका यशोब्रह्म शाहको ऐतिहासिक तथा पुरातात्त्विक दरबार, कुसुन्डा राजाको ओढार, सिद्धि पाइला, सिद्धि चौतारी, कोटि हवन कुण्ड, कुकुर बाँध्ने ढुंगा, सुत्केरीले उठाएको ढुंगा, विभिन्न देवदेवीका मन्दिर र पुरानकोटसम्मको दर्शन र यात्रा गर्न दुई दिनको समय पर्याप्त हुन्छ । अध्यक्ष गुरुङका अनुसार पुरानकोटबाट एकसाथ कास्की, तनहुँ, स्याङ्जा, मनाङलगायत १४ जिल्लाको दृश्य देख्न सकिन्छ ।

...अनि भाषा जोगाउन लागेँ

भाषा



● चतुर्भुजलाल दास केवरत
भाषिक अभियन्ता



केवरत समुदायले आदिवासी जनजातिको रूपमा सूचीकृत हुन पाऊँ भन्दै सरकारसमक्ष अनुनय गरेको १७ वर्ष पूरा भयो । तर, अहिलेसम्म राज्यले केवरतलाई आदिवासी जनजातिको पहिचान दिएको छैन । २०६५ सालमा त्रिविका प्रा.डा. ओम गुरुङको संयोजकत्वमा गठित आदिवासी जनजाति पुनः सूचीकरण उच्चस्तरीय कार्यदल गठन भएको थियो । त्यस कार्यदलको तीन सदस्यीय टोली केवरत जातिको बसोवासमा स्थलगत भ्रमण गरेको थियो । टोलीले तीन दिन बसेर केवरत जातिका भाषा, संस्कार, संस्कृति, प्रथा प्रणाली र जीवनपद्धतिबारे प्राथमिक सामग्री संकलन गरेको थियो ।

त्यही क्रममा प्राप्त सामग्री, आइएलओ १६९ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको निमयअनुसार मिल्दोजुल्दो प्रमाणका आधारमा २५ वटा जाति समुदालाई आदिवासी जनजाति हुन् भनेर सरकारलाई अर्को वर्ष प्रतिवेदन बुझाएको थियो । तर, अझैसम्म त्यो कुरा मन्त्रिपरिषद्बाट अनुमोदन हुन सकेको छैन । ०७६ को माघमा राना थारूलाई तत्कालीन प्रधानमन्त्री केपी ओलीको ठाडो आदेशमा सूचीकरण गराइयो । तर, शक्तिमा हाम्रो पहुँच नभएकाले अझै पनि हामी आदिवासी जनजातिमा सूचीकृत हुन सकेका छैनौँ । अध्ययनका क्रममा केवरतको संस्कार, संस्कृति, जीवनपद्धतीलगायत आदिवासी जनजातिसँग मेल खान्छ । केवरत समुदायमा मूर्ति पूजा चलन थिएन । वनस्पति, बोटबिरुवा, पानी, माटोको पूजा गर्ने प्रचलन छ ।

राज्यले केवरत समुदायको वस्तुपरक अध्ययन गरेको छैन । किनभने केवरतलाई कुनै छलफल नै नगरी मधेशीमा राखिएको छ । कुनै पनि समुदायबारे अध्ययन-अनुसन्धान नगरी कुनै पनि क्लस्टरमा राख्नु उपयुक्त हुँदैन । तर, केवरतसँग कुनै छलफल, जानकारीविना मधेशीमा राखियो । राज्यले सामाजिक न्यायको सिद्धान्त, मानव अधिकारको सिद्धान्तका आधारमा यी कुरा सुनिश्चित गर्नुपर्ने हो । तर, तथ्य प्रमाण भएर पनि सूचीकृत हुन नपाउँदा पीडित भएका छौँ । राज्यबाट पाउनुपर्ने धेरै सेवा-सुविधाबाट वञ्चित भएका छौँ ।

केवरत समुदायको बसोवास मोरङको सुनवर्सी ननगरपालिका वडा- ४ का कासिजान (जिम्दार टोल, प्रधान टोल, स्कुल टोल) गोपी कामत टोल, वडा- ५ का गाइडेग्रा, बेलडांगी, रमनपुर, वडा- ६ का बाँसबारी, बिर्ता, तालगाछ, खिखिरडाडी र सरनपुर गाउँमा रहेका छन् । सोही नगरपालिका वडा- ७ को बारङगा र वडा ९ का चन्ननखारही र डाइनियाँ गाउँहरूमा केवरत जाति बस्छन् । रतुवामाई नरपालिकाले वडा- ३ को महादेवा पिढाली र वडा- ५ को कुइलडाडी रतिलालमा पनि केवरतको बसोवास छ ।

मोरङमा केवरत परापूर्वकालदेखि बस्दै आएका हुन् । यो समुदाय त्यहाँ बस्नुभन्दा अघि जंगल नै थियो । तर, राज्यको आधिकारिक अभिलेखमा केवरतबारे केही भेटिएको छैन । २००३ सालमा केवरत समुदायबाट मुक्तिलाल दास केवरतले जमिन्दारी किनेका थिए । जमिन्दारी किन्नु भनेको त्यतिवेला प्रभुत्वशाली समुदाय हो भन्ने संकेत गर्छ । मेरी आमापट्टिका हजुरआमाहरूले अढाई, तीन सय जति गाई पाल्थे । डेढ दुई सय बिघा जमिन भएको लालपुर्जा भेटिएको छ । लिखित प्रमाण केही नभएको लालपुर्जामा मात्र केवरत सिमित भएको पाइन्छ ।

■ अनि भाषा बोक्न थालेँ

गाउँमा रहदा मेरो समुदायबारे त्यति जानकारी थिएन । किनभने केवरत समुदायका बारेमा अध्ययन, अनुसन्धान केही भएको थिएन । केवरत समुदायका बारेमा जान्नैपर्ने गरी सचेतनाको काम पनि भएको थिएन । आफ्नै समुदायभित्र रहेकाले पहिचान खड्किएको महसुस पनि भएन । जब म अध्ययनको सिलसिलामा ०५० सालमा काठमाडौं आएँ । काठमाडौं आएपछि विभिन्न अभिलेख अध्ययन गर्न थालेँ ।

विभिन्न जात, समुदायकाबारे अनगिन्ती जानकारी हासिल गरेँ । तर, मैरे समुदायका बारेको केही पनि पाउन सकिनँ । केवरतको बारेमा शून्यता

> विविधता हाम्रो पहिचान हो । तर, एउटा समुदाय अभिलेखमा कहीँकतै छैन । जातीय, भाषिक, सांस्कृतिक चिनारी छैन । जातीय पहिचान नहुँदा विभिन्न अधिकारबाट वञ्चित हुने रहेछ ।

हुँदा मलाई व्यक्तिगतभन्दा सामुदायिक पहिचानकै समस्या अनुभूति भयो । विविधता हाम्रो पहिचान हो । तर, एउटा समुदाय अभिलेखमा कहिँकतै छैन । जातीय, भाषिक, सांस्कृतिक चिनारी छैन । जातीय पहिचान नहुँदा विभिन्न अधिकारबाट वञ्चित हुने रहेछ । राज्यले योजना निर्माण गर्दा जातीय क्लस्टर, सामाजिक, राजनीति, आर्थिक अवस्था पनि हेर्नेरहेछ । त्यहीअनुसार बजेट बाँडफाँड गर्नेरहेछ । स्तरोन्नतिका कार्यक्रम निर्धारण गर्ने कुरा रहेछ । यी सबै कुरा थाहा पाएपछि केही न केही गर्नुपर्छ भन्ने लाग्यो । त्यही वेला भाषामा काम गरिरहेका अमृत योञ्जन तामाङसँग मेरो भेट भयो । उनीसम्म पुग्याउने काम नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य अमर तुम्मेहाङ्ले गरे । यो भेटले भाषामा काम गर्ने थप ऊर्जा प्राप्त भयो ।

आफ्नो जाति र भाषाबारे कुनै अभिलेख नभेटेपछि निदाउन सकिनँ । त्यसपछि भाषासँग सम्बन्धित विभिन्न कार्यक्रममा सहभागी हुने, आफैँले विभिन्न लेखरचना लेख्ने, आफ्नो भाषाको बनोटबारे छलफल, बहस गर्ने गर्न थालेँ । केवरत भारोपेली भाषाअन्तर्गत पर्छ । तर, बंगाली भाषाको धेरै प्रभाव छ । हाल केवरत भाषाको लामो अध्ययन-अनुसन्धान, शब्द, बाध्य गठनजस्ता कारणले पृथक् पहिचान स्थापित भएको छ । यसको वर्ण निर्धारणमा भाषाविद् अमृत योञ्जन तामाङले निर्देश गरेका हुन् । चार वर्षअघि तामाङ राष्ट्रिय पुस्तकालमै कार्यक्रम पनि गरेका थियौँ । केवरत भाषाको वर्ण पहिचान भएको छ । यही वर्ष भाषा आयोगबाट केवरत भाषाको व्याकरणबारे अनुसन्धान सकिएको छ । जुन प्रकाशन्मुख छ । म काठमाडौं आउँदा केवरत जातिय संस्कृति संरक्षण समिति गठन भएको थियो । २०६४ मा नेपाल केवरत विकास सेवा समाज खोल्नका लागि पहल गरेँ ।

■ केवरत भाषाको पहिलो कविता

२०६४ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानमा 'पृथ्वी, सभा र घर' शीर्षकको कविता वाचन गरेँ । यो कविता लेखनबाट मैले औपचारिक रूपमा केवरत भाषामा लेख्न थालेको थिएँ । त्यो कविता केवरत भाषाको पहिलो कविता थियो । यहि कविता केवरत भाषाको पहिलो लिखित सामग्री पनि बन्यो । २०६७ मा केवरत भाषाको कविता संग्रह भरौवा हँयगेल बजारमा आयो । यो संग्रह केवरत भाषामा लेखिएको पहिलो कवितासंग्रह हो ।

यीबाहेक केवरत भाषाका लगभग चार हजार शब्द समावेश गरिएको 'केवरत शब्दसंग्रह (२०७०)' नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित छ । केवरत जातिबारे 'केवरत आदिवासित्वका आधारहरू (२०७५)' प्रकाशित छ । नेपाल प्रज्ञा-प्रतिष्ठानबाटै केवरत जातिको समग्र पहिचान झल्काउने 'केवरत लोकजीवन २०७६' लगायत सात पुस्तक मेरो नाममा प्रकाशित छन् ।

केवरतको विवाहमा गाइने साढे तीन सय गीत हेमन्ती केवरतले संकलन गरेकी छिन् । उनको केवररत बिहार गिदला २०७५ सालमा प्रकाशित छ । हाल केवरत जातिको भाषाबारे त्रिविको शिक्षा संकायबाट विभिन्न शीर्षकमा सातवटा स्नातकोत्तर तहका शोधकार्य सम्पन्न भइसकेका छन् । केवरतको उखानटुक्का पनि संकलन भएका छन् । केवरतका लोककथा संकलन भइसकेको छ । यो प्रकाशोन्मुख रहेको छ ।

०७८ को जनगणनाअनुसार केवरतको जनसंख्या ८,८०९ र मातृभाषा बोल्ने केवरतको संख्या ३,४६९ देखाएको छ । मैले माध्यमको काम गरेको हुँ । यसको श्रेय समुदायलाई दिन्छु । हाल केही केवरतहरू सचेत भएर भाषा बोल्न थालेका छन् । दुई-चारजना भाषामै काम गर्ने पनि आएका छन् ।

प्रस्तुति : **शान्ति तामाङ**

क्यान्सर सर्भाइभरको १८०० किमि साइक्लिङ



कविता चित्रकार



हर्क लामा

केही भए अपजस आउँला भन्ने डरले गुरुले साइकल सिकाउन चाहेनन् । तर, कविता वा उनकी हितैषीले हार मानेनन् । यस्तैमा मच्छाकाजी, सुमनजी उद्धारकर्ताका रूपमा प्रकट भए । जसले गर्दा छोटो समयमा नै कविताजीले साइकल चलाउन सिकिन् ।

बिस्तारै कवितालाई साइक्लिङको रस बस्यो । समयक्रममा यस्तरी रस बस्यो कि क्यान्सर र यसको उपचारको डर सामसुम हुने गरी साइक्लिङ टुरमा सहभागी हुन थालिन् । अहिले उनी साइकल समुदायमा सबैले चिन्ने भएकी छिन् । धेरैका लागि प्रेरणाको स्रोत बनेकी छिन् । कविता भन्छिन्, 'साइकल चलाउन थालेपछि छुट्टै ऊर्जा र फुर्ती जाग्छ । पहिलेजस्तो निराश हुने फुर्सद नै छैन ।' अचेल उनी साइकल यात्रा गरिरहन्छिन् ।

केही समयअघिसम्म कोठामा एक्लै बसेर मृत्युको दिन गन्दै बस्ने कविताको जीवन १८० डिग्रीले मोडिएसँगै रमाइलो गर्दै, हाँसखेल गर्दै जीवन बिताउने योजनामा छिन् । अब त आफ्नो हेरचाह पनि गर्न थालेकी छिन् । साथै, सन् २०२६ जनवरी १ देखि क्यान्सर प्रभावितका लागि सहयोग जुटाउने उद्देश्यले मध्यपहाडी लोकमार्गमा साइकल यात्रामा निस्किँदै छिन् ।

हर्क लामालाई आफ्नी हजुरआमाको सधैँ हँसिलो अनुहार सम्झना आउँछ । हजुरआमाको सम्झना आएलगत्तै हर्क आफ्नो साइकलतिर हेर्छन् र मनमै गुन्छन्- साइकलको रङ र हजुरआमाले लगाउने गर्नुभएको मालाको रङ त उस्तै रहेछ । यिनै हर्क पनि साइकलमै एक महिना लामो मध्यपहाडी लोकमार्ग छिचोल्न लाग्दै छन् । यात्राको बलमा संकलित हुने रकम (कोष) बाट आगामी दिनमा धेरै क्यान्सर प्रभावितलाई निको हुने आशा र जीवनप्रतिको भरोसा पलाउने हर्क सुनाउँछन् ।

यी दुवैले १७ पुसमा अंग्रेजी नयाँ वर्षको पहिलो दिन पूर्वको चिवाभञ्ज्याङबाट आफ्नो यात्रा सुरु गर्नेछन् । यो १८०० किमि लामो चुनौतीपूर्ण यात्रा अभियान हर्क र साइकल कल्चर कम्युनिटीका साथै यो हामी सबै मानवताको साझा अभियान हो । यसबाट संकलन हुने रकम अर्बुद रोगबाट प्रभावित एवं सम्भावित मृत्युको मुखबाट बचाउन प्रयासरत तर आर्थिक रूपमा कमजोर क्यान्सर प्रभावितका लागि समर्पित गरिनेछ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



पर्यावरणीय चिन्तनका कविता थोरै लेखिएका छन्



पर्यावरण संवाद

● डा. गीता त्रिपाठी, कवि

डा. गीता त्रिपाठी मूलतः कवि हुन् । उनी गीत, समालोचना र निबन्ध पनि लेख्छिन् । 'आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना' विषयमा विद्यावारिधि गरेकी त्रिपाठी त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक पनि हुन् । 'नृशंस पर्खालहरू (२०६५)' कवितासंग्रहसहित उनका एक दर्जन पुस्तक प्रकाशित छन् । त्रिपाठीसँग ***राजु स्याङ्तान****ले पर्यावरण र कवितामा केन्द्रित रही संवाद गरेका छन् :*

नेपालमा पर्यावरणबारे कहिलेबाट क–कसले कविता लेख्न थालेको देखिन्छ ?

पर्यावरण प्रकृतिको विषय हो, प्रकृतिबारे कविता लेख्न आरम्भ भएको त शताब्दियौँ भयो होला । वेदका मन्त्रहरू प्रकृति संरक्षण र समवेत पर्यावरणका कविता हुन् भने मुन्धुमले प्रकृतिमय जीवनको अवगाहन गरेको छ । हामीकहाँ प्रकृतिको पूजा गरिनु, कवितामार्फत आराधना गरिनु आध्यात्मिक शान्तिको अनुभूति र नैतिक चेत दुवै पक्षबाट महत्त्वपूर्ण रहेको छ । मानिस र प्रकृतिको सम्बन्ध नै कवितात्मक रहँदै आएको छ । पर्यावरण संरक्षणमा आधारित पछिल्लो अवधारणालाई सम्बोधन गर्दै लेखिएका कविताको कुरा गर्नुभएको हो भने प्रथम र द्वितीय विश्वयुद्धका विषाक्त असरका पृष्ठभूमिमा पश्चिमका कविहरूले संरक्षण चिन्तनमा केन्द्रित कविता लेख्न आरम्भ गरेको पाइन्छ । सन् १९३० को दशकमै रबिन्सन जेफर्स र त्यसयता ग्यारी स्नाइडर, रिचल कार्सनलगायतका रचनाहरूले पर्यावरण विनाशमा मानवीय क्रियाकलापका विरुद्ध सशक्त अभिव्यक्ति दिए । नेपालमा यो चेतना लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्लका कवितामा आंशिक रूपमा आए भने चालिसको दशकमा केही कविहरूले यसलाई मुख्य विषय र अभियान बनाएरै कविता रचना गरे । त्यसमा कवि अविनाश श्रेष्ठका कविताहरू पहिलो लहरमा छन् । संग्रहकै रूपमा भने संरक्षण कविता आन्दोलनमा लेखिएका कविताहरूको संकलन संरक्षण कविता यात्रा (२०५३) रहेको छ, जसमा कविहरू सरुभक्त, रमेश श्रेष्ठ, भुपिन व्याकुल, हरिदेवी कोइरालालगायतका कविता छन् । सोलो संकलनका हिसाबले कवि अविनाश श्रेष्ठको 'करोडौँ सूर्यको अन्धकार (२०६०)' मैले थाहा पाएसम्म संरक्षण चेतनामा केन्द्रित पहिलो कवितासंग्रह हो भने कवि सुमन पोखरेलको कवितासंग्रह 'शून्यमुटुको धड्कनभित्र (२०५६)'का अधिकांश कवितामा पर्यावरणीय चिन्तन पाइन्छन् । अधिकांश कविताहरू प्रदूषणका विरुद्ध, विनाशका विरुद्ध रचना गरिएकामा उनका केही कवितामा भने पोस्ट ह्युम्यान इकोलोजिकल वेभ जुन अहिलेको पछिल्लो वा तेस्रो वेभको अवधारणा मानिन्छ, त्यस आधारमा व्याख्येय कवितासमेत पाइन्छन् ।

नेपाली कवितामा हिमाल, पहाड, झरना, झरी, नदी तालतलैयालाई बिम्ब बनाएर असंख्य कविता लेखिएका छन् । ती पर्यावरणीय कविता भएकी भएनन् ? कस्तो कवितालाई पर्यावरणीय चेतसहितको कविता मान्ने ?

पर्यावरणीय चेत हाम्रा पूर्वीय जीवनदर्शनमा समाजको अवधारणासँगै विकसित भएको विषय हो । यस हिसाबले प्रकृति संरक्षण हाम्रो सादगीपूर्ण जीवनयात्रामा अविच्छिन्न विषय हो । आदिवासीको प्रकृतिमय जीवनसंघर्षका लयहरू हुन् वा धर्म र संस्कृतिको स्रोत प्रकृतिलाई मान्ने मानव संस्कृतिको समष्टिगत गतिशील यात्रा हुन्, हाम्रोतिर यस लयमा प्रकृतिको सौन्दर्य र आदिम अनुभूति आउनुलाई स्वाभाविक मानिन्छ । पर्यावरणीय कविता प्रकृतिमाथि मानिसले पुऱ्याएको क्षति र त्यसले निम्त्याएको पर्यावरणीय संकटका विषयमा लेखिएको हुनुपर्छ । यसमा संरक्षणको भाव रहन्छ वा रहनुपर्छ भन्ने सैद्धान्तिक मान्यता रहेको छ । अत्यधिक दोहनमा पर्दै गएको प्रकृति र त्यसले विस्थापनमा पर्दै गएको प्राकृतिकताको रक्षाको उद्देश्यले संरचित कविताले पर्यावरणीय चेतअन्तर्गत राखिएको छ ।

'इकोपोयट्री' यदाकदा सुनिन्छ । पर्यावरणीय कविता भनेको यही नै हो ?

इको पोयट्रीको क्षेत्रभित्र संरक्षण कविता पर्छ, तर विषय र अर्थगत आधारमा इको पोयट्री विस्तृत छ । यसो भनौँ, वर्तमान विध्वंशको स्थितिमा पर्यावरणीय कविताको सन्दर्भ विनाश, संकट र संरक्षणसँग ज्यादा नजिक छ, यसैबाट परिभाषित छ । अन्ततः इको पोयट्री अहिले विस्तृत अर्थमा भन्दा यही विशिष्ट अर्थबाट चिनिएको छ ।

नेपाली कवितामा पर्यावरणीय विषय कत्तिको लेखिएको देखिन्छ ?

अहिलेको कविता पर्यावरणीय चेतसहितको लेखनतिर ज्यादा अग्रसर छ । भोगाइका बिम्बकै आधारमा आजका कवितामा यो विषय प्रवेश गरिहाल्छ । हामी धुवाँ र विषाक्त परिवेशको जुन आहालमा डुब्न विवश भइरहेका छौँ, त्यसबाट हाम्रा कविता जोगिएका छैनन् । अहिले पर्या-कविता लेखनलाई विभिन्न संघसंस्थाहरूले प्रतियोगितात्मक कार्यक्रमहरू गरेर पनि यस विषयप्रति सचेत बनाउन र लेख्न प्रेरित गरिरहेको छ । भारतीय नेपाली कवितामा मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, राजा पुनियानी, देवेन सापकोटाजस्ता दिग्गज कविहरूले पर्यावरणीय कविताका विविध पक्षलाई सस्वर बनाउनुभएको छ । यता वातावरणविज्ञ विजय हितान कविता र निबन्धमा पर्यावरण लेखनलाई विस्तार गर्ने अभियानमा संलग्न रहेर पर्या-साहित्य प्रतिष्ठानमार्फत सामूहिकतामा जोड दिई सहकार्यका निम्ति पहल गरिरहनुभएको छ । नेपाली सेनाले प्रकृति संरक्षणमा गरेको त्याग र समर्पणको इतिहास कवि निबन्धकार बाबुकृष्ण कार्कीका कलमबाट प्रकट भइरहेको छ । कवि कृष्ण बाउसेको 'पर्या-कविताको गुञ्जन', गोपी उप्रेतीको 'प्रकृत्या सहजीवनम्', ऋषि बस्ताकोटीको 'पानीको रङ'लगायतका संरक्षण चिन्तनका कविताहरू यही ८० को दशकको आरम्भका प्राप्ति हुन् । यस विषयमा फुटकर र आंशिक रूपमा लेखिएका कविता प्रशस्त पाइन्छन्, तर केन्द्रीय कथ्य नै पर्यावरण संरक्षणलाई बनाएर लेखिएका कविता कम पाइन्छन् ।

सायद मातृत्वको कारणले हुन सक्छ, महिलालाई प्रकृतिको नजिक मान्ने विचार समाजमा छ । विश्व कवितामा 'इकोफेमिनिस्ट पोयट्री'बारे पनि बहस सुनिन्छ । तपाईं पर्यावरणीय कविताबारे विद्यावारिधि गर्नुभएको सर्जक हुनुहुन्छ । नेपालमा 'इकोफेमिनिस्ट पोयट्री'को अवस्था के कस्तो देख्नुहुन्छ ?

धर्तीको उर्वरता र महिलाको मातृत्व क्षमताका आधारमा यी दुईको तुलना गरिएको पाइन्छ । यदि मानव समाज चेतनाको हिसाबले समानताको व्यावहारिक पक्षमा बाँच्ने अवस्थामा पुगेको भए वास्तवमा जमिन र महिला तुलना गरिनुपर्ने विषयचाहिँ त्यति होइनन् । यस विषयमा पर्यावरणीय नारीवादी सिद्धान्तमा छलफल भएको पाइन्छ । कतिपयले तात्विक आधारमा नै महिलालाई बायस गरिने यो तुलनात्मक पद्धतिको अवज्ञा पनि गरेका छन् । हाम्रो पूर्वीय जीवनदर्शनमा जननी र जन्मभूमिको शक्ति र सामर्थ्यमाथि सकारात्मक सैद्धान्तिक चिन्तन रहेको छ, जुन आफैँमा हाम्रो मौलिक बलियो पक्ष पनि हो । व्यावहारिकताचाहिँ सिद्धान्तको विपरीत हुँदै गएपछि नारीवादी चिन्तन अघि आयो । यही नारीवादको एउटा हाँगाका रूपमा पर्यावरणीय नारीवादी चिन्तन विकसित भएको हो । पुँजीवाद र उपभोक्तावादले प्रकृतिमाथि दोहन बढाएर प्रकृतिलाई रित्याउँदै आए जसरी नै पितृसत्ताले लिंगका आधारमा महिलामाथि गरेको शोषणबिच प्रवृत्तिगत समानता छ भन्ने अवधारणामा इकोफेमिनिस्ट अवधारणा आएको हो । नेपाली कवितामा नारी अस्तित्व र अस्मिताका सन्दर्भमा केही कविता लेखिएका छन् । यसैमा पर्यावरणीय नारीवादी मान्यतासँग विश्लेष्य अंश आएका कविता धेरै छन्, सम्पूर्णतः पर्यावरणीय नारीवादी कविता कमै लेखिएका छन् । मञ्जु काँचुली, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, कृष्णसेन इच्छुक, रेमिका थापा, भुपिन, हेमन यात्री, सरिता तिवारी, निभा शाह, समाश्री, सीमा आभाष, शकुन्तला जोशी, राधिका कल्पितलगायत कविहरूका कवितामा पर्यावरणीय नारीवादी चिन्तन पाइन्छ । तराईका महिलाका जीवनभोगाइलाई श्यामल र आहुतिका केही कविताले पर्यावरणीय संकटसापेक्ष प्रस्तुत गरेका छन् ।

नेपाली महिला कविहरूले पितृसत्ता, बजारवादलगायत विषयमा लेखिरहेकै छन् । पर्यावरणबारे चाहिँ के–कस्तो लेखेको पाउनुहुन्छ ?

महिला कवितामा पितृसत्ता र बजारवादको विज्ञापनमुखी उपभोक्तावादका प्रतिरोधका सन्दर्भमा प्रकृति विनाशका सन्दर्भ आएका छन् । मूल रूपले प्रकृति र महिलालाई बुझ्ने, आफैँतिर फर्किएर सामाजिक संरचनाका विभेदहरूलाई हेर्ने अभ्यास हाम्रोमा महिलाका निम्ति त्यति सहज विषय भएको पाइँदैन । कतिपयमा ज्ञान भएर पनि चिन्तनका तहमा आउन नसक्नुका व्यावहारिक सीमा छँदैछन् । प्रतीकात्मक रूपले प्रशस्त आएका भए पनि सम्पूर्णतामा पर्यावरणीय चिन्तनका कविता थोरै लेखिएका छन् । आदिवासी चिन्तनबाट प्रकृति पर्यावरणलाई समावेश गरिएका कविता केही आएका छन् । निश्चित अवसर र उद्देश्यले लेखिएकाबाहेक स्वस्फूर्त रूपले पर्यावरण चिन्तन गरी रचना गरिएका महिलाका कविता कमै पाइन्छन् ।

> पर्यावरणीय कविता प्रकृतिमाथि मानिसले पुऱ्याएको क्षति र त्यसले निम्त्याएको पर्यावरणीय संकटका विषयमा लेखिएको हुनुपर्छ । यसमा संरक्षणको भाव रहन्छ वा रहनुपर्छ भन्ने सैद्धान्तिक मान्यता रहेको छ ।
>
> ०००
>
> आदिवासी चिन्तनबाट प्रकृति पर्यावरणलाई समावेश गरिएका कविता केही आएका छन् । निश्चित अवसर र उद्देश्यले लेखिएकाबाहेक स्वस्फूर्त रूपले पर्यावरण चिन्तन गरी रचना गरिएका महिलाका कविता कमै पाइन्छन् ।

जलवायु परिवर्तनका कारण सीमान्त महिलाहरू पहिलो निसानामा परेको प्रतिवेदन धेरै भेटिन्छन् । तर, यस्ता विषयमा काव्य गोष्ठी र कविहरू जुटेको खासै सुनिन्न । यसबारे तपाईंको मत के हुन्छ ?

सीमान्त महिला सबैखाले परिवर्तनका समयमा निसानामै परेका हुन्छन्, पर्दाअगाडि र पछाडि घटित हुने दोहनका अनेक स्वरूपबारे हामी अज्ञानी छैनौँ । अझ सांस्कृतिक विभेदले पोलेको जीवनलाई प्रकृतिको शीतलताबाट जोगाइआएका वा सांस्कृतिक रूपले नै प्रकृतिमय भएर जीविकोपार्जन गरिरहेका सीमान्त महिलाहरू जंगल, जल र जमिनका संकटग्रस्त उलटपुलटले भौँतारिरहेको पक्ष हाम्रोजस्तो जातीय, लैंगिक र वर्गीय विभेदका पत्रभित्र अनेक किसिमले रहेका छन् । हाम्रोमा प्रकृतिबाट विस्थापित भएका महिलामाथि शरीरराजनीतिको चक्रव्यूह बनिसकेको छ । ती वैदेशिक रोजगारी वा देशभित्रै वैकल्पिक रोजगारीको खोजी वा प्रलोभनमा परेर/पारिएर महादोहनमा पुगिसक्छन् । केही जो देशको नाममा बाँच्छन्, तिनका केही कविता उनीहरूबाटै, उनीहरूको समुदायबाटै लेख्न थालिएको पाइन्छ, यो सम्मानयोग्य विषय हो । म नवोदित कवि अस्मिता वादीलाई उनका कवितासहित एउटा वर्गको स्वर लिएर उभिएको भेट्छु । समुदाय हुँदै मानिसका हृदयमा पुग्ने कविता प्रकाशनमा आइरहेका छन् । पारिजातले महिला अस्तित्व र अस्मितालाई विभिन्न सांस्कृतिक कोणबाट लेख्नुभयो, अझै गहिरिएर आफू बाँचेको र आफूले देखेका समुदायभित्र पनि पसेर कविता लेख्नुभयो । कविहरू प्रगति राई, विमला तुम्खेवा, विना थिङ, लक्ष्मी रुम्बाका कवितामा आउने सीमान्तीय स्वर प्रतिनिधिमूलक छ ।

नेपालमा प्रायः सबै विषय व्यावहारिक रूपले लामो समय अभ्यासकालमै रहन्छन् । जलवायु परिवर्तनको असरभन्दा राजनीतिक दाउपेच, अस्थिरता र अस्तव्यस्ततातिर हाम्रो नियतिले हामीलाई डोऱ्याइरहेको देखिन्छ । परिणाममा भन्दा नाममा आकर्षित हुने हाम्रो सोच रहेसम्म गोष्ठी, छलफल र कविता लेखनको मर्म बुझिँदैन । यहाँले भन्नुभएजस्तै जलवायु परिवर्तनले ल्याएका जैविक विविधताभित्रको विस्थापनको संकट सीमान्तीय महिलाका निम्ति प्रकृतिसँगको अन्तरंग वियोग भइआएको छ । आठ मार्चका सन्दर्भमा वाचन गरिने पुराणसम्ममा मात्र सीमित देखिने यी विषयतर्फ कवि-समालोचकहरूको पनि ध्यान बिस्तारै पुग्छ नै होला । समाजशास्त्रीय चिन्तनमा पर्यावरण जोडिनु आवश्यक छ । अहिले विश्वविद्यालयका नेपाली, अंग्रेजीलगायतका विभागहरूमा पाठ्यक्रममा समावेश गरी यस विषयमा व्यापक अनुसन्धान सुरु भएको छ । मौसम परिवर्तन र अनुत्पादनको संकट जमिनमा मात्र होइन, महिलामा पनि उत्तिकै देखिएको तथ्य बाहिर आइरहेको छ । मातृत्वको अथाह गहिराइमा पुगेर कविता लेख्ने कविले मातृत्वविहीनताको स्वर लेख्न सक्लान् कि नसक्लान् ! बाढी, डुबानमा परी रोगको सिकारसमेत भएर ज्यान गुमाएको कमल सदाको शव विसर्जन गर्ने जमिन नपाएर नदीमा बगाउने आमाबारेको कवि विवश पोखरेलको कविता करोडले पढे, आँसु बगाए, हामीले विश्लेषण पनि गरेकै हौँ । हाम्रो जुटाई पातलो छ, तर पारदर्शी छैन ।

छिमेक



● जयन्त घोषल

बंगलादेशमा बलिझएको हिंसा र भारतको अपेक्षा



धेरैपटकको उतारचढावपछि बंगलादेशमा फेब्रुअरी १२ मा चुनावको घोषणा गरियो । बंगलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानले लन्डनमा अन्तरिम सरकार प्रमुख मोहम्मद युनुससँगको भेटपछि तोकिएकै मितिमा चुनाव हुने प्रतिबद्धता जनाएका थिए । रहमान यसै साता स्वदेश फर्किएका छन् । यद्यपि, चुनाव हुनेमा आशंका कायमै छ ।

हाल बंगलादेश विस्फोटको अवस्थामा छ । अल्पसंख्यक हिन्दु समुदायमाथि आक्रमणसँगै अराजकता बढेको छ । अवामी लिगको मुख्यालयमा तोडफोड भएपछि बंगबन्धु सेख मुजिबुर रहमानको निवासमा आक्रमण गरिएको थियो । निर्वाचनको मिति तोकिए पनि यस्ता घटनाले परिस्थितिलाई प्रतिकूल बनाइरहेका छन् । यस्तो अवस्थामा चुनाव कसरी हुन्छ भनेर मूल्यांकन गर्न भारत सरकारले घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेको छ ।

बंगलादेशसँगको लामो समयदेखिको सम्बन्धको सन्दर्भमा भारतको अडान मुख्य चिन्ताको विषय हो । अर्को प्रमुख प्रश्न विद्यमान अशान्तिका लागि को जिम्मेवार छ भन्ने हो । इस्लामिक कट्टरपन्थी शक्तिहरूले भूमिका खेलिरहेको देखिन्छ र शंकाको सुई देशको सबैभन्दा ठुलो कट्टरपन्थी समूह जमात-ए-इस्लामीमाथि तेर्सिएको छ । बिएनपीले भारतसँग सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने चासो देखाएको छ । बिएनपी, जमात, विद्यार्थी संगठन वा एनसिपीसँग सम्बन्धित लडाकु अशान्तिका लागि जिम्मेवार छन् कि छैनन् भन्ने कुरा स्पष्ट छैन । दलीय सम्बद्धताको पर्वाह नगरी भारत बंगलादेशसँग स्थिर सम्बन्ध खोज्छ । साथै, पाकिस्तानको भूमिकामाथि चिन्ता बढेको छ, विशेष गरी आइएसआई प्रमुखको ढाका भ्रमणपछि । अचानक बढेको तनावमा कतै पाकिस्तानको हात त छैन भन्ने प्रश्न नउठेको होइन ।

डिसेम्बर १७ मा भारतले दिल्लीस्थित बंगलादेशका उच्चायुक्त रियाज हमिदुल्लाहलाई बोलाएर ढाकामा बिग्रँदो सुरक्षा अवस्थाप्रति औपचारिक कूटनीतिक विरोध दर्ता गरेको थियो । उल्लेखनीय कुरा के छ भने सुरक्षा चिन्ताका कारण ढाकाको जमुना फ्युचर पार्कमा रहेको भारत भिसा आवेदन केन्द्र दिउँसो २ बजे बन्द भएको दिन यो घटना भएको थियो । नयाँदिल्लीको कदमअघि बंगलादेशी सरकारले भारतीय उच्चायुक्तलाई बोलाएको थियो । भारतको निर्णयअघि दिल्लीस्थित बंगलादेशका उच्चायुक्तलाई पनि परामर्शका लागि बोलाइएको थियो ।

नयाँदिल्लीले बंगलादेशका उच्चायुक्तलाई बोलाउने निर्णय गरेपछि डिसेम्बर १७ मा ढाकास्थित भारतीय उच्चायोगबाहिर भारतविरोधी प्रदर्शनकारी भेला भए, जसले कूटनीतिक विवाद निम्त्यायो । जुलाई-अगस्ट २०२४ को विद्यार्थी विरोध प्रदर्शनदेखि भारतमा शरण लिएकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिना र अन्यको सुपुर्दगीको माग गर्दै 'ओइक्यो' समूहहरूले भारतीय मिसनमा मार्चको आह्वान गरेपछि उच्चायुक्तलाई बोलाइएको थियो । गत वर्षको विद्रोहको समयमा बनेका समूहलाई सामूहिक रूपमा 'जुलाई ओइक्यो' भनेर चिनिन्छ ।

■ बंगलादेशबाट अपेक्षा

भारत बंगलादेशको घरेलु राजनीतिमा हस्तक्षेप गर्न चाहँदैन, बरु छिमेकमा स्वतन्त्र र शान्तिपूर्ण चुनाव होस् भन्ने कामना गर्छ । यसले भारतविरोधी गतिविधि स्वीकार्य नहुने पनि स्पष्ट पारेको छ । गुप्तचर मूल्यांकनका अनुसार एक वरिष्ठ लडाकु नेता परेश बरुआ ढाका फर्किएका छन् । बंगलादेशमा प्रतिबन्ध लगाइएपछि उनी हसिनाको कार्यकालमा म्यानमार भागेका थिए । अतिवादी समूहहरूले फेरि एकपटक भारतविरुद्ध बंगलादेशी भूमि प्रयोग गर्न सक्ने चिन्ता पनि छ ।

पछिल्ला केही वर्षमा बंगलादेशीमाझ जमातको राजनीतिक प्रभाव बढ्दो छ, यद्यपि देशमा जमातको एउटा क्षेत्र सधैँ अस्तित्वमा छ । १९७१ मा उर्दु राष्ट्रवाद पराजित हुँदा बंगाली राष्ट्रवादको विजय भयो, जसले गर्दा सेख मुजिबुर रहमानको नेतृत्वमा बंगलादेश बन्यो । अवामी लिग प्रमुख शक्तिको रूपमा देखापऱ्यो, जबकि जमातलाई दबाइयो । अवामी लिग र खालेदा जियाको बिएनपीबिच सत्ता आलटाल गर्दै पछि शेख हसिनाले त्यसपछिका सरकारहरूको नेतृत्व गरिन् । बिएनपीले ऐतिहासिक रूपमा जमातलाई समर्थन गरेको छ, जसले पाकिस्तानसँग वैचारिक निकटता कायम राख्छ, र यो विरासतले राजनीतिक धारणाहरूलाई आकार दिइरहेको छ ।

जमात आफैँले विरलै स्वतन्त्र रूपमा चुनाव लडेको छ र संसदबाहिर धेरै हदसम्म वैचारिक शक्तिको रूपमा काम गरेको छ । यद्यपि, शेख हसिनालाई हटाइएपछि राजनीतिक परिदृश्य परिवर्तन भएको छ । जमात अब मुख्य धाराको राजनीतिक दलको रूपमा पुनः देखापर्न खोजिरहेको छ । शेख हसिनालाई सुम्पन माग गरेको छ ताकि न्यायिक फैसला कार्यान्वयन गर्न सकियोस् । यो संगठनमाथि बंगलादेशमा शासन गर्ने क्षमता छ कि छैन भन्ने प्रश्न खडा भएको छ । सुरुमा जमात र बिएनपीले मिलेर चुनाव लड्ने अनुमान गरिएको थियो, किनकि जमातले आफैँले जित्ने सम्भावना कम छ । यद्यपि, सिट बाँडफाँडको विवादमा यसले बिस्तारै बिएनपीबाट आफूलाई टाढा राख्यो । बिएनपी धेरै सिट बाँड्न इच्छुक छैन भने जमातले महत्त्वपूर्ण मत हिस्सा सुरक्षित गर्न चाहन्छ । यदि जमातले धेरै सिट जित्यो भने यसले संसद्मा बढी प्रभाव पार्न सक्छ । तर, बिएनपीले प्रभुत्व जमायो भने जमात सीमान्तकृत हुने जोखिममा छ ।

> भारतले लोकतान्त्रिक वैधताको महत्त्वलाई जोड दिँदै चुनाव गराउन आह्वान गरेको छ । नयाँदिल्लीले सकेसम्म निर्धारित मितिमा चुनाव हुनुपर्छ भनेर सन्देश दिएको छ । संयुक्त राज्य अमेरिकाले पनि तोकिएकै मितिमा चुनाव गर्न आग्रह गरेको छ ।

खालिदा जियाको बिग्रँदो स्वास्थ्यले अनिश्चितताको अर्को तह थपेको छ । उपचारका लागि उनलाई लन्डन स्थानान्तरण गर्नेबारेमा छलफल भए पनि रसद र यात्रा गर्ने उनको क्षमतामाथि चिन्ता कायमै छ । भारतले लोकतान्त्रिक वैधताको महत्त्वलाई जोड दिँदै चुनाव गराउन आह्वान गरेको छ । नयाँदिल्लीले सकेसम्म निर्धारित मितिमा चुनाव हुनुपर्छ भनेर सन्देश दिएको छ । संयुक्त राज्य अमेरिकाले पनि तोकिएकै मितिमा चुनाव गर्न आग्रह गरेको छ ।

चुनाव घोषणा भए पनि कानुन व्यवस्था अझ बिग्रिएमा, साम्प्रदायिक तनाव बढेमा वा हिन्दुहरूमाथि आक्रमण बढेमा चुनाव रद्द हुन सक्छ भन्ने दिल्लीको अनुमान छ । शेख हसिना फर्कन चाहन्नन् र भारतले उनलाई फर्कन दबाब दिइरहेको छैन । चुनावमा भाग लिनबाट प्रतिबन्ध लगाइएको अवामी लिगले चुनावमा भाग लिन भारतको सहयोग र बिएनपीसँग सहकार्यको खोजी पनि गऱ्यो । यी प्रयास असफल भए, जसले गर्दा भारतको संयमित भूमिकाप्रति पार्टीभित्र असन्तुष्टि बढ्यो ।

त्यसोभए, भारतले के चाहेको छ ? भारतले कुनै पनि रूपमा जमातलाई समर्थन गरिरहेको छैन र इस्लामिक कट्टरपन्थी र बंगलादेशको विदेश नीतिमा पाकिस्तान समर्थक झुकावको विरोध गरिरहेको छ । पाकिस्तान र चीनले घनिष्ठ सम्बन्ध कायम राखेको क्षेत्रीय वातावरणमा भारत सतर्क रहन्छ ।

(एनडिटिभीमा प्रकाशित एनडिटिभीका कन्सल्टेन्ट एडिटर जयन्त घोसलको आलेखलाई ***सुभाष शर्मा****ले भावानुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १२ पुस ०८२

संखुवासभाको ७६ वटै वडामा पुग्यो फोरजी सेवा

दुर्गम र विकट मानिएको तथा चीनसँग सिमाना जोडिएको भोटखोला गाउँपालिका- १, किमाथांका गाउँको सिमबोक्प डाँडामा टावर जडानपछि जिल्लाका सबै वडामा पुग्यो फोरजी सेवाको पहुँच



भोटखोला- १, किमाथांकाको सिमबोक्प डाँडामा राखिएको टावर

■ जिल्लामा टेलिकमको जिएसएमका ३२ वटा बिटियस टावरबाट सेवा सञ्चालन

● **प्रेमकुमार राई**, प्रमुख
टेलिकम, खाँदबारी कार्यालय



फोरजी सेवा विस्तार भएपछि निर्धक्कसँगले नेपाल टेलिकमको डेटा खरिद गरी भिडियो कल गरेर कुराकानी गर्न सकिनेछ। यसअघि संखुवासभाको धेरै ठाउँमा टुजी सेवा मात्रै थियो, टुजीबाट डेटा खरिद गरेर भ्वाइस कलमा मात्रै कुराकानी गर्न सकिन्थ्यो, फोरजी सेवा विस्तार भएपछि भिडियोमा कुराकानी गर्न सहज भएको छ।

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाका ७६ वटै वडामा टेलिकमको फोरजी सेवा विस्तार भएको छ। पाँच नगरपालिका र पाँच गाउँपालिकामा रहेका ७६ वटा वडामा फोरजी सेवाको पहुँच विस्तार भएको हो। जिल्लाकै दुर्गम र विकट मानिएको चीनसँग सिमाना जोडिएको भोटखोला गाउँपालिका- १, किमाथांका गाउँको सिमबोक्प डाँडाबाट फोरजी सेवा विस्तार गरी सञ्चालनमा आएपछि संखुवासभाको सबै ठाउँमा सेवा विस्तार भएको हो। सिमबोक्प डाँडा समुद्री सतहबाट ३७ सय मिटर उचाइमा छ।

सदरमुकाम खाँदबारीदेखि एक सय ६२ किलोमिटर उत्तरमा रहेको विकट किमाथांका नाकामा फोरजी सेवा सञ्चालन थालिएको टेलिकम कार्यालय खाँदबारीका कार्यालय प्रमुख प्रेमकुमार राईले बताए। 'फोरजी सेवा विस्तार भएपछि निर्धक्कसँगले नेपाल टेलिकमको डेटा खरिद गरी भिडियो कल गरेर कुराकानी गर्न सकिनेछ,' राईले भने, 'यसअघि संखुवासभाको धेरै ठाउँमा टुजी सेवा मात्रै थियो, टुजीबाट डेटा खरिद गरेर भ्वाइस कलमा मात्रै कुराकानी गर्न सकिन्थ्यो, फोरजी सेवा विस्तार भएपछि भिडियोमा कुराकानी गर्न सहज भएको छ।'

स्थानीय जनप्रतिनिधिले लगातार चासो दिएर निरन्तर सहयोगसमेत गरेकाले फोरजी सेवा विस्तार गर्न सहज भएको कार्यालय प्रमुख राईले बताए। भौगोलिक विकटताले टावर नटिप्ने अन्य क्षेत्रको पनि पहिचान गरेर क्षमता विस्तार कार्य पनि अघि बढाइएको उनले बताए। जिल्लामा हालसम्म जिएसएमका ३२ वटा बिटियस टावर सञ्चालनमा छन्। त्यसमध्ये भोटखोला गाउँपालिकाको माक्पालुङ डाँडा, सभापोखरी गाउँपालिकाको साउनेडाँडा र चैनपुर नगरपालिकाको चौकी मंगलबारेमा रहेको बिटियस टावर सोलारबाट सञ्चालनमा रहेको छ। अन्य ठाउँका टावरहरू स्थानीय हाइड्रोपावर र कतिपयमा केन्द्रीय विद्युत् प्रसारणलाइनबाट सञ्चालनमा रहेका छन्।

युरोपसम्म नेपाली कफीको सुगन्ध

कोशीका १४ मध्ये १२ जिल्लामा उत्पादन भएको कफी युरोपसम्म निर्यात हुँदा किसानको आम्दानीमा पनि उल्लेख्य सुधार, फस्टाउँदो 'कफी कल्चर'का कारण उत्पादन बढिरहेकाले गुणस्तरमा थप ध्यान दिएर निर्यात बढाउन व्यवसायीको सुझाव

झापामा **चिरञ्जीवी घिमिरे**

कोशीका पहाडी बस्तीमा उत्पादित कफीको सुगन्ध युरोपसम्म पुग्न थालेको छ। केही वर्षअघिसम्म बारीका डिलमै सीमित कफी अहिले कोशी प्रदेशको पहाडी भूभागमा विस्तार हुँदै छ। र, यहाँ उत्पादित कफीको स्वाद जर्मनी, फ्रान्सदेखि पोल्यान्डका कफी कपहरूमा पनि मिसिन थालेको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार नेपालको कफी युरोपियन देशसँगै जर्मनी, फ्रान्स, पोल्यान्डलगायतका देशमा निर्यात हुँदै आएको छ। आर्थिक वर्ष ०८१/८२ मा नेपालबाट ११ करोड ४३ लाख ७० हजार रुपैयाँको ६३ हजार नौ सय ९८ केजी कफी अन्तर्राष्ट्रिय बजारमा निर्यात भएको छ।

अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको सम्भावना र चुनौती दुवै रहेको जोयल हिमालय कफी विड्स प्रालि इलाम र कफी निर्यात गर्दै आएको जोयल हिमालय प्रोडक्ट प्रालिका सञ्चालक तथा कफीको बजारबारे अध्ययन गर्दै आएका विनायक मल्लले बताए। पोल्यान्डमा विद्यावारिधि गरिरहेका उनले नेपाली कफीको बजार विस्तार गर्दै आएका छन्।

नेपाली कफी विदेशमा निर्यात हुने मात्र होइन, विदेशी कफी पनि नेपालमा आयात हुँदै आएको छ। राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार आर्थिक वर्ष ०८१/८२ मा मात्र १४ करोड ४१ लाख २० हजार मूल्यको दुई लाख ३३ हजार दुई सय ६ केजी कफी नेपालमा आएको थियो। चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्म मात्रै एक करोड २० लाख ५१ हजार मूल्यबराबरको ८९ हजार ६२८.६ केजी कफी पूर्वीनाका काँकडभिट्टाबाट आयात भएको मेची भन्सार कार्यालयले जनाएको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका अनुसार कोशी प्रदेशमा बर्सेनि कफी उत्पादन बढ्दै गएको छ। आर्थिक वर्ष ०८१/८२ मा देशभर ६४१.९ टन ग्रिन विन कफी उत्पादन हुँदा कोशीमा मात्र १२८.६ टन छ।



पाँचथरको फिदिम नगरपालिका- ५ मा लगाइएको कफी खेती

दक्ष जनशक्तिको अभाव, अर्गानिक प्रमाणपत्र लिन पनि समस्या

नेपालमा कफी खेतीको सम्भावना रहे पनि दक्ष जनशक्तिको अभाव छ। कोशीमा कफी खेती बढ्दै गए पनि दक्ष जनशक्तिको अभाव देखिएको पाँचथरमा व्यावसायिक कफी खेती गर्दै आएका कुवापानी कफी स्टेट एन्ड रिसर्च सेन्टर प्रालि र एसएस एग्रोका सञ्चालक वसन्त रिजालले बताए। त्यसबाहेक नेपालमा कफीको अर्गानिक प्रमाणपत्र दिँदा संस्था नरहँदा पनि अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न समस्या रहेको उनले बताए। 'कफी मजदुरकेन्द्रित उत्पादन हो। नेपालमा दक्ष जनशक्ति त छैन नै। भएको जनशक्ति पनि विदेश जाँदा मजदुर नै पाउन मुस्किल छ,' उनले भने, 'नेपालमा अर्गानिक प्रमाणपत्र नपाउँदा अन्तर्राष्ट्रिय संस्थाको भर पर्नुपर्छ। जसका लागि सुरुमै १५ लाखसम्म खर्च हुन्छ। बर्सेनि नवीकरण गर्दा ६ लाखसम्म खर्च हुन्छ। यसका लागि २० हेक्टरमा खेती गर्नेले मात्र सक्ने अवस्था छ। साना किसानले प्रमाणपत्र लिन सक्ने अवस्था छैन।' अर्गानिक प्रमाणित गर्नका लागि सरकारले नै सहयोग गर्नुपर्ने उनले बताए।



उत्पादन राम्रो भएकाले बर्सेनि कफी खेती गर्ने क्षेत्रफल विस्तार भइरहेको छ

● **अनन्त ढुंगाना**, सूचना अधिकारी
चिया तथा कफी विकास बोर्ड, बिर्तामोड



कोशी प्रदेशमा कफीको सम्भावना धेरै छ। पहाडी क्षेत्रमा जमिन बाँझो हुँदा अब कफी खेतीको सम्भावना रहन्छ। कोशीमा कफी खेती पनि बर्सेनि बढिरहेको छ। यही रफ्तारमा कफी खेती विकास हुँदै जाँदा अब नेपालको पश्चिमी भागमा हुने उत्पादनभन्दा कोशी प्रदेशमा हुने उत्पादनले जित्ने सम्भावना देखिन्छ।

● **विनायक मल्ल**, सञ्चालक
जोयल हिमालय प्रोडक्ट



नेपाली कफीको अन्तर्राष्ट्रिय बजारमा सम्भावना धेरै राम्रो छ। अन्तर्राष्ट्रिय बजारमा बेच्नलाई सजिलो छ। तर, गुणस्तर राम्रो बनाउनुपर्छ। यसका लागि बिउबाट नै गुणस्तर खोज्नुपर्छ। अहिले पनि कतिपय अन्तर्राष्ट्रिय बजारमा नेपालमा कफी उत्पादन हुन्छ भन्ने थाहा नै छैन। नेपाली कफीलाई नेपालकै पहिचान दिएर अन्तर्राष्ट्रिय बजारमा चिनाउन सक्दा राम्रो हुन्छ। तसर्थ, उच्च गुणस्तरीय कफी उत्पादन गर्नुपर्छ। यसको मूल्य र बजार दुवै राम्रो छ।

● **वसन्त रिजाल**, सञ्चालक
कफी स्टेट एन्ड रिसर्च सेन्टर



नेपालमा अर्गानिक प्रमाणपत्र नपाउँदा अन्तर्राष्ट्रिय संस्थाको भर पर्नुपर्छ। जसका लागि सुरुमै १५ लाखसम्म खर्च हुन्छ। बर्सेनि नवीकरण गर्दा ६ लाखसम्म खर्च हुन्छ। यसका लागि २० हेक्टरमा खेती गर्नेले मात्र सक्ने अवस्था छ। साना किसानले प्रमाणपत्र लिन सक्ने अवस्था छैन। कफी मजदुरकेन्द्रित उत्पादन हो। नेपालमा दक्ष जनशक्ति त छैन नै। भएको जनशक्ति पनि विदेश जाँदा मजदुर नै पाउन मुस्किल छ।

दिनदिनै रेकर्ड बनाउँदै सुनचाँदीको भाउ

सातामै प्रतितोला सुन ११ हजार र चाँदी ४ सय ६० रुपैयाँ वृद्धि

नयाँ पत्रिका



नेपाली बजारमा सुनचाँदीको भाउले दिनदिनै रेकर्ड बनाइरहेको छ। साताको पहिलो दिन आइतबार दुई लाख ५८ हजार तीन सय रुपैयाँ रहेको सुन त्यसयता निरन्तर बढिरहेको व्यवसायी महासंघका अनुसार लाख ६१ हजार सात सय, ६७ हजार दुई सय, बुधबार एक सय, बिहीबार दुई र शुक्रबार दुई प्रतितोलामा प्रतितोला छ। सुनचाँदी गत सोमबार दुई मंगलबार दुई लाख दुई लाख ६८ हजार लाख ६७ हजार पाँच सय लाख ६९ हजार तीन सय रुपैयाँ कारोबार भएको छ।

सातासभरमा सुनको भाउ ११ हजार प्रतितोलाले बढेको हो। त्यस्तै, चाँदीको मूल्य पनि सातामा प्रतितोला चार सय ६० रुपैयाँ बढेको छ। आइतबार चार हजार एक सय पाँच रुपैयाँ रहेको चाँदी सोमबार दुई हजार दुई सय ५५, बुधबार चार हजार चार सय २०, बिहीबार चार हजार चार सय र शुक्रबार चार हजार पाँच सय ६५ रुपैयाँ प्रतितोलामा कारोबार भएको महासंघले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेका कारण नेपाली बजारमा पनि समायोजन भएको महासंघले जनाएको छ। विश्व अर्थतन्त्रमा छाइरहेको अनिश्चितता, सुरक्षित लगानी क्षेत्रको खोजी, ठुला शक्तिबिचको भू-राजनीतिक तनाव, शक्ति राष्ट्रका केन्द्रीय बैंकहरूले बढाइरहेको मागलगायतका कारण सुनको भाउ बढेको एजेन्सीहरूले जनाएका छन्।

विश्वका ठुला लगानीकर्ताले मन्दी, सुस्त आर्थिक वृद्धिलगायत अस्थिर परिस्थितिका कारण अन्य क्षेत्रको तुलनामा परम्परागत रूपमा सुरक्षित मानिने सुनमा लगानी बढाइरहेका छन्। जसका कारण मूल्यमा चाप परेको विश्लेषण गरिएको छ। विश्वका ठुला केन्द्रीय बैंकहरूले अहिले जतिसक्दो धेरै सुनको सञ्चय गर्ने नीति लिएका छन्।

संक्षेप

मंसिरमा ६५ हजार वैदेशिक रोजगारीमा



काठमाडौं/ मंसिरमा ६५ हजार सात सय पाँच युवा काम खोज्दै वैदेशिक रोजगारीमा गएका छन्। वैदेशिक रोजगार विभागले जारी गरेको तथ्यांकअनुसार ५८ हजार ८३ पुरुष र सात हजार ६ सय २२ महिला काम खोज्दै बिदेसिएका हुन्। नयाँ श्रम स्वीकृति लिने १० हजार दुई सय ६६, जिटुजीमार्फत आठ सय ९७ र पुनः श्रम स्वीकृति लिने ३६ हजार ८७ रहेको विभागले जनाएको छ। जेन-जी आन्दोलनपश्चात् नेपाली श्रमिकलाई काममा लिन विभिन्न देशले कडाइ गरेका कारण वैदेशिक रोजगारीमा जानेको संख्या क्रमशः घट्दै आएको छ। तथ्यांकअनुसार मंसिरमा सबैभन्दा बढी साउदी अरेबिया १२ हजार नौ सय ८६ जना पुगेका छन्। त्यस्तै, युएई नौ हजार तीन सय ८२, मलेसिया नौ हजार ७३ र कुवेत चार हजार पाँच सय ६२ युवा पुगेको विभागको तथ्यांक छ।

पर्यटनमैत्री लगानीको वातावरण हुनुपर्नेमा जोड



बुटवल/ पर्यटन क्षेत्रको विकासका लागि नीतिगत रूपमै सुधार हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। रुपन्देही उद्योग संघले सञ्चालन गरेको १६औँ औद्योगिक प्रदर्शनीको अवसरमा आयोजित पर्यटकीय प्रवेशद्वार र पूर्वाधार लुम्बिनी समृद्धिको आधार विषयक बहसमा संघका पूर्वअध्यक्ष तेजकुमार पाठकले औद्योगिक प्रदर्शनीसँगै पर्यटन, कृषि र प्रविधिलाई प्राथमिकताका साथ अघि बढाइरहेको जानकारी दिए।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले पर्यटन क्षेत्रको विकासका लागि सामूहिक भावनाका साथ अगाडि बढ्नुपर्नेमा जोड दिए। लुम्बिनी पर्यटन विकास परिषद् अध्यक्ष रामु जोशीले धार्मिक र पर्यटन क्षेत्र छुट्याएर योजना बनाएको बताउँदै प्रदेशबाट गन्तव्य पहिचान गरेको र ६ सय ३० वटा गन्तव्य लक्षित गरेर योजना अगाडि बढेको जानकारी दिएका थिए। पर्यटन व्यवसायी सिपी शर्माले पर्यटक टिकाउन किन सकेनौँ त ? भन्ने विषयमा सरकारले मात्रै होइन, अब निजी क्षेत्रले पनि ध्यान दिनुपर्ने धारणा राखे। अर्का पर्यटन व्यवसायी मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपालले वन ऐन र पर्यटन ऐन सुधारको खाँचो औँल्याए।

बेवारिसे बन्दै होल्डिङ सेन्टर

प्रयोगमै नआई जीर्ण बन्न थाले पौने २९ करोड लागतका संरचना

२० वटा क्वारेन्टिन, दुईवटा चिकित्सक कक्ष, २२ वटा शौचालय, १५ वटा भान्साघरसहित ५९ वटा ब्लक रहेको संरचना प्रयोगविहीन

धनगढीमा **तेजराज भट्ट**

कैलालीको त्रिनगर नाकानजिक धनगढी उपमहानगरपालिका- ३, बडहरामा निर्माण गरिएको होल्डिङ सेन्टर लामो समयसम्म प्रयोग नहुँदा जीर्ण बन्न थालेको छ। निर्माण सम्पन्न भएको करिब साढे तीन वर्षसम्म संरचना प्रयोगविहीन अवस्थामा छ। होल्डिङ सेन्टरमा नेपाली सेनाले पहरा दिइरहेको छ।

कोरोना संक्रमणको महामारी फैलिएका वेला भारतबाट फर्कने संक्रमितलाई राख्न सरकारले २८ करोड ८१ लाख रुपैयाँ लागतमा यो होल्डिङ सेन्टर बनाएको हो। तर, भवन निर्माण सम्पन्न हुँदासम्म कोरोना संक्रमणको अवस्था सामान्य बनिसकेको थियो। त्यसपछि ती संरचना कुन प्रयोजनका लागि प्रयोग गर्ने भनेर सरकारले निर्णय गरेको छैन। 'होल्डिङ सेन्टरका संरचना जीर्ण बन्न थालेका छन्। सरकारले कुन प्रयोजनमा प्रयोग गर्ने हो, चाँडो निर्णय गरिदिनुपर्‍यो,' धनगढी उपमहानगरपालिका- ३ का अध्यक्ष राजबहादुर ऐरले भने, 'प्रयोगमा नआएर राज्यको करोडौँ लगानी खेर जाने अवस्था बन्दै छ।' शैक्षिक तालिम केन्द्र, अस्पतालको कुनै विभाग आदि प्रयोजनमा संरचनाहरू उपयोग गर्न सकिने उनले बताए।

कोरोना महामारीकालमा भारतबाट फर्कने संक्रमित सीधै घर जाँदा सुदूरपश्चिमका गाउँ-गाउँमा कोरोना फैलिएको थियो। नाकामा परीक्षण गर्दा संक्रमण भेटिएकालाई राख्न तत्काल होल्डिङ सेन्टर आवश्यक भएपछि सरकारले छिटो काम होस् भनेर नेपाली सेनाअन्तर्गत होल्डिङ सेन्टर निर्माण गरेको हो। ०७८ असारमा सम्झौता भएकोमा हनुमान कन्स्ट्रक्सनले एक वर्ष लगाएर होल्डिङ सेन्टर निर्माण गरेको थियो।

जगभन्दा माथि प्रिफ्याबको भित्ता र टिनको छानासहित छुट्टाछुट्टै ब्लक रहेका होल्डिङ सेन्टर निर्माण गरिएका छन्। २० वटा क्वारेन्टिन, दुईवटा चिकित्सक कक्ष, २२ वटा शौचालय तथा १५ वटा भान्साघरसहित ५९ वटा ब्लक छन्। क्वारेन्टिनका १४ वटा ब्लकमा तीन सयवटा शय्यासमेत राखिएका छन्। जिल्ला प्रशासन कार्यालय, कैलालीले ती संरचना कुन प्रयोजनमा उपयोग गर्ने भन्नेबारे हालसम्म सरकारबाट कुनै निर्देशन नआएको बताएको छ।

प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीका अनुसार संरचनाको उपयोगबारे सुरक्षा अधिकारीहरूसँग एकपटक छलफल पनि भएको थियो। होल्डिङ सेन्टर अहिले सेनामातहत नै रहेको उनले बताए। 'कसरी प्रयोग गर्ने भनेर केन्द्रबाट कुनै निर्देशन आएको छैन,' जोशीले भने, 'सरकारले निर्णय गरेपछि त्यहीअनुसार उपयोग होला।' प्रशासनका अनुसार रक्षा मन्त्रालयको टोलीले एकपटक अनुगमनसमेत गरेको थियो।

धनगढी आएका वेला तत्कालीन परराष्ट्रमन्त्री आरजु राणाले पनि होल्डिङ सेन्टरको अनुगमन गरेकी थिइन्। नगर प्रमुख गोपाल हमाल र आफूले तत्कालीन रक्षामन्त्री पूर्णबहादुर खड्कालाई भेटेर होल्डिङ सेन्टर उपयोगमा ल्याउन वा उपमहानगरपालिकालाई दिन आग्रह गरेको वडाध्यक्ष ऐरले बताए। 'शैक्षिक तालिम केन्द्र, होटेल व्यवस्थापन पठनपाठन वा सेती प्रादेशिक अस्पतालको कुनै एउटा विभाग बनाइदिन आग्रह गरेका थियौँ,' उनले भने।



कैलालीको त्रिनगर नाकानजिक धनगढी उपमहानगरपालिका- ३, बडहरामा निर्माण गरिएको होल्डिङ सेन्टर

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १२ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

वर्ष २०२५ मा अन्तर्राष्ट्रिय प्रतियोगिता

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

सन् २०२५ मा बृहत् अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएनन् । यद्यपि, खोखो विश्वकप र दृष्टिविहीन महिला विश्वकप क्रिकेट प्रतियोगिता भने यसै वर्ष भएका छन् । यी दुवै प्रतियोगितामा नेपाल पहिलोपटक उपविजेता बन्यो । फुटबल, क्रिकेट र टेनिसका व्यक्तिगत र क्लबले प्राप्त सफलता नै प्रमुख घटनाका रूपमा रहे । फुटबलमा फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)ले पहिलोपटक युरोपियन च्याम्पियन्स लिग उपाधि जित्यो । चेल्सीले आश्चर्यजनक रूपमा क्लब विश्वकपको फाइनलमा पिएसजीलाई नै हरायो । टेनिसमा स्पेनका कार्लोस अल्काराज र इटालीका जानिक सिनरबिच उपाधिको होडबाजी चल्यो । दुवै खेलाडीले ग्रान्डस्लामाथि आफ्नो दबदबा बनाए । क्रिकेटमा भने चर्चित खेलाडीको सन्यास लहर नै चल्यो । भारत, अस्ट्रेलिया, दक्षिण अफ्रिका, बंगलादेश र वेस्ट इन्डिजका प्रमुख खेलाडीले सन्यास घोषणा गरे । एजेन्सीहरूको सहयोगमा सन् २०२५ का प्रमुख प्रतियोगिताको वर्ष समीक्षा :

फुटबल : युरोपमा युरो र नेसन्स कपपछि चर्चित फुटबल प्रतियोगिता च्याम्पियन्स लिग हो । फ्रान्सको पेरिस सेन्ट जर्मेन (पिएसजी)



युरोपियन च्याम्पियन्स लिगमा नयाँ विजेता बन्यो । गत मेमा पिएसजीले फाइनलमा इटालीको अनुभवी क्लब इन्टर मिलानमाथि ५-० को एकपक्षीय जित निकाल्यो । पिएसजीले फाइनलमा निकालेको नतिजा अहिलेसम्मकै फराकिलो रह्यो । प्रशिक्षक लुइस एन्रिकले पिएसजीलाई च्याम्पियन बनाउँदा टोलीलाई संगठित रूपमा विकास गरे । उनकै प्रशिक्षणमा पिएसजीले युरोपियन, फ्रेन्च लिग वान तथा सुपर कप उपाधि जित्यो ।

युवा फुटबलर ओस्माने डेम्बेलेले व्यक्तिगत प्रमुख दुई उपाधि हात पारेका छन् । उनले बालोन डी अर र फिफा वर्ष खेलाडीको उपाधि जिते । फिफा क्लब विश्वकपको फाइनलमा पिएसजी चेल्सीसँग पराजित भए पनि उनको प्रदर्शन अब्बल थियो । इंग्लिस प्रिमियर लिगमा जर्मन प्रशिक्षक जर्गेन क्लोजले छाडेको वर्ष नै क्लबले इंग्लिस प्रिमियर लिगको उपाधि जित्यो । स्पेनमा बार्सिलोनाले रियल म्याड्रिडको दबदबा चिर्दै स्पेनिस ला लिगाको उपाधि हात पाऱ्यो । प्रशिक्षक हान्सी फिलकले आफ्नो पहिलो कार्यकालमै बार्सिलोनालाई ला लिगाको च्याम्पियन बनाउन सफल भए ।

क्याप नाउको नयाँ रंगशालामा फिलकको सिजन सोचेभन्दा नै दमदार बनेको थियो । युरोपियन शीर्ष लिगमा फ्रान्सका यामिन यामल चर्चामा रहे । रियल म्याड्रिड भने यस वर्ष उपाधिविहीन बन्यो । कार्लो एन्सेलोटीपछि प्रशिक्षक बनेका सावी अलोन्साको प्रशिक्षणमा रहेको म्याड्रिड च्याम्पियन्स लिगको क्वार्टरफाइनल र क्लब विश्वकपको सेमिफाइनलमा पिएसजीबाट पराजित भयो । जर्मनमा बायर्न म्युखिनले बुन्डेस लिगाको उपाधि रक्षा गऱ्यो । नेपोलीले इटालीको सिरिएको विजेता बन्यो । फिफाले क्लब विश्वकपमा संख्या बढाउँदा ब्राजिलका पाँच क्लबले क्वार्टरफाइनल स्थान बनाएका थिए । यसैगरी, एसियन क्लब अल हिलाल पनि क्वार्टरफाइनलमा पहिलोपटक पुगेको थियो ।

युरोपियन क्षेत्रका अर्जेन्टिनी लियोनल मेसी तथा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो पनि चर्चामै रहे । अमेरिकाको इन्टर मियामी क्लबबाट व्यावसायिक फुटबल खेलिरहेका मेसीले क्लबलाई उपाधि दिलाउन सफल भए । रोनाल्डोले साउदी प्रो लिगमा अल नासरलाई उपाधि दिलाउन नसके पनि क्लबको विश्वभरि ब्रान्डिङ गर्न सफल रहे । महिलातर्फ इंग्ल्यान्डले स्पेनलाई हराउँदै युरोपियन च्याम्पियनसिप जितेको थियो ।

क्रिकेट : यस वर्ष ठुला अन्तर्राष्ट्रिय खेल आयोजना भएनन् । टेस्ट, एकदिवसीय, टी-२० आई तथा टी-२० फ्रेन्चाइज लिगहरू भए ।



च्याम्पियन, हार र जितको नतिजाभन्दा पनि यस वर्ष चर्चित क्रिकेटरको सन्यास प्रमुख घटनाका रूपमा रहेको छ । भारतका विराट कोहलीले सन् २०२५ मै टेस्टबाट सन्यासको घोषणा गरे । उनले एक वर्षको अन्तरमा टी-२० र टेस्ट करिअरबाट सन्यास लिएका हुन् । विराटले टेस्टमा एक सय २३ खेलमा नौ हजार दुई सय ३० रन बनाएका छन् । उनले यस विधामा ३० शतक र ३१ अर्धशतकीय इनिङ्स खेले । भारतीय क्रिकेटमा अर्को प्रमुख ब्याट्सम्यान रोहित शर्माले पनि अप्रत्याशित रूपमा टेस्टबाट सन्यास लिए ।

उनले भारतबाट ६७ टेस्टमा चार हजार तीन सय एक रन बनाउँदा १२ शतक र १८ अर्धशतक प्रहार गरेका छन् । न्युजिल्यान्डका चर्चित क्रिकेटर मार्टिन गुप्तिलले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास घोषणा गरे । उनले ४७ टेस्टमा हजार पाँच सय ८६ रन बनाउँदा तीन शतक र १७ अर्धशतक प्रहार गरे । श्रीलंकाका दिमुथ करुणारत्नेले पनि गत फेब्रुअरीमा अन्तर्राष्ट्रिय खेल जीवनबाट सन्यास घोषणा गरे । उनी श्रीलंकाबाट एक सय टेस्ट खेल्ने सातौँ क्रिकेटर हुन् । भारतका ऋद्धिमान साहले गत फेब्रुअरीमा र बंगलादेशका ब्याट्सम्यान तामिम इक्बालले १० जनवरीमा सन्यासको घोषणा गरे । सन् २०२५ मा वेस्ट इन्डिजका प्रमुख खेलाडीहरूले अप्रत्याशित रूपमा सन्यास घोषणा गरेका थिए । निकोलस पुरन प्रमुख हुन् । दक्षिण अफ्रिकाका हेन्रिक क्लासेनले गत जुनमा सन्यास लिँदा कसैले पत्याउन सकेनन् ।

यसैगरी, अस्ट्रेलियाका पूर्वकप्तान स्टिभ स्मिथले मार्चमा एकदिवसीय विधाबाट सन्यास लिए । च्याम्पियन्स ट्रफीको सेमिफाइनलमा अस्ट्रेलियन भारतसँग हारेपछि उनले सन्यास लिएका हुन् । अस्ट्रेलियाकै ग्लेन म्याक्सवेलले पनि जुनमा अप्रत्याशित रूपमा एकदिवसीयलाई बिदा गरे । उनी टी-२० आईमा भने सक्रिय छन् । एकदिवसीयमा म्याक्सवेलले चार शतक र २३ अर्धशतकीय इनिङ्स खेलेका छन् । यसैगरी, अस्ट्रेलियालाई सन् २०१५ र सन् २०२३ को एकदिवसीय विश्वकपको उपाधि दिलाएका प्रमुख खेलाडी मार्कस स्टोनिसले पनि सन्यास लिए ।

टेनिस : खेलाडीहरू सबैभन्दा व्यस्त हुने खेल टेनिस हो । सन् २०२५ मा पुरुषतर्फ दुई खेलाडी अगाडि रहे । स्पेनका कार्लोस अल्काराज तथा



इटालीका जानिक सिनरबिच उपाधिको होडबाजी चलेको थियो । अल्काराज लगातार दोस्रो वर्ष नम्बर एक खेलाडी बने । उनले फ्रेन्च तथा युएस ओपन हात पारे । सिनरसँग उनी विम्बल्डन टेनिसको फाइनलमा पराजित भए । एटिपी टुरअन्तर्गत अल्काराजले तीन प्रमुख उपाधि जितेका छन् । समग्रमा उनले यस वर्ष ११ एकल उपाधि जित्दा ११ पटक फाइनल स्थान बनाए । जनवरीदेखि डिसेम्बरसम्म अल्काराजले दुई करोड १३ लाख ५४ हजार अमेरिकन डलर आम्दानी गरे ।

अल्काराजका प्रतिद्वन्द्वी सिनरले अस्ट्रेलियन तथा विम्बल्डन ओपन जिते । इटालीका एन्ड्रेय भासोरीले सात एकल उपाधि हात पारे । इंग्ल्यान्डका जुलियन कास र लोयड ग्लासपोलले समान सात उपाधि जिते । जानिकले ६ फाइनलको ट्रफी हात पारे । महिलातर्फ भने आर्यानका सावेलान्काले नम्बर एक खेलाडी रक्षा गरेकी छिन् । सन् २०२५ को सत्रमा युएस ओपनसँगै दुईवटा एटिपी उपाधि हात पारिन् । यस वर्ष उनी अस्ट्रेलियन तथा फ्रेन्च ओपनकी उपविजेता बनिन् । करिअरकै उत्कृष्ट फर्ममा रहेकी सावेलान्काले नौ फाइनल खेल्दा चारवटा रक्षा गर्न सफल भइन् ।

महिलामा माडिसन केयसले अस्ट्रेलियन ओपन, कोको गौफले फ्रेन्च तथा इगा स्विटेकले विम्बल्डन ग्रान्डस्लाम जिते ।

खोखो विश्वकप : भारतमा आयोजना भएको खोखो विश्वकपमा नेपालका पुरुष तथा महिलाले इतिहास रच्दै फाइनल स्थान बनाए ।



तर, आयोजक भारतसँग नेपालले दुवै फाइनल गुमाएको थियो । नेपाली खेलकुदको ६ दशक लामो इतिहासमा कुनै पनि खेलमा विश्वकपमा सहभागी हुँदै फाइनलसम्मको यात्रा तय गरेको यो पहिलोपटक थियो । नेपालको महिला टोली भारतसँग ७८-४० ले पराजित भयो । पुरुषतर्फको फाइनलमा भारतले नेपाललाई ५४-३६ ले हरायो । प्रतियोगितामा पुरुषतर्फ २० र महिलातर्फ १९ टोली सहभागी थिए ।

दृष्टिविहीन विश्वकप क्रिकेट : पहिलो दृष्टिविहीन महिला टी-२० विश्वकप क्रिकेटमा पहिलोपटक नेपालले फाइनलमा स्थान बनायो । श्रीलंकाको कोलम्बोमा भएको उपाधि भिडन्तमा



भारतसँग नेपाल सात विकेटले पराजित हुँदा उपविजेतामै सीमित भयो । नेपालले दिएको एक सय १५ रनको लक्ष्य भारतले १२.१ ओभरमै पूरा गऱ्यो । भारतलाई उपाधि दिलाउने क्रममा फुला सरेनले अविजित ४४ र करुना कुमारीले ४२ रन बनाए । नेपालले सेमिफाइनलमा पाकिस्तानलाई सात विकेटले पराजित गरेको थियो । फाइनलमा नेपालकी सरिता घिमिरेले सर्वाधिक ३३ रन बनाइन् ।

प्रशिक्षक टमाटासहित पाँच खेलकर्मी राखेपका सदस्य नियुक्त

क्रिकेटका प्रशिक्षक जगत टमाटासहित शान्तकुमार मेहता, कुमार लामा घिसिङ, राजेश खड्का र प्रयास कार्की राखेपको बोर्ड सदस्य

नयाँ पत्रिका

लगातार चार दशक क्रिकेटमै सक्रिय रहेका पूर्वखेलाडी तथा प्रशिक्षक जगत टमाटा शुक्रबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) का बोर्ड सदस्यमा मनोनीत भएका छन् । खेलकुदमन्त्री बब्लु गुप्ताले शुक्रबार मन्त्रालयमै आयोजित कार्यक्रममा टमाटालाई बोर्ड सदस्य बनाएका हुन् । उनीसँगै थप चारजना राखेपका बोर्ड सदस्य बनेका छन् । मन्त्री गुप्ताले राखेपको रिक्त ६ मध्ये पाँच सदस्यको पदपूर्ति गरेका छन् । टमाटासहित एथ्लेटिक्सका शान्तकुमार महता, तेक्वान्दोका कुमार लामा घिसिङ, राजेश खड्का र प्रयास कार्की चार वर्षका लागि मनोनयन भएका छन् ।

बोर्ड सदस्य बनेकामध्ये टमाटा सबैभन्दा हाई प्रोफाइलका हुन् । टमाटा क्रिकेट तथा हक्की खेलका पूर्वखेलाडीसमेत हुन् । उनी लगातार डेढ दशकदेखि प्रशिक्षणमा व्यस्त छन् । राष्ट्रिय टोलीदेखि फ्रेन्चाइज लिगमा समेत उनी आबद्ध भएर काम गरिसकेका छन् । उनी राखेपका पूर्वमुख्य क्रिकेट प्रशिक्षक पनि हुन् । सन् २०११ एसिसी यू-१९ कपमा नेपाल उपविजेता हुँदा उनी नै प्रशिक्षक थिए । नेपालले सन् २०१२ मा आईसिसी यू-१९ विश्वकप खेल्दा भने उनी सहायक प्रशिक्षक थिए ।



नेपालको उमेर समूहको क्रिकेटमा अन्तर्राष्ट्रिय सफलता दिलाएका टमाटाले सन् २०१५ को एसियन छनोटमा टोलीलाई विजेता बनाएका थिए । यू-१९ को एसियन च्याम्पियन बनेपछि नेपाल सन् २०१६ को आईसिसी यू-१९ विश्वकपमा छनोट भयो । बंगलादेशमा भएको विश्वकपमा नेपाल क्वार्टरफाइनलसम्म पुगेको थियो । आठ वर्षपछि नेपाल यू-१९ विश्वकपमा छनोट हुँदा उनी नै टोलीका मुख्य प्रशिक्षक थिए । सन् २०२४ मा आईसिसी टी-२० विश्वकप खेल्दा पनि टमाटा सहायक प्रशिक्षक थिए ।

नेपाललाई एकदिवसीय मान्यता दिलाएका प्रशिक्षक

सन् २०१८ मा नेपाली पुरुष टोलीले एकदिवसीय मान्यता पाउँदा टमाटा नै मुख्य प्रशिक्षक थिए । जिम्बाबेमा भएको एकदिवसीय विश्वकप ग्लोबल छनोटमा नेपालले शीर्ष ६ स्थान रक्षा गरेपछि चार वर्षका लागि एकदिवसीय मान्यता पाएको थियो । उनले महिला सिनियर टोली पनि सम्हालिसकेका छन् । उनी ०७८ मा नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गर्ने एनएसजेएफ स्पोर्टस् अवार्डमा दशकको उत्कृष्ट प्रशिक्षकबाट समेत सम्मानित भएका थिए । अहिले उनी नेपाल प्रिमियर लिग (एनपिएल)मा सुदूरपश्चिम रोयल्सका मुख्य प्रशिक्षक हुन् । उनकै प्रशिक्षणमा सुदूरपश्चिमले लगातार दोस्रोपटक फाइनल स्थान पक्का गरेको थियो । तर, उनले सुदूरपश्चिमलाई दुवै अवसरमा विजेता बनाउन सकेनन् । नेपालमा भएका फ्रेन्चाइज लिगमा उनले एभरेस्ट प्रियिमर लिगमा सगरमाथा लिजेन्ड्सलाई पनि प्रशिक्षण दिएका थिए ।

यस्ता छन् अन्य चार सदस्य

रग्बी संघका बोर्ड सदस्य मेहता, नेपाल एसोसिएसन अफ चार्फ्टिड एजेन्सिज (नारा)बाट खड्का, तेक्वान्दोबाट घिसिङ र उद्योग वाणिज्य महासंघको सिफारिसमा प्रयास कार्की चयन भएको मन्त्री गुप्ताका स्वकीय सचिव विनोद रिमालले जानकारी दिएका छन् । परम्परागत, साहासिक र पर्यटकीय खेल क्षेत्रको प्रतिनिधित्व हुने गरी खड्कलाई ल्याएको हो । यसअघि मन्त्री गुप्ताले जेन-जी प्रतिनिधिलाई पनि नियुक्त गर्ने बताएका थिए । तर, रिक्त रहेका पाँच सदस्यले जेन-जीको प्रतिनिधित्व गरेका छैनन् । अब बोर्ड सदस्य रिक्त रहेकोमध्ये एकजना महिला राष्ट्रिय खेल संघको सिफारिसमा नियुक्त हुन बाँकी छ । नियुक्त भएका पाँचैजनालाई मन्त्री गुप्ताले शुक्रबारै शपथ खुवाएका छन् । यसअघि ६ जना बोर्ड सदस्यको पदावधि समाप्त भएपछि पाँचजनाको पदपूर्ति गरिएको हो ।

बिपिएल लिगको पहिलो खेलमै सन्दीपले लिए दुई विकेट



काठमाडौं/ पहिलो सिजनको बंगलादेश प्रिमियर लिगको उद्घाटन खेलमा नेपालका लेग स्पिनर सन्दीप लामिछानले दुई विकेट लिएका छन् । सन्दीप आबद्ध राजशाही वारियर्सले सिलेट टाइटन्स प्रतिस्पर्धा गरेको थियो । स्पिन बलरलाई सहयोग नगरेको पिचमा उनले ४३ रन खर्चेर दुई विकेट हात पारेका हुन् । उनले ७ बल डट फ्याँक्दा दुई चौका र तीन छक्का खाए । सन्दीपले इनिङ्सको ८.२ ओभरमा हर्जातुल्लाह जजाइलाई २० रनमा मुस्फिकर रहिमबाट स्टम्पिङ गराए । त्यसअघि सिलेटका ओपनर रोनी तालुकदारलाई १२.६ ओभरमा ४१ रनमा बोल्ड गरे । सन्दीपले आफ्नो पहिलो खेलमा नौ रनरेटमा बलिङ गरेका थिए ।

प्रतिस्पर्धामा टस जितेर राजशाहीले फिल्डिङ रोजेको थियो । पहिले ब्याटिङ अवसर पाएको सिलेटले २० ओभरमा चार विकेटको क्षतिमा एक सय ९० रनको विशाल योगफल बनाएको थियो । प्रत्युत्तरमा एक सय ९१ रनको लक्ष्य राजशाहीले १९.४ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । राजशाहीका लागि नाजमुल हुसेन सान्तोकोले एक सय एक रनको अविजित योगदान दिए । उनले ६० बलमा १० चौका र पाँच छक्का प्रहार गरेका थिए । मुस्फिकर रहिमको ५१ रन जोड्दा ३१ बलमा चार चौका र दुई छक्का हिर्काए । लिगमा राजशाही र सिलेटसहित ६ टोलीले भाग लिएका छन् । भ्रष्टाचार भएको विषयमा छानबिन प्रतिवेदन तयार भएको दुई महिनापछि लिग सुरु भएको हो ।

एनभिए क्लब च्याम्पियनसिपमा पुलिसको दोहोरो जित

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले नेपाल भलिबल संघ (एनभिए) महिला तथा पुरुष क्लब च्याम्पियनसिपमा दोहोरो जित निकालेका छन् । राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा शुक्रबार सुरु भएको च्याम्पियनसिपमा पुलिसले महिला र पुरुषतर्फ जित निकालेको हो । महिलामा पुलिसले सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्लाई ३-० को सोझो सेटमा हरायो । महिलातर्फ त्रिभुवन आर्मी, पुरुषतर्फ पुलिस र हेल्प नेपाल पनि विजयी भएका छन् ।

राष्ट्रिय टोलीका खेलाडीहरू उषा भण्डारी, पुनम चन्द, रिमा कुँवर, कामना विष्ट, शान्तिकला तामाङ, कमला पुन चम्किएको प्रतिस्पर्धामा पुलिसले पहिलो सेट २५-१० ले जित्यो । त्यसपछि पुलिसले सुदूरपश्चिममाथि एकोहोरो दबाब बनाउँदै दोस्रो सेट २५-६ ले जित्यो । तेस्रो सेटमा पुलिस २५-११ ले विजयी हुँदै तीन अंक जोड्यो ।

आठ टोली सहभागी लिगमा पुलिस समूह 'बी'मा छ । अब, पुलिसले मंगलबार नेपाल एपिएफसँग खेल्नेछ । यो खेल जिते पुलिस एक अगाडि नै सेमिफाइनलमा पुग्नेछ । समूह 'बी'मा मधेश प्रदेश खेलकुद परिषद् पनि रहेको छ । काभा क्लब च्याम्पियनसिपअघि पुलिसले यो प्रतियोगिता खेल्न लागेको हो । पुरुषतर्फ पुलिसले प्रतिस्पर्धात्मक खेलमा ढोरपाटन क्लबलाई ३-१ को सेटमा हरायो । अनुभवी खेलाडी दीपकराज जोशीको साथ पाएको पुलिसले ढोरपाटनविरुद्ध पहिलो सेट



२५-२० तथा दोस्रो सेट २५-१४ ले हात पाऱ्यो ।

तेस्रो सेटमा ढोरपाटनले उत्कृष्ट कमब्याक गर्दै ३५-३३ ले जित्न सफल भयो । बराबरीतर्फ उन्मुख चौथो सेटमा पुलिसले २५-१४ ले जित्यो । पुलिसलाई दीपकसँगै भीमबहादुर गाहा, रविन नगरकोटी, पहल गहतराजजस्ता खेलाडीले राम्रो साथ दिएका थिए । समूह 'बी'मा रहेको पुलिसले आइतबार अब खिल्जी युवा क्लबलाई हराउँदा क्वार्टरफाइनलमा स्थान बनाउनेछ ।

च्याम्पियनसिपको महिलातर्फ आर्मीले एभरेस्ट भलिबल क्लबलाई ३-० को सेटमा हरायो । आर्मीले सहज जित निकाल्ने क्रममा २५-१६, २५-१४ तथा २५-२३ ले विजयी भयो । राष्ट्रिय टोलीबाट खेलिरहेकी आरती सुवेदीसहित अनुभवी जानकी भण्डारी, सुनीता खड्का, संगम महतोजस्ता खेलाडी टिममा रहँदा आर्मी खेलमा बलियो पकड बनाउन सफल भयो ।

हेल्प नेपाललाई पाकिस्तानी खेलाडीको साथ

तीन पाकिस्तानी खेलाडीको साथ पाएको हेल्प नेपालले पुरुषतर्फ विभागीय टोली एपिएफलाई ३-० को सोझो सेटमा हरायो । हेल्प नेपालले कुनै पनि समय एपिएफलाई खेलमा हाबी हुन दिएन । हेल्प नेपाल २५-२१, २५-२० र २५-२० ले विजयी भयो । हेल्प नेपालबाट पाकिस्तानका मुबासर राजा, फखर उद्दिन र मुहम्मद कासिफ नविदले प्रतिस्पर्धा गरेका थिए । एपिएफमा राष्ट्रिय टोलीबाट खेलिसकेका विनोद चन्द, महेन्द्र श्रेष्ठसँगै सैलेन्द्र यादव, रूपेन्द्र गैरेजस्ता खेलाडी थिए । हेल्प नेपालका विदेशीअगाडि घरेलु खेलाडी निरीह नै रहे । समूह 'ए'मा हेल्प नेपालले तीन अंक बटुल्यो । मणिमुकुन्द भलिबल क्लबलाई आइतबार हुने खेलमा हराउँदै क्वार्टरफाइनल स्थान पक्का गर्नेछ ।

आजका खेल

महिला

चुली युवा क्लब–न्यु डायमन्ड (बिहान ९ बजे)

एपिएफ– मधेश प्रदेश (११ बजे)

पुरुष

आर्मी–कीर्तिपुर भलिबल केन्द्र (दिउँसो १ बजे)

रुकुम पश्चिम–बुढानीलकण्ठ भलिबल (३ बजे)



दर्शकको कीर्तिमानी उपस्थिति भएकै दिन २० विकेट पतन

एजेन्सी

अस्ट्रेलिया र इंग्ल्यान्डबिचको एसेज विश्वकै प्रतिष्ठित सिरिज हो । अझ यसमा अंग्रेजी क्यालेन्डर वर्षको अन्तिम सातालाई अन्तर्राष्ट्रिय खेल जगत्मा 'बक्सिङ डे' भनिन्छ । यसै बक्सिङ डेमा अक्सर अस्ट्रेलियाली क्रिकेट संघले विभिन्न राष्ट्रसँग सिरिज आयोजना गर्छ । यसपटक संयोगले यसै अवसरमा इंग्ल्यान्ड र अस्ट्रेलियाबिचको एसेज सिरिजअन्तर्गत चौथो टेस्ट शुक्रबार मेलबर्न क्रिकेट मैदानमा (एमसिजी)मा सुरु भएको छ ।

बक्सिङ डेमा आयोजित क्रिकेटमा एमसिजी रंगशालामा दर्शकको उपस्थितिले नयाँ कीर्तिमान बनेको छ । एमसिजीमा पहिलो दिनको खेलमा ९४ हजार एक सय ९९ दर्शकले खेल हेरेका छन् । एसेज सिरिजमा अहिलेसम्मकै सर्वाधिक दर्शकको संख्या रहेको संघले जनाएको छ । दर्शकले भरपूर मनोरञ्जन लिएको टेस्टमा पहिलो दिन कुल २० विकेट पतन भएका छन् । एकै दिन अस्ट्रेलिया र इंग्ल्यान्ड आ-आफ्नो पहिलो इनिङ्समा अलआउट भए ।

समग्रमा पहिलो दिन कुल दुई सय ६६ रन बन्यो । घरेलु टोली अस्ट्रेलियाले दोस्रो इनिङ्समा ४६ रनको अग्रता लिएको छ । अस्ट्रेलियाले यसअघि नै तीन टेस्ट जित्दै एसेज सिरिजमाथि कब्जा जमाइसकेको छ । यसै एमसिसी मैदानमा सन् २०२२ मा आइसिसी टी-२० विश्वकपअन्तर्गत भारत र पाकिस्तानबिचको खेलमा ९० हजार दुई सय ९२ दर्शकको रेकर्ड बनेको थियो । अब यो रेकर्ड तोडिएको छ ।

७४.१ ओभरभित्र दुवै टोली अलआउट

अस्ट्रेलियामा भएका टेस्ट सिरिजमा दोस्रोपटक मात्र एकै दिन दुवै पक्षको पहिलो इनिङ्स अलआउट भएको छ । सन् १९५१ मा एसेजको पहिलो टेस्टमा इंग्ल्यान्ड र अस्ट्रेलिया लन्चपछि नै अलआउट भएका थिए ।

७६ वर्षपछि इंग्ल्यान्ड र अस्ट्रेलियाले आ-आफ्नो पहिलो इनिङ्समा खराब रेकर्ड राखेका छन् । यसपटक दुवै टोली समग्रमा ७४.१ ओभरमा समेटिए । एमसिजी मैदानमा पहिलो ब्याटिङ गरेको अस्ट्रेलियाले ४५.२ ओभरमा एक सय ५२ रनमा धराशायी भयो ।

घरेलु टोली कम योगफलमा अलआउट हुँदा इंग्ल्यान्डका जोस टंगुएले ११.२ ओभरमा ४५ रन खर्चेर सर्वाधिक पाँच विकेट लिएका थिए । सिरिज

अस्ट्रेलिया र इंग्ल्यान्डबिचको एसेज सिरिजअन्तर्गत शुक्रबारदेखि सुरु भएको चौथो टेस्टमा ९४ हजार एक सय ९९ दर्शकको उपस्थिति रह्यो । यसअघि एमसिजी मैदानमा भारत र पाकिस्तानबिचको खेलमा ९० हजार दुई सय ९२ दर्शकले खेल हेरेको रेकर्ड थियो ।

गुमाइसकेको इंग्ल्यान्डले चौथो टेस्टमा उत्कृष्ट सुरुवात गर्दा हौसिएको थियो । तर, आफ्नो पहिलो इनिङ्स भने इंग्ल्यान्डले अस्ट्रेलियाको भन्दा खराब गऱ्यो । इंग्ल्यान्ड पनि २९.५ ओभरमा एक सय १० रनमा सीमित भयो । अस्वाभाविक रूपमा अस्ट्रेलियाले पहिलो इनिङ्समा ४१ रनको अग्रता लियो । इंग्ल्यान्डविरुद्ध मिचेल नासेरले १० ओभरमा ४५ रन दिएर सर्वाधिक चार विकेट लिए । मिचेल स्टार्कले २३ रनमा दुई तथा स्कट बोलान्डले ३० रनमा तीन विकेट हात पारे ।

शुक्रबार साँझ ५.२८ बजे १९ विकेट पतन हुँदा दर्शकले रमाइलो मानेका थिए । तर, अस्ट्रेलियन तथा इंग्ल्यान्डका खेलाडी भने निराश थिए । बलरहरूको दिन ब्याट्सम्यानले घुँडा टेकेका थिए । खेलाडीले ड्रेसिङ रुममा गोप्य रूपमै एक-आपसमा अत्यासलाग्दो खेल भएको म्यासेज पठाए ।

पिचमा विवाद

अस्ट्रेलियन एजेन्सीहरूले अस्वाभाविक रूपमा लगातार विकेट खसेपछि पिचमाथि शंका गरेका छन् । उनीहरूले घरेलु टोलीका बलरलाई उपयुक्त हुने किसिमको पिच बनाएको दाबी गरेका छन् । तर, अस्ट्रेलियनहरू आफूले खनेको खाल्डोमा आफैं परेको दाबी फोक्सले गरेको छ । 'हामीलाई यस पिचमा विवाद गर्न मन लागेको छ । पछिल्लो सात वर्षमा एमसिजीको यसै पिचमा उत्कृष्ट खेल हेरियो, तर दिक्कलाग्दो खेल कहिल्यै देखिएन,' फोक्सले भनेको छ, 'कुनै समयमा ब्याट्सम्यानले स्ट्रोक लगाउने अपेक्षा थियो । बलर हाबी भएका दिनमा उनीहरूले केही पनि गर्न सकेनन् ।'

एमसिजी मैदानमा खेलाइएको पिचमा केवल १० एमएमको घाँस थियो । अघिल्लोपटक १४ एमएमको घाँस गरेको फोक्सले जनाएको छ । 'घाँसको मापन हेर्दा यो ब्याट्सम्यानभन्दा फास्ट बलरका निमित्त बनेको देखिन्छ,' फोक्स एजेन्सीले भनेको छ, 'एक साताको अन्तरमा यस पिचमा धेरै परिवर्तन भएको देख्न पाएका छौं ।' अस्ट्रेलियनले बक्सिङ डेमा फाइदा लिने उद्देश्यले पिच बनाएको विश्लेषकको भनाइ छ । प्रतिस्पर्धामा इंग्ल्यान्डका ह्यारी ब्रुकले सर्वाधिक ४१ रन जोड्दा ३५ बलमा समान दुई छक्का र चौका प्रहार गरेका थिए । इंग्ल्यान्डको ब्याटिङमा आठ ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । अस्ट्रेलियाको ब्याटिङमा भने मिचेल नासेरले ४९ बलमा सात चौकाको सहयोगमा ३५ रन बनाएका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com